सातै प्रदेशबाट प्रकाशित पहिलो राष्ट्रिय दैनिक

नयाँ पत्रिका

nayapatrikadaily.com

५ माघ २०८०, शुक्रबार (19 Jan 2024, Friday) ■ नेपाल संवत् ११४४ ■ वर्ष १७ ■ अंक २७० ■ पृष्ठ १२ nayapatrikaofficial @NAYA_PATRIKA मूल्य रु. १०/-

पाँच मुलुकमा प्रहरी सहचारी राख्ने प्रस्ताव १० वर्षदेखि अलपत्र

अपराध अनुसन्धानमा समस्या झेल्दै प्रहरी



● **दानबहादुर कार्की**
सहप्रवक्ता, नेपाल प्रहरी



खाडी मुलुकमा नेपाली श्रमिक धेरै छन् । मलेसियामा पनि नेपाली उत्तिकै धेरै छन् । युरोपका मुलुकमा पनि नेपालीको संख्या अधिक देखिन्छ । त्यससँगै प्रहरीसँग सम्बन्धित समस्या बढेका छन् । स-साना कानुनी अड्चन हुँदा पनि नेपालीले दुःख पाउनुपर्ने अवस्था छ । योसँगै ठूला प्रकृतिका अन्तरदेशीय अपराधका घटना भएका छन् । जसले नेपाललाई क्षति पुऱ्याइरहेको छ । जुन अनुसन्धान हुन जरुरी छ । यसैका लागि भनिएको हो, प्रहरी सहचारी ।

- २४ वर्षअघि पनि प्रहरी सहचारी राख्ने प्रयास
- भारतमा नाम मात्रैको प्रहरी सहचारी
- नेपालमा सबै ठूला मुलुकका प्रहरी सहचारी

टेकराज थामी/नयाँ पत्रिका

नेपाल प्रहरीमा भदौ ०६९ देखि कात्तिक ०७० सम्म कुवेरसिंह राना प्रहरी महानिरीक्षक थिए । त्यसपछि उपेन्द्रकान्त अर्याल, प्रकाश अर्याल, सर्वेन्द्र खनाल, ठाकुरप्रसाद ज्ञवाली, शैलेश थापा क्षेत्री, धीरजप्रताप सिंह र वसन्तबहादुर कुँवर (हाल) प्रहरी महानिरीक्षक भए । तर, १० वर्षअगाडि रानाको कार्यकालमा अगाडि बढेको एउटा प्रस्ताव अहिलेसम्म अलपत्र छ ।

प्रस्ताव हो- पाँच मुलुकमा प्रहरी सहचारी राख्ने । नेपाल प्रहरीले संयुक्त अरब इमिरेट्स (युएई), मलेसिया, चीन, स्पेन र अमेरिकाको न्युयोर्कस्थित संयुक्त राष्ट्रसंघका लागि नेपालको स्थायी कार्यालयमा प्रहरी सहचारी राख्न सरकारसमक्ष प्रस्ताव गरेको थियो । तर, उक्त प्रस्ताव कार्यान्वयनमा आएन ।

प्रत्येक आइजीले प्रस्तावित मुलुकमा प्रहरी सहचारी राख्न सरकारसँग माग गर्दै आएका छन् । हालका आइजी कुँवरले पनि गत १ भदौमै प्रस्तावित मुलुकमा सहचारी राख्न गृह मन्त्रालयमार्फत सरकारलाई पत्राचार गरेका छन् । तर, माग सुनुवाइ हुन सकेको छैन ।

नेपाल प्रहरीका केन्द्रीय सहप्रवक्ता एसएसपी दानबहादुर कार्कीले तत्कालीन आइजिपी रानाकै पालामा विभिन्न पाँच मुलुकमा प्रहरी सहचारी राख्ने प्रस्ताव भएको, तर त्यो अभैसम्म कार्यान्वयनमा नआएको बताए । 'नेपाल प्रहरीले विभिन्न पाँच मुलुकमा प्रहरी सहचारी राखिनुपर्ने आवश्यकता महसुस गऱ्यो । तत्कालीन आइजिपी कुवेरसिंह रानाको पालामा संयुक्त अरब इमिरेट्स, मलेसिया, चीन, स्पेन र अमेरिकाको न्युयोर्कस्थित संयुक्त राष्ट्रसंघका लागि नेपालको स्थायी कार्यालयमा प्रहरी सहचारी राख्न सरकारसमक्ष प्रस्ताव भयो । तर, त्यो प्रस्ताव हालसम्म पनि कार्यान्वयनमा आउन सकेको छैन,' उनले भने ।

वैदेशिक रोजगार विभागको तथ्यांकअनुसार

» पृष्ठ ११ मा क्रमशः

किन आवश्यक छ प्रहरी सहचारी ?

- अन्तर्राष्ट्रिय अपराध अनुसन्धानका विशेष क्षेत्रमा सूचना संयन्त्र विकास गर्ने तथा विभिन्न देशमा प्रहरी संयन्त्र स्थापना गर्न
- नेपालीको घनत्व बढी भएको मुलुकसँग कूटनीतिक सन्तुलन कायम गर्न
- वैदेशिक रोजगारीको सिलसिलामा विदेशमा रहेका नेपालीको सुरक्षा तथा नेपालीमाथि हुने अपराध तथा नेपालीले सम्बन्धित देशमा रहँदा गर्न सक्ने आपराधिक कार्य अभिलेखीकरण गर्न
- विभिन्न मुलुकमा नेपाली विद्यार्थीको संख्या वृद्धि भएको हुँदा आफ्ना नागरिकविरुद्ध अपराध रोकथाम तथा नियन्त्रण गरी समन्वय कायम गर्न
- संयुक्त राष्ट्रसंघको स्थायी प्रतिनिधिले राष्ट्रसंघका विभिन्न निकायसँग हाल समन्वय गरिरहेको अवस्थामा प्रहरी प्रतिनिधिमार्फत प्रभावकारी समन्वय गर्न

प्रहरी सहचारी राख्न परराष्ट्रको आनाकानी

प्रहरी सहचारी राख्न छुट्टै दरबन्दी सिर्जना गरिनुपर्छ । जुन काम सम्बन्धित दूतावासको हो । दूतावास परराष्ट्र मन्त्रालयअन्तर्गत रहन्छ । तर, परराष्ट्र दूतावासमा प्रहरी सहचारीका लागि छुट्टै दरबन्दी सिर्जना गर्न चाहँदैन न भएका प्रहरी सहचारीलाई काम गर्न सहजीकरण गरेको देखिन्छ । जस्तोः भारतमा प्रहरी सहचारीका रूपमा एसएसपी राखिएको छ । एसएसपी प्रथम श्रेणीको कर्मचारी हो । तर, दूतावासमा प्रशासन प्रमुख उपसचिव राखिएको छ । जुन द्वितीय श्रेणीको कर्मचारी हो । जसले प्रहरी सहचारीलाई कार्यसम्पादनमा असहजता सिर्जना गरिदिएको छ । प्रहरी सहचारी राख्ने विषय सम्बन्धित मुलुकको आन्तरिक मामिला हो । यसका लागि सम्बन्धित मुलुकको सम्बन्धित मुलुकमा दूतावास भएन ।

NIMB
नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लि.
NEPAL INVESTMENT MEGA BANK LTD.

विशेषमा फटाफट फैसला

आर्थिक वर्ष ०७९/८० को १२ महिनामा २७० मुद्दा मात्र फैसला भएकामा न्यायाधीशको नयाँ टिमको प्रवेशसँगै पछिल्लो डेढ महिनामै ७८ मुद्दा टुंग्याइए, सम्पत्ति शुद्धीकरणका पाँचवटै मुद्दा ठहर

■ फैसला भएका **चर्चित मुद्दा**

मदन पुरस्कार विजेता पूर्वडिआइजी महेशविक्रम शाह भ्रष्टाचारमा दोषी ठहर : प्रहरी कर्मचारीको नाममा तलबसहित सेवा-सुविधाको ३३ लाख हिनामिना

सम्पत्ति शुद्धीकरणमा हालसम्मकै सबैभन्दा बढी बिगो र जरिवाना : भारतीय नागरिकद्वय प्रमोदकुमार जयसवाललाई आठ वर्ष कैद, ४१ करोड ५१ लाख बिगो र यसको दोब्बर जरिवाना तथा पप्पु ठाकुरलाई पाँच वर्ष कैद, तीन करोड ६७ लाख बिगो र यसको दोब्बर जरिवाना

४८ वर्षदेखि लागुऔषध कारोबारमा संलग्न देवेन्द्रविक्रम छपालीले सम्पत्ति शुद्धीकरण गरेको पुष्टि : दुई वर्ष कैद सजाय, साढे ७४ लाख बिगो र बिगोको दोब्बर जरिवाना

अमेरिकामा ठगी गरी पैसा नेपाल पठाएका पंकज जोशी पनि दोषी ठहर : आफू काम गर्ने अमेरिकी स्टोरमा चिट्ठा परेको एक वृद्धको पैसा साटेर सन् २०१० मा १० लाख आठ हजार डलर पठाएका थिए नेपालको बैंकमा

बम काण्डमा जोडिएका वृजकिशोर गिरी र समसुल होदाले सम्पत्ति शुद्धीकरण गरेको पुष्टि : दुवैजनालाई जनही १२-१२ वर्ष कैद तथा २७ लाख २५ हजार रुपैयाँभन्दा बढी जरिवाना हुने फैसला

शिल्पा कर्ण/नयाँ पत्रिका

वर्षौंदेखिका विचाराधीन मुद्दाको खात लाग्ने विशेष अदालतमा न्यायाधीशहरूको नयाँ टिमको प्रवेशसँगै फटाफट फैसला आउन थालेका छन् । न्यायपरिषद्ले न्यायाधीशको नयाँ टिम सरुवा गरेयता डेढ महिनामै विशेषले ७८ मुद्दाको फैसला गरेको हो । गत आर्थिक वर्षको १२ महिनामा २०७ मुद्दा मात्रै फर्स्योट भएका थिए । पछिल्लो डेढ महिनामा भएको मुद्दा फर्स्योट दर गत वर्षको यही समयावधिको तुलनामा तीन गुणाले बढी हो ।

न्यायपरिषद्ले ५ मंसिरमा विशेषको अध्यक्षमा श्रीकान्त पौडेल तथा सदस्यहरूमा तेजनारायणसिंह राई, रामबहादुर थापा, मुरारीबाबु श्रेष्ठ र रितेन्द्र थापालाई सरुवा गरेको थियो । राई उच्च अदालत राजविराज, रामबहादुर थापा धनकुटा, श्रेष्ठ पाटन र रितेन्द्र थापा विराटनगरमा कार्यरत थिए । सबै न्यायाधीशले १८ मंसिरदेखि मुद्दा हेर्न थालेका थिए । फैसला

» पृष्ठ ११ मा क्रमशः

विशेष अदालतमा
न्यायाधीश टिम

५ मंसिरमा सरुवा भएका न्यायाधीशले १८ मंसिरदेखि हेर्न थालेका थिए मुद्दा



अध्यक्ष
टेकनारायण कुँवर

सदस्यहरू



डा. खुसीप्रसाद थारू | तेजनारायणसिंह राई



रामबहादुर थापा | मुरारीबाबु श्रेष्ठ | रितेन्द्र थापा

● **धनबहादुर कार्की**, उपरजिस्ट्रार, विशेष अदालत



दुई वर्षभन्दा पुराना मुद्दालाई यस आर्थिक वर्षको अन्त्यसम्ममा शून्यमा झार्ने लक्ष्यअनुसार काम गरिरहेका छौं । लगाउका मुद्दा धेरै हुँदा पनि संख्या बढी देखिएको हो । यी मुद्दा फर्स्योट भए पुराना मुद्दा संख्या घट्नेछ ।

■ 'हाई प्रोफाइल' प्रतिवादी रहेका दुई मुद्दा तीन दिनदेखि हेर्दाहिँदैमा

नवराज मैनाली/नयाँ पत्रिका

विशेष अदालतमा पूर्वसांसद इच्छाराज तामाङसमेत ६ जना प्रतिवादी रहेको सम्पत्ति शुद्धीकरणसम्बन्धी मुद्दा र पूर्वमन्त्रीहरू तथा उच्चपदस्थ कर्मचारीहरूसमेत प्रतिवादी रहेको ललितानिवास प्रकरणको मुद्दा तीन दिनदेखि हेर्दाहिँदैमा राखेर सुनुवाइ भइरहेको छ । मंगलबारदेखि हेर्दाहिँदैमा राखेर सुनुवाइ गरिरहेकोमा शुक्रबार पनि त्यसले निरन्तरता पाउँदै छ ।

विशेषका उपरजिस्ट्रार धनबहादुर कार्कीका अनुसार दुई महत्त्वपूर्ण र चर्चित मुद्दा सँगसँगै सुनुवाइ भएपछि विशेषमा भिडभाड पनि बढेको छ । 'दुवै मुद्दा एकैसाथ ओपन हुँदा भिड बढेको हो । भिडभाड व्यवस्थापन गर्दै छौं,' उनले भने ।

- १७५ प्रतिवादी रहेको बहुचर्चित ललितानिवास जग्गासम्बन्धी मुद्दाको चार वर्षपछि सुनुवाइ सुरु
- पूर्वसांसदसमेत रहेका सिभिल सहकारीका सञ्चालक इच्छाराज तामाङसहित ६ जना प्रतिवादी रहेको मुद्दाको पनि सुनुवाइ चल्दै

दुवै मुद्दा सँगसँगै सुनुवाइ हुँदा कतिपय कानुन व्यवसायी दुवै मुद्दामा रहेका कारण मंगलबार खाना समयपछि मात्रै इच्छाराज तामाङ प्रतिवादी रहेको मुद्दामा सुनुवाइ सुरु भएको थियो । त्यस्तै, तामाङको सहकारीबाट पीडितहरू पनि विशेषको सुनुवाइमा पुगेका छन् ।

सम्पत्ति शुद्धीकरण अनुसन्धान विभागले १६ भदौ ०७९ मा सिभिल सहकारीका सञ्चालक तथा अध्यक्ष इच्छाराज तामाङमाथि मुद्दा दायर गरेको थियो । जसमा सिर्जना शाक्य, प्रतीक्षा तामाङ, प्रतिष्ठा तामाङ, केशवलाल श्रेष्ठ र मीनाकुमारीलाई प्रतिवादी बनाइएको छ । इच्छाराजविरुद्ध तीन अर्ब ३१ करोड रुपैयाँभन्दा बढी बिगो माग दाबी गरिएको छ ।

उनीविरुद्धको ठगीको मुद्दा हाल जिल्ला अदालत काठमाडौंमा विचाराधीन

» पृष्ठ ११ मा क्रमशः

तीन तहका सरकारबीच अधिकारको अन्योल स्पष्ट गर्न कार्य विस्तृतीकरण परिमार्जन हुँदै

सुवास भट्ट/नयाँ पत्रिका

- संघीयताको व्यावहारिक कार्यान्वयनका क्रममा संविधानले निर्दिष्ट गरेका अधिकारसूचीमा द्विविधा, अस्पष्टता र विवाद
- **मूलतः राजस्व, वन, शिक्षा, कर्मचारीलगायतका विषयमा तीन तहका सरकारबीच अधिकारक्षेत्रमा रहेको विवाद कार्य विस्तृतीकरणले हल गर्ने विश्वास**

मुलुकमा तीन तहका सरकारबीच अधिकारक्षेत्रका सम्बन्धमा देखिएको अन्योल निरूपण गर्न सरकारले कार्य विस्तृतीकरण परिमार्जन टुंग्याउन लागेको छ । संविधानले सैद्धान्तिक हिसाबले संघ, प्रदेश र स्थानीय तहको कार्य र अधिकारक्षेत्र तोके पनि व्यवहारमा कैयौं अस्पष्टता, द्विविधा र विवाद देखिएपछि त्यसको निरूपण गर्न सरकारले कार्य विस्तृतीकरणको गृहकार्य अघि बढाएको हो । प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयले यसलाई टुंग्याउने चरणमा पुऱ्याएको छ ।

राष्ट्रिय समन्वय परिषद्को गत १६ असारमा पोखरामा आयोजित पहिलो बैठकले तहगत सरकारबीच अधिकारक्षेत्रको कार्यान्वयनमा देखिएको अस्पष्टता र दोहोरोपन हटाउन ६ महिनाभित्र कार्य विस्तृतीकरण परिमार्जन गरी तीनै तहको अधिकारमा स्पष्टता ल्याउने निर्णय गरेको थियो । यही निर्णयका आधारमा सरकारले यसको गृहकार्य अघि बढाएको थियो । तर, ६ महिनाभित्र परिमार्जन गरिसक्ने भनिए पनि समय गुज्रिसक्दा पनि टुंगिएको छैन ।

परिषद् बैठकले कार्य विश्लेषणमा परिमार्जनका लागि प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयका सचिवको संयोजकत्वमा कार्य विस्तृतीकरण परिमार्जन सिफारिस समिति गठन गरेको थियो । त्यसमा विभिन्न पाँचवटा विषयक्षेत्रगत समिति बनाएर काम गरिएको थियो । ती समितिले क्षेत्रगत विषयको अध्ययन र विश्लेषणसहित प्रतिवेदन बुझाइसकेको छ । समितिले एक महिनाअघि नै प्रतिवेदन बुझाइसकेको छ ।

समितिलाई प्रदेश तहमा आयोजित अन्तर्क्रियात्मक गोष्ठी, स्थानीय तहका महासंघले तीन क्लस्टरमा गरेको अन्तर्क्रिया, विषयगत मन्त्रालयहरूले आआफ्नो क्षेत्रगत रूपमा दिएको सुझावसहित प्रतिवेदन दिएका थिए । त्यस्तै, संघीय मन्त्रालय तथा निकायहरूले आआफ्नो विषयक्षेत्रको परिमार्जनसम्बन्धी मस्यौदा पनि तयार गरेर दिएका थिए । यी प्रक्रियाबाट प्राप्त सुझावलाई समावेश गरी तयार भएको प्रारम्भिक मस्यौदा

» पृष्ठ ११ मा क्रमशः

सिंहदरबारको स्वरूप बदल्ने गुरुयोजना कार्यान्वयनतर्फ



आधा दर्जनभन्दा बढी कार्यालय हटाइँदै, सबै मन्त्रालयका आ-आफ्नै भवन, स्वास्थ्य मन्त्रालय बाहिरै रहने

(विस्तृत पृष्ठ २)

ऐनविपरीत नियमावली र निर्देशिका बनाउने पदाधिकारीलाई कारबाही प्रस्ताव



विधेयकको मस्यौदामा सांसदलाई संलग्न गराउँदा स्वार्थ बाझिने विज्ञहरूको धारणा

(विस्तृत पृष्ठ ३)

इरानमाथि पाकिस्तानको प्रत्याक्रमण, कम्तीमा नौजनाको मृत्यु

(विस्तृत पृष्ठ ७)



टेरामक्स खरिदमा मन्त्रीहरूको यस्तो भूमिका



०७३ मा खरिद प्रक्रिया सुरु भएर ०७८ मा सम्झौता हुँदासम्म शेरधन राई, मोहनबहादुर बस्नेत, गोकुल बास्कोटा र ज्ञानेन्द्रबहादुर कार्की सञ्चारमन्त्री थिए

(विस्तृत पृष्ठ ९)

नगरपालिकाबाटै राहदानी

सिराहाको मिर्चैया नगरपालिकाले निःशुल्क अनलाइन फारम भरिदिनेदेखि राहदानी बनेपछि ल्याएर वितरण गर्नेसम्मको सेवा सुरु गरेको छ, अब सेवाग्राही बायोमेट्रिक र राजस्व दाखिलाका लागि एकपटक मात्रै जिल्ला प्रशासन पुगे हुन्छ

लहानमा **मणिलाल विश्वकर्मा**


सिराहाको मिर्चैया नगरपालिकाले सेवाग्राहीलाई कार्यालयबाटै राहदानी (पासपोर्ट) वितरण सुरु गरेको छ । निःशुल्क अनलाइन फारम भरिदिनेदेखि राहदानी बनेपछि पालिकामै ल्याएर वितरण गर्नेसम्मको सेवा सुरु गरेको हो ।

अब सेवाग्राही बायोमेट्रिक र राजस्व दाखिलाका लागि एकपटक मात्रै जिल्ला प्रशासन पुगे हुन्छ । यसअघि अनलाइन फारम भर्न, बायोमेट्रिक तथा राजस्व दाखिला गर्न र राहदानी लिन गरी तीनपटकसम्म जिल्ला प्रशासन धाउनुपर्ने बाध्यता थियो ।

मिर्चैयाका मेयर श्रवणकुमार यादवले बुधबार पहिलो सेवाग्राहीका रूपमा मिर्चैया- ६ की शर्मिलाकुमारी घिमिरेलाई राहदानी वितरण गरे । घिमिरेसहित तीन सेवाग्राहीको राहदानी पालिकामै ल्याएर वितरण भइसकेको छ ।

'राहदानीका लागि अनलाइन फारम भर्नेदेखि बायोमेट्रिक, राजस्व दाखिला र राहदानी लिन तीनपल्टसम्म जिल्ला प्रशासन कार्यालय धाउनुपर्ने बाध्यता थियो, अब बायोमेट्रिक र राजस्व दाखिलाका लागि मात्रै जिल्ला प्रशासन गए हुन्छ, त्यो पनि पालो आएपछि नगरपालिकाले नै जानकारी गराइदिन्छ,' मेयर यादवले भने, 'नगर क्षेत्रका नागरिकलाई राहदानीसम्बन्धी कामका लागि तीनपल्टसम्म सदरमुकाम धाउँदा लाग्ने भाडा, खाजाखर्च जोगिएको छ ।' उनका अनुसार पालिकामा फारम भरिसकेपछि बायोमेट्रिक र राजस्व बुझाउनका लागि हप्ता दिनभित्र पालो आउँछ । जिल्ला प्रशासनसँगको

» पृष्ठ ११ मा क्रमशः



मिर्चैया नगरपालिकामा राहदानी बनाउन सेवाग्राहीको अनलाइन फारम भरिदिँदै कर्मचारी । नगरपालिकाले राहदानीका लागि निःशुल्क अनलाइन फारम भर्ने व्यवस्था गरिदिएको छ भने राहदानी विभागबाट बनेर आएका राहदानी जिल्ला प्रशासनको सहकार्यमा पालिकामै वितरण थालिएको छ । तर, बायोमेट्रिक र राजस्व दाखिलाका लागि सेवाग्राहीले एकपटक भने प्रशासन पुग्नुपर्छ । यसअघि राहदानीका लागि तीनपटक प्रशासन पुग्नुपर्ने बाध्यता थियो ।

अन्य पालिकाले पनि माग गरे अनुमति दिन्छौं : प्रजिअ पाण्डे

सिराहाका प्रमुख जिल्ला अधिकारी राजेन्द्रदेव पाण्डेले जिल्लाका अन्य पालिकाले पनि राहदानीको अनलाइन फारम भर्न र वितरणका लागि सहजीकरण गर्ने गरी माग गरेमा अनुमति दिने बताए । अनलाइन फारम भर्ने र बनेर आएको राहदानी वितरणको सहजीकरण पालिकाले नै गर्ने भए पनि बायोमेट्रिकका लागि राहदानी विभाग, जिल्ला प्रशासन कार्यालय र इलाका प्रशासन कार्यालयमा मात्र हुने भएकाले राजस्व दाखिला र बायोमेट्रिक गर्न जिल्ला प्रशासनमै धाउनुपर्ने उनले बताए । 'पालिकाले अनलाइन फारम भरेर विभागमा पठाएको हप्ता दिनभित्र जिल्ला प्रशासनमा आएर बायोमेट्रिकसहित राजस्व बुझाएपछि उपलब्ध हुने राहदानी पालिकाकै कर्मचारीले समन्वय गरी सुरक्षित रूपले पालिकामा लगेर सम्बन्धित व्यक्तिलाई बुझाउँछन्,' उनले भने ।



सिंहदरबारको स्वरूप बदल्ने गुरुयोजना कार्यान्वयनतर्फ

आधा दर्जनभन्दा बढी कार्यालय हटाइँदै, सबै मन्त्रालयका आ-आफ्नै भवन, स्वास्थ्य मन्त्रालय बाहिरै रहने

शिवहरि घिमिरे/नयाँ पत्रिका

देशकै मुख्य प्रशासनिक केन्द्र सिंहदरबारको स्वरूप बदल्ने गरी तयार पारिएको 'सिंहदरबार परिसरको संशोधित गुरुयोजना' कार्यान्वयनतर्फ अघि बढेको छ। गत २३ साउनमा बसेको मन्त्रिपरिषद् बैठकले गुरुयोजना पास गरेसँगै सरकारले योजनामा समेटिएका कार्यक्रम अघि बढाउन थालेको हो।

नयाँ गुरुयोजनामा मुख्यतः सिंहदबारमा तीन मन्त्रालयको भवन नयाँ बनाउने, प्रधानमन्त्री कार्यालयका लागि हेलिप्याड, मल्टिस्टोरेज पार्किङ, हराभरा पार्कलगायत संरचना निर्माण समेटिएका छन्। गुरुयोजनाअनुसार सहरी विकास मन्त्रालय, युवा तथा खेलकुद मन्त्रालय र परराष्ट्र मन्त्रालयको भवन नयाँ बन्दै छ। हाल परराष्ट्र मन्त्रालयको भवन निर्माणका लागि डिपिआर भएर निर्माण प्रक्रिया अघि बढिसकेको छ। तर, अन्य गुरुयोजना कार्यक्रममाथि भने थप अध्ययन र डिपिआर बाँकी रहेको संघीय सचिवालय निर्माण तथा व्यवस्थापन कार्यालयकी आर्किटेक्ट इन्जिनियर आकृति रिमालले जानकारी दिइन्। उनका अनुसार गुरुयोजना तयार भएर कुन कार्यालय कहाँ रहने र बन्ने विषय निर्क्योल भइसकेको छ। तर, गुरुयोजनामा समेटिएको काम कहिले पूरा हुने हो भन्ने टुंगो छैन।

अर्थ मन्त्रालयले बजेट छिटो निकासा गरिदिएमा पाँच-सात वर्षमा गुरुयोजनाले पूर्णता पाउने अनुमान गरिएको छ। 'गुरुयोजनाअनुसार काम गर्दा सिंहदरबार अहिले भइरहेको भन्दा धेरै फरक देखिनेछ। तर, यी सबै योजना सकिन धेरै समय र ठूलो लागत लाग्छ। सबै गरेर कति लागत लाग्छ भन्नेबारे थाहा पाउन अझै अध्ययन आवश्यक छ,' उनले भनिन्, 'साना कार्यालय तथा टहरा हटाएर सिंहदरबारलाई हरियाली र व्यवस्थित गर्न गुरुयोजना छिटो कार्यान्वयनतर्फ लैजानुपर्छ।' योजनाअनुसार थप



■ **आकृति रिमाल**, आर्किटेक्ट इन्जिनियर, संघीय सचिवालय निर्माण तथा व्यवस्थापन कार्यालय

गुरुयोजनाअनुसार काम गर्दा सिंहदरबार अहिले भइरहेको भन्दा धेरै फरक देखिनेछ। तर, योजना पूरा हुने समय र ठूलो लागत लाग्छ। कुल लागत कति लाग्छ भन्नेबारे अझै अध्ययन आवश्यक छ। साना कार्यालय तथा टहरा हटाएर सिंहदरबारलाई हरियाली र व्यवस्थित गर्न गुरुयोजना छिटो कार्यान्वयनतर्फ लैजानुपर्छ।

अध्ययन गर्ने र डिपिआर तयार पार्ने प्रक्रिया सहरी विकास मन्त्रालयले अघि बढाएको उनको भनाइ छ। गुरुयोजनाभित्र समेटिएअनुसार हाल परराष्ट्र मन्त्रालयको भवन निर्माणको प्रक्रियासमेत अघि बढेको छ। गुरुयोजनाअनुसार परराष्ट्र मन्त्रालयको नयाँ भवन उद्योग मन्त्रालयको साइटमा निर्माण गरिँदै छ भने भवन निर्माण गर्न स्रोत सुनिश्चितताका लागि अर्थ मन्त्रालयमा फाइल पुगेको छ।

सिंहदरबारपरिसरको क्षेत्रफल आठ सय ८१ रोपनी छ। संघीय संसद्, सर्वोच्च अदालत, चण्डी दल गणलाई दिएको जग्गाबाहेक ५२५.८ रोपनी छ। हाल सिंहदरबारको कुल क्षेत्रको ३३ प्रतिशत क्षेत्रफल भवनसहित कुनै न कुनै भौतिक संरचनाले ओगटेको छ। तर, आधा दर्जनभन्दा बढी कार्यालय र अस्थायी प्रकृतिका टहरा हटाएर २७.७४ प्रतिशत हाराहारी क्षेत्रफल खुला क्षेत्र कायम गरिनेछ। यो खुला ठाउँमा मुख्यतः हराभरा पार्क निर्माण हुनेछन्।

सबै मन्त्रालयलाई सिंहदरबारको घेराभित्र राख्ने भनिए पनि ठाउँ तथा भवन अभावका कारण स्वास्थ्य तथा जनसंख्या मन्त्रालयलाई भने पुरानै ठाउँमा



सिंहदरबारको गुरुयोजना

यथावत् राखिने भएको छ। यसअघि गुरुयोजना पास नहुँदै हालको संसद् सचिवालय रहेको भवनमा स्वास्थ्य मन्त्रालय सार्ने चर्चा चलेको थियो। अब संसद् सचिवालयका दुईवटा ब्लकमध्ये एउटा ब्लकमा वन तथा वातावरण र अर्कोमा खानेपानी मन्त्रालय बस्नेछन्। हाल खानेपानी मन्त्रालय भौतिक मन्त्रालयको भवनमा छ भने वन मन्त्रालय भूमिसुधारको मन्त्रालयमा बस्दै आइरहेको छ। एउटै ब्लकमा दुई-दुईवटा मन्त्रालय चलाउँदा साँघुरो भएको भन्दै सबै मन्त्रालयका आ-आफ्नै निजी भवन हुने गरी गुरुयोजनामा समेट्न थालिएको हो। गुरुयोजनाको सबै कार्य सहरी विकास मन्त्रालयले गर्नेछ।

मन्त्रालयले एक वर्षभित्र यी मन्त्रालयलाई आ-आफ्नो भवनमा सार्नेछ।

त्यस्तै, गुरुयोजनाअनुसार सार्न थालिएको युवा तथा खेलकुद मन्त्रालय हाल वित्त आयोगको भवनमा छ। यो मन्त्रालयका लागि पनि नयाँ भवन बनाइनेछ। हाल सहरी विकास मन्त्रालय रहेको भवन पनि खाली गरिनेछ। सो मन्त्रालयका लागि पनि नयाँ भवन निर्माण गरिनेछ। वित्त आयोगदेखि सहरी विकास मन्त्रालयसम्म मल्टिस्टोर पार्किङको व्यवस्था गरिनेछ। सहरी विकास मन्त्रालयले तयार पारेको गुरुयोजनामा हाल रक्षा मन्त्रालय रहेको अगाडि युवा तथा खेलकुद मन्त्रालयको भवन बन्नेछ। त्यस्तै, सहरी विकास मन्त्रालयको भवन रेडियो नेपालको अगाडिपट्टि रहेको जग्गामा बन्नेछ। गृह मन्त्रालयको पनि पुरानै ठाउँमा भवन निर्माणाधीन छ। परराष्ट्र मन्त्रालयको भवन उद्योग विभागको नजिकै रहेको खाली ठाउँमा बन्नेछ।

■ संवेदनशील र महत्त्वपूर्ण कार्यालय सिंहदरबारमै

गुरुयोजनाअनुसार संवेदनशील र महत्त्वपूर्ण कार्यालय सिंहदरबार घेराभित्र रहने निर्क्योल भएको छ। सर्वोच्च अदालत, राष्ट्रिय सूचना प्रविधि केन्द्र, सेनाको चण्डी दल गण, गृह मन्त्रालयको आपत्कालीन कार्य सञ्चालन केन्द्र, के-३ स्टेसन (विद्युत् स्टेसन), ग्यालरी बैठक सिंहदरबार परिसरभित्रै रहन्छन्। राष्ट्रिय अनुसन्धान विभाग, पुरातत्त्व तथा राष्ट्रिय अभिलेखालय, संयुक्त निगरानी केन्द्र, सुविधासम्पन्न पार्क, राष्ट्रिय योजना आयोग, रेडियो नेपाल, नेपाल टेलिभिजन, महानगरीय प्रहरी सिंहदरबार बटालियनलगायत कार्यालय पनि सिंहदरबारभित्र राख्ने गरी गुरुयोजना बनेको छ। यस्तै, सिंहदरबारको चारैतिर घेर्ने गरी व्यवस्थित पर्खाल लगाइनेछ। सिंहदरबार प्रवेश गर्ने तीनवटा आधुनिक गेट निर्माण हुनेछन्। राष्ट्रिय योजना आयोगको कार्यालयलाई हाल गृह मन्त्रालय बसेको ठाउँमा सारिनेछ। गुरुयोजनाअनुसार हाल सिंहदरबारभित्रै रहेका राष्ट्रिय सतर्कता केन्द्र, मुद्रण विभाग, राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग, राष्ट्रिय परिचयपत्र एवं पञ्जीकरण विभाग, प्रशासनिक अदालत, निजामती कर्मचारीको आधिकारिक ट्रेड युनियनलगायतलाई बाहिर निकालिँदै छ।

Armed Police Force, Nepal Welfare Service Center (APFNWSC)

Halchowk, Kathmandu, Nepal

Invitation for Bids

(IFB No: APF/WSC/NCB/G/02/2080/081)

Date of publication: 5th Magh, 2080

1. The Armed Police Force, Nepal Welfare Service Center invites **electronic** bids from eligible bidders for the procurement of **below mentioned Goods** under National competitive bidding -Single Stage Two Envelope procedures specified in Public Procurement Act and Regulation.
2. Under the Single Stage, Two Envelope Procedure, Bidders are required to submit simultaneously two separate envelopes, one containing (i) the Technical Bid and the other (ii) the Price Bid, as per the provision of ITB 23 of the Bidding Document.
3. Eligible Bidders may obtain further information and inspect the bidding documents at the office of **Armed Police Force, Nepal Welfare Service Center, Halchowk, Kathmandu, Nepal, telephone + 977-1-5249030 and e-mail: welfaresection@gmail.com** or may visit PPMO e-GP system www.bolpatra.gov.np/egp.
4. Bidders have to download the bidding documents for e-submission from PPMO's e-GP system www.bolpatra.gov.np/egp. Bidders should deposit the fee of bidding document in the following bank account as specified below.
   Information to deposit the cost of bidding document in Bank:
   Name of the Bank: Himalayan Bank Limited, Swoyambhu Branch, Kathmandu Nepal
   Name of Office: The Armed Police Force, Nepal Welfare Service Center
   Office Account No.: 02500944630015.
5. Pre-bid meeting shall be held at The Armed Police Force, Nepal Welfare Service Center, Halchowk, Kathmandu, Nepal at 13:00 hrs. **21st Magh, 2080.**
6. Electronic bids must be submitted to the office of The Armed Police Force, Nepal Welfare Service Center through PPMO's e-GP system www.bolpatra.gov.np/egp on or before 12:00 hrs. on **6th Falgun 2080**. Bids received after this deadline will be rejected.
7. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at **13:00** hrs on **6th Falgun 2080** at the office of Armed Police Force, Nepal Welfare Service Center, Halchowk, Kathmandu, Nepal. Bids must be valid for a period of 90 days from the date of bid opening and must be accompanied by a scanned copy of the bid security in pdf format, amounting to a minimum below mentioned respective coloum. Which shall be valid for 30 days beyond the validity period of the bid. **[i.e. Date 2081/03/03, (17th June.,2024)].**
8. The bidder may submit the bid for total contract or one contract or one package as mentioned below and offer discounts/ gross discounts. Evaluation will be done for each package, with contracts awarded based on the award combination that is of least cost to the Purchaser. The name and identification of the contracts are as follows:

S.N.	Contract ID No.	Name of Procurement	Bid security Amount NRs.	Bid Document Fee NRs.
1.	APF/WSC/NCB/G/02/001/2080/081	Supply & Delivery of Vehicle Spare Parts	158000.00	3,000/-
2.	APF/WSC/NCB/G/02/002/2080/081	Supply & Delivery of School Furniture Items	85000.00	3,000/-

NIC ASIA

एन आई सी एशिया बैंक लि.


एन आई सी एशिया बैंक लिमिटेड
रजिष्टर्ड कार्यालय: ट्रेड टावर थापाथली, काठमाडौं वडा नं. ११
फोन नं.: +९७७-१-५१११९७७/७८/८८, फ्याक्स: +९७७-१-५१११९८०
टोल फ्री नं.: १६६०-०१-७७७७१
सुझावको लागि: FB टाईप गरी ३४४८८ मा SMS पठाउनुहोस्
कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाण्डौं ।
सम्पर्क फोन.: +९७७-१-०-४२६६५२०/२२ (एक्सटेन्सन: २०८/२२२/२२५)
फ्याक्स: +९७७-०१-४२६७०६७५

गैर बैकिङ्ग सम्पत्ति बिक्री बारे ७ (सात) दिने शिलबन्दी बोलपत्र आह्वान

यस बैंकको नाममा दर्ता रहेको तपसिलमा उल्लेखित गैर बैंकिङ्ग सम्पत्ति जहाँ जे जस्तो अवस्था र परिमाणमा छ, सोही अवस्था र परिमाणमा गोप्य शिलबन्दी बोलपत्रबाट बिक्री गरिने भएकोले यो सूचना प्रकाशित गरिएको छ । तसर्थ उक्त सम्पत्ति खरिद गर्न ईच्छुक व्यक्ति/फर्म/कम्पनी/संघ संस्थाहरुले निम्न लिखित शर्त बन्देजहरुको अधीनमा रही यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिन (उक्त दिन सार्वजनिक विदा परेमा कार्यालय खुलेको दिन) भित्र गोप्य शिलबन्दी बोलपत्र पेश गर्नुहुन आव्हान गरिन्छ ।

तपसिल

क्र.सं.	गैर बैकिङ्ग सम्पत्तिको विवरण
१.	यस बैंकको नाममा मालपोत कार्यालय, बुटवल रुपन्देहीको लगतमा दर्ता कायम रहेको रुपन्देही जिल्ला केरवानी गा.वि.स. वडा नं. ८क (हाल देवदह न.पा. वडा नं. ७) स्थित कित्ता नं. २५६२, ८४८ र ४३२१ को क्षेत्रफल क्रमशः ०-०-६.२५-०, ०-०-१५-० र ०-०-८-० (विगाह) को घरजग्गा ।
२.	यस बैंकको नाममा मालपोत कार्यालय, बुटवल रुपन्देहीको लगतमा दर्ता कायम रहेको रुपन्देही जिल्ला, केरवानी गा.वि.स. वडा नं. २ क (हाल देवदह न.पा. वडा नं. २) स्थित कित्ता नं. ८३५, ८३६ र ८३७ को क्षेत्रफल क्रमशः ०-२-१४-०, ०-३-१६.७५-० र ०-२-१२-०(विगाह) को जग्गा ।
३.	यस बैंकको नाममा मालपोत कार्यालय, बुटवल रुपन्देहीको लगतमा दर्ता कायम रहेको रुपन्देही जिल्ला, केरवानी गा.वि.स. वडा नं. १घ (हाल देवदह न.पा. वडा नं. १) स्थित कित्ता नं. ३१२ को क्षेत्रफल ०-२-१०.५०-० (विगाह) को जग्गा ।
४.	यस बैंकको नाममा मालपोत कार्यालय, कावासोती नवलपरासी (बर्दघाट सुस्ता पूर्व) को लगतमा दर्ता कायम रहेको नवलपरासी (बर्दघाट सुस्ता पूर्व) जिल्ला, कावासोती गा.वि.स. वडा नं.६ क (हाल कावासोती न.पा. वडा नं.९) स्थित कित्ता नं. १०२१ को क्षेत्रफल ०-०-१५-०.५ (विगाह) को जग्गा ।
५.	यस बैंकको नाममा मालपोत कार्यालय बेलबारी मोरङको लगतमा दर्ता कायम रहेको मोरङ जिल्ला, हरैंचा गा.वि.स. वडा नं. १/ग (हाल सुन्दरहरैंचा न.पा. वडा नं. १) स्थित कित्ता नं. ३४५ को क्षेत्रफल ०-१-५-० (विगाह) को जग्गा ।
६.	यस बैंकको नाममा मालपोत कार्यालय लेखनाथ, कास्कीको लागतमा दर्ता कायम रहेको कास्की जिल्ला, शिशुवा गा.वि.स. बडा नं. ५ स्थित कित्ता नं. ५६४२, ५६३८ र ५६४० को क्षेत्रफल क्रमशः ०-५-०-०, ०-१४-३-१ र ०-३-०-३ (रोपनी) को जग्गा ।
७.	यस बैंकको नाममा भूमिसुधार तथा मालपोत कार्यालय कलैया, बाराको लगतमा दर्ता कायम रहेको बारा जिल्ला, नरही गा.वि.स. वडा नं. १ (हाल करैयामाई गा.पा. वडा नं. ८) स्थित कित्ता नं. ११४ को क्षेत्रफल ०-४-०-० (विगाहा) को जग्गा ।
८.	यस बैंकको नाममा भूमि सुधार तथा मालपोत कार्यालय पर्सा, विरगञ्जको लगतमा दर्ता कायम रहेको पर्सा जिल्ला, लंगडी गा.वि.स.वडा नं.६ (हाल धोवीनी गा.पा.वडा नं.४) स्थित कित्ता नं.८४ को क्षेत्रफल ४३७.५० वर्ग मिटरको घर/जग्गा ।
९.	यस बैंकको नाममा मालपोत कार्यालय चन्द्रनिगाहपुर, रौतहटको लगतमा दर्ता कायम रहेको रौतहट जिल्ला, गुडिबेला गा.वि.स वडा नं. ७ (हाल रौतहट जिल्ला, चन्द्रपुर न.पा. वडा नं. २) स्थित कित्ता नं. ७० क्षेत्रफल ०-९-१० (विगाह) को जग्गा ।
१०.	यस बैंकको नाममा मालपोत कार्यालय गरुडा, रौतहटको लगतमा दर्ता कायम रहेको रौतहट जिल्ला, रघुनाथपुर गा.वि.स. वडा नं. ४/क (हाल गरुडा न.पा. वडा नं. ९) स्थित कित्ता नं. ९४२ को क्षेत्रफल ०-३-० (विगाह) को जग्गा ।
११.	यस बैंकको नाममा मालपोत कार्यालय, बुटवल रुपन्देहीको लगतमा दर्ता कायम रहेको रुपन्देही जिल्ला केरवानी गा.वि.स. वडा नं. ३ ख (हाल देवदह न.पा. वडा नं. ३) स्थित कित्ता नं. ६३८, ६३९, ६४० र ६४२ को क्षेत्रफल क्रमशः ०-११-०-०, ०-२-०-०, ०-२-०-० र ०-२-१९-० (विगाह) को जग्गा ।
१२.	यस बैंकको नाममा रहेको सवारी मोडल: ISUZU Mu-X 2018 | च्यासिस नं.: M3GUCS854JBA00270 | ईन्जिन नं.: SZ7073 | सवारी दर्ता नं.: बा २१ च ८५६



लिलाम बिक्री सम्बन्धी अन्य शर्त बन्देजहरु:

१. बोलपत्र सम्बन्धी शर्तबन्देज सहितको बोलपत्र फारम बैंकको केन्द्रीय कार्यालय कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाडौंबाट रु. १,०००।- (रुपैंया एक हजार मात्र) तिरि प्राप्त गर्न सकिनेछ ।
२. प्राप्त बोलपत्रहरु बैंकले कुनै कारण नखुलाई अस्वीकार गर्न सक्ने छ ।
३. लिलाम हुने सम्पति निरीक्षण गर्नुपरेमा वा लिलाम बिक्री सम्बन्धी विस्तृत जानकारीको लागि बैंकको केन्द्रीय कार्यालय (कर्जा असुली विभाग), राधाभवन, त्रिपुरेश्वर, काठमाडौंमा सम्पर्क राख्नुहोला ।
४. माथि उल्लेखित लोकेशन म्याप केवल बिक्री गरिने घरजग्गाको स्थान पहिचानका लागि मात्र उल्लेख गरिएको हो । बिक्री गरिने घर जग्गाको नक्सा, फिल्ड नक्सा, क्षेत्रफल, नेपाल सरकार तथा सो मातहतका निकायले तोकेको मापदण्ड आदिको बारेमा बोलपत्रदाता स्वयम्ले नै चकिन गरी बोलपत्र पेश गर्नु पर्नेछ ।
५. बोलपत्र पेश गर्ने अन्तिम दिनको भोलिपल्ट दिनको ३ बजे (उक्त दिन सार्वजनिक बिदा परेमा कार्यालय खुलेको दिन सोही समय) यस बैंकको केन्द्रीय कार्यालय कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाडौंमा बोलपत्र खोलिने जानकारी गराईन्छ ।
६. बोलपत्र फारममा उल्लेखित अन्य शर्तहरु लागु हुनेछन् ।

प्रभु बैंक लिमिटेड शाखा कार्यालय अमवा, रुपन्देहीका तपसिलमा उल्लेखित ऋणी तथा जमानतकर्तालाई कर्जा चुक्ता गर्ने बारेको ३५ दिने सार्वजनिक सूचना तथा धितोमा रहेको सम्पति गोप्य शिलबन्दी बोलपत्र मार्फत् लिलाम बिक्री गर्ने बारेको ७ दिने सार्वजनिक सूचना

(सूचना प्रकाशित मिति २०८०/१०/०५ गते शुक्रबारको नयाँ पत्रिका राष्ट्रिय दैनिक)

यस बैंक (सावित सेञ्चुरी कमर्सियल बैंक लि.) बाट तपसिलमा उल्लेखित ऋणीले लिनुभएको कर्जा रकम चुक्ता भुक्तान गर्ने मिति समाप्त भईसक्दा पनि बैंकसँग गर्नुभएको सम्झौता बमोजिम कर्जा चुक्ता फछ्र्यौट नगर्नु भएकोले यस बैंकबाट पटक-पटक मौखिक तथा लिखित तर-ताकेता गर्दा समेत सोको पूर्ण बेवास्ता गरी ऋणी तथा जमानतकर्ताले कर्जा नियमित तथा चुक्ता फछ्र्यौट गर्ने तर्फ चासो नदेखाई आलटाल गरी बसेको हुँदा बैंकले कर्जा असुलीका लागि मिति २०८०/०४/०५ गते शुक्रबारको बुटवल टुडे राष्ट्रिय दैनिक पत्रिकामा कर्जा चुक्ता गर्ने बारेको ३५ दिने सार्वजनिक सूचना तथा धितोमा रहको सम्पतिको गोप्य शिलबन्दी बोलपत्र मार्फत लिलाम बिक्री गर्ने ७ दिने सार्वजनिक सूचना प्रकाशित गरिएकोमा सो सुचना बमोजिम ऋणी तथा जमानतकर्ताले कर्जा चुक्ता नगरेको र धितो बापतको सम्पत्ती लिलाम बिक्री हुन नसकेकोले कर्जा असुलीका लागि बैंकले पूनः यो सूचना प्रकाशित गरिएको छ । अतः यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र बैंकमा सम्पर्क राखी सम्झौता बमोजिम बैंकलाई तिर्न बुझाउन बाँकी सम्पूर्ण रकम चुक्ता फछ्र्यौट गर्नु गराउनु हुन ऋणी, जमानतकर्ता तथा धितोसुरक्षण धनी लगायत सम्बद्ध सबैमा सूचित गरिन्छ । यस सूचनाको समेत बेवास्ता गरी उल्लेखित समयावधिभित्र कर्जा चुक्ता फछ्र्यौट नगरेको खण्डमा ऋणी तथा जमानतकर्ता लगायत नेपाल राष्ट्र बैंकको निर्देशन बमोजिम कर्जा सूचना केन्द्रको कालोसूचीमा समाविष्ट गर्नुपर्ने सम्बद्ध सबैलाई अन्य कुनै पनि सूचना नदिई नेपाल राष्ट्र बैंकको निर्देशन बमोजिम कर्जा सूचना केन्द्रको कालोसूचीमा समावेश गर्न सिफारिस गरिने व्यहोरा जानकारी गराउँदै कर्जाको सुरक्षणको रुपमा बैंक समक्ष धितो रहेको तपसिलमा उल्लेखित सम्पत्ति जे जस्तो अवस्थामा छ सोही अवस्थामा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन,२०७३ तथा अन्य प्रचलित कानूनले दिएको अधिकार प्रयोग गरी प्रस्तुत सूचनाको म्याद भित्र प्राप्त हुन आएका गोप्य शिलबन्दी बोलपत्रको माध्यमबाट लिलाम बिक्री गरिने भएकोले उक्त सम्पत्ति के कति मुल्यमा खरिद गरी लिने हो सो खुलाई यो सूचना प्रकाशित भएको मितिले ३६ औं दिन देखि ४२ औं दिनभित्र शिलबन्दी बोलपत्र **बैंकको शाखा कार्यालय, अमवा रुपन्देहीमा** दाखिल गर्नु हुन ईच्छुक महानुभावहरु सबैको जानकारीको लागि समेत यो सूचना प्रकाशित गरिएको छ । प्राप्त बोलपत्रहरु यो सूचना प्रकाशित भएको मितिले ४३ औं दिन अर्थात **मिति २०८०/११/१८ गते शुक्रबार** (सो दिन सार्वजनिक बिदा परेमा सोको लगत्तै बैंक खुलेको पहिलो दिन) **बैंकको शाखा कार्यालय, अमवा रुपन्देहीमा** दिनको ठीक १:०० (एक) बजे खोलिने भएकोले उक्त दिन उपस्थित हुन सम्बन्धित ऋणी, सुरक्षणधनी, ईच्छुक बोलपत्रदाता तथा सम्बद्ध सबैमा अनुरोध छ । प्राप्त बोलपत्रहरु बैंकले बिना कुनै कारण दर्शाइ स्वीकार वा अस्वीकार गर्न सक्ने व्यहोरा समेत जानकारी गराईन्छ । कुनै कारणबस तपसिलमा उल्लेखित सम्पत्ति लिलाम बिक्री नभएमा सो सम्पत्ति अन्य व्यवस्था गरी बेच बिखन गर्न सक्ने वा प्रचलित कानून बमोजिम बैंकले सकार गरी लिन सक्ने व्यहोरा र उक्त सम्पत्तिबाट बैंकको सम्पूर्ण बक्यौता असूल उपर नभएमा प्रचलित कानून बमोजिम असुल उपर गरी लिईने व्यहोरा समेत जानकारी गराईन्छ ।

तपसिल

क. ऋणी तथा जमानतकर्ताको विवरण :

ऋणी : प्रदेश सरकार, ५ नं. प्रदेश, उद्योग पर्यटन वन तथा वातावरण मन्त्रालय, उद्योग वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, घरेलु तथा साना उद्योग कार्यालय, सिद्धार्थनगर रुपन्देहीमा प्राइभेट फर्म रजिष्ट्रेशन ऐन, २०१४ बमोजिम मिति २०७६/०४/१२ मा उ.द.नं. १८७८३/०७६/७७ मा दर्ता कायम भई नेपाल सरकार अर्थ मन्त्रालय, आन्तरिक राजस्व विभाग, आन्तरिक राजस्व कार्यालय, बुटवल रुपन्देहीबाट मिति २०७६/०२/१९ (अन्तशुल्क मिति २०७६/०४/०५ र मु.अ.कर मिति २०७७/०५/२४) मा करदाताको नाम शोभा पन्त मानन्धर र कारोवारको नाम द बल्याक सि रेष्टुरेन्ट भई स्थायी लेखा नम्बर (पान) दर्ता प्रमाणपत्र नं. ६१०७३७६६८ को प्रमाणपत्र प्राप्त **द बल्याक सि रेष्टुरेन्ट । रजिष्टर्ड ठेगाना :** रुपन्देही जिल्ला शुद्धोधन गा.पा वडा नं. ४ ।

प्रोप्राईटर तथा जमानतकर्ता : सोभा पन्त (मानन्धर) (ना.प्र.नं. १०६३२ जारी मिति २०५५/०४/०९ जारी गर्ने कार्यालय जि.प्र.का.रुपन्देही) । स्थायी ठेगाना : रुपन्देही जिल्ला अमवा गा.वि.स.वडा नं.४ (हाल सियारी गा.पा.वडा नं.७) । हालको ठेगाना : रुपन्देही जिल्ला शुद्धोधन गा.पा. वडा नं ४ । पति : दिलिप कुमार मानन्धर । बाबु/ससुरा : भुमि राज पन्त/सुर्यमान मानन्धर ।	**जमानतकर्ता : दिलिप कुमार मानन्धर** (ना.प्र.नं.९७५९ जारी मिति २०५६/०८/२६ जारी गर्ने कार्यालय जि.प्र.का.रुपन्देही) । ठेगाना : रुपन्देही जिल्ला शुद्धोधन गा.पा. वडा नं.४ (साविक सौ.फर्साटिकर गा.वि.स. वडा नं. १) । बाबु : सुर्यमान मानन्धर । बाजे : काजीमान मानन्धर ।

ख.लिलाम बिक्री हुने सम्पत्तिको विवरण :

१. दिलिप कुमार मानन्धरको नाममा मालपोत कार्यालय रुपन्देहीमा दर्ता श्रेष्ता कायम रहेको रुपन्देही जिल्ला सौ.फर्साटिकर गा.वि.स. वडा नं. १, नक्सा सिट नं. १क, स्थित कित्ता नं. १२५६ को क्षेत्रफल ०-०-१०-० (विघा) को घरजग्गा तथा सो घरजग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत.....१
२. ऋणी **द बल्याक सी रेष्टुरेन्टको** स्वमित्वमा रहेको चालु सम्पत्तिहरु उपर हाइपोथिकेसन सुरक्षण १

पुनश्च :

१. बोलपत्र सम्बन्धी शर्त बन्देज सहितको बोलपत्र फारम **बैंकको प्रधान कार्यालय, बबरमहल, काठमाण्डौ स्थित कर्जा असुली विभाग वा शाखा कार्यालय अमवा रुपन्देहीबाट** प्राप्त गर्न सकिनेछ ।
२. सम्पत्ति दाखेलखारेज नामसारी गर्दा नेपाल सरकारले तोके बमोजिम लाग्ने राजश्व लगायत सम्पूर्ण दैदस्तुर सकारकर्ता स्वयंले तिर्नुपर्नेछ ।
३. लिलाम हुने सम्पत्ति निरीक्षण अवलोकन गर्नु परेमा वा धितो लिलाम सम्बन्धी अन्य थप जानकारी आवश्यक भएमा **बैंकको प्रधान कार्यालय, बबरमहल, काठमाण्डौ स्थित कर्जा असुली विभाग वा शाखा कार्यालय अमवा रुपन्देहीमा** सम्पर्क राख्न सकिनेछ ।

prabhu BANK

प्रभु बैंक लिमिटेड
प्रधान कार्यालय: बबरमहल, काठमाडौं, नेपाल
फोन नं. ०१-५७१५०००

ऐनविपरीत नियमावली र निर्देशिका बनाउने पदाधिकारीलाई कारबाही प्रस्ताव

विधेयकको मस्यौदामा सांसदलाई संलग्न गराउँदा स्वार्थ बाझिने विज्ञहरूको धारणा

कमलराज भट्ट/नयाँ पत्रिका

संविधान र ऐनविपरीत प्रत्यायोजित विधायन गर्ने सरकार तथा संवैधानिक निकायका पदाधिकारीलाई कारबाही गर्नुपर्ने प्रस्ताव संसदीय समितिमा आएको छ। विधायनसम्बन्धी ऐन ल्याउन विगतमा संसद्मै रहेर अध्ययन गर्ने तथा सरकारलाई सुझाव दिएका विज्ञहरूले विधायनसम्बन्धी विधेयकमा जिम्मेवार पदाधिकारीलाई सचेत गराउनेदेखि विभागीय कारबाहीसम्मको व्यवस्था गर्न प्रस्ताव गरेका हुन्।

राष्ट्रिय सभाको विधायन व्यवस्थापन समितिको बिहीबारको बैठकमा उनीहरूले 'विधायन सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक'को मस्यौदामा सांसदहरूलाई संलग्न गराउँदा स्वार्थ बाझिने धारणा राखे। राष्ट्रिय सभाको प्रत्यायोजित व्यवस्थापन तथा सरकारी आश्वासन समितिका पूर्वसभापति एवं वरिष्ठ अधिवक्ता रामनारायण बिडारीले प्रत्यायोजनको अधिकार दुरुपयोग गर्ने सरकारी र संवैधानिक निकायका पदाधिकारीलाई सचेत गराउनेदेखि बढुवा रोक्कासम्म विभागीय कारबाहीको व्यवस्था गर्नुपर्ने बताए।

'संविधान र ऐन मिचेर निर्देशिका/कार्यविधि बनाउने पदाधिकारीलाई जवाफदेही बनाऊ,' उनले भने। प्रत्यायोजित अधिकारको दुरुपयोग भए-नभएको संसद्ले निगरानी गर्नुपर्ने र ऐनविपरीत भए बदर गरिदिनुपर्ने उनको भनाइ थियो। बिडारीले न्यायपरिषद् ऐनविपरीत न्यायपरिषद्को अध्यक्ष रहेका प्रधानन्यायाधीश विश्वम्भर श्रेष्ठले न्यायपरिषद् नियमावली संशोधन गरेर वरीयता हेरफेर गरेको उदाहरण दिँदै संसदीय समितिले बोलाएर सच्चाउन लगाउनुपर्ने र नमानेमा बदर गरिदिनुपर्ने धारणा राखे।

खाद्य अधिकार तथा खाद्य सम्प्रभुतासम्बन्धी ऐन आएको पाँच वर्षसम्म प्रत्यायोजित विधायन नआएको उदाहरण दिँदै बिडारीले यो विकृतिलाई पनि नियन्त्रण गर्नुपर्नेमा जोड दिए। 'कतिपय देशमा ऐनसँगै नियमावली पनि पेस गर्ने अभ्यास छ। तर, हाम्रोमा सरकारले मान्दैन। ३० दिन लेख्ने कि ९० दिन लेख्ने हो, एउटा टाइमलाइन राखौं। त्यो समयभित्र प्रत्यायोजन नगर्ने पदाधिकारीलाई पनि कारबाही हुने व्यवस्था गरौं,' उनले भने।

पूर्वसांसद एवं वरिष्ठ अधिवक्ता राधेश्याम अधिकारीले नेपालमा प्रत्यायोजित विधायनको अवस्था भयावह रहेको बताए। प्रत्यायोजन विधायन गर्ने मन्त्रालयलाई नै आफूले कति नियम बनाएँ भन्ने थाहा नहुने अवस्था रहेको र सरकारी संयन्त्रमै यसको रेकर्ड नरहेको उल्लेख गर्दै उनले प्रत्यायोजित विधायनको संसदीय समितिबाट निगरानी हुनुपर्ने र ऐनविपरीत भए मान्यता नदिने प्रावधानलाई ऐनमा समेट्न सुझाव दिए। ११ वटा समितिले प्रत्यायोजनको जाँच गर्न पाउने उल्लेख गर्दै उनले समितिहरूबीच



सिंहदरबारमा बिहीबार बसेको विधायन समिति बैठक।

दोहोरोपन हुन नदिन केही व्यवस्था गर्नतर्फ समितिको ध्यानाकर्षण गराए। अधिकारीले ऐन आएको यति समयभित्र प्रत्यायोजन विधायन आउने भनेर किटान गर्न पनि सुझाए। 'अरू देशको अभ्यासमा जाने हो भने नियमावली सँगै ल्याउनुपर्‍यो। होइन भने यति दिनभित्र आउने व्यवस्था गरौं, नियमावली नआई त ऐन कार्यान्वयन नै हुँदैन,' उनले भने। विधायन व्यवस्थापन समितिका पूर्वसभापति परशुराम मेघी गुरुङले सरकारी निकाय तथा संवैधानिक अंगबाट प्रत्यायोजन अधिकारको दुरुपयोग हुने प्रवृत्ति मौलाउँदै गएको भन्दै कानुनबाटै नियन्त्रण गर्न जरुरी रहेको बताए। 'सम्बन्धित ऐनले नियम बनाउने हो कि, विनियम बनाउने हो कि भन्ने तय गर्छ। यदि ऐनअनुसार गरेन वा उल्लंघन गर्‍यो भने के हुन्छ भन्ने केही न केही ऐनमा राख्नुपर्छ। पालना गर्ने दायित्व हुन्छ भनेर राखौं,' उनले भने। गुरुङले पनि ऐन बनिसकेपछि यति दिनभित्र नियमावली बन्ने व्यवस्था राखेर जवाफदेही बनाउनुपर्ने धारणा राखे।

नेपाल कानुन आयोगका पूर्वअध्यक्ष माधव पौडेलले ऐन जारी भए पनि लामो समयसम्म लागू नहुने अवस्था रहेको भन्दै कानुनमै ऐन कार्यान्वयनका लागि यति दिनभित्र प्रत्यायोजन विधायन गर्ने भनेर लेख्नुपर्ने बताए। उनले ऐनमा लालमोहर लागेको ९१ दिनमा लागू हुने गरी नियमावली ल्याउने बहस ०५३ मा पनि भएको स्मरण गरे। 'प्रत्यायोजित विधायनको संसदीय निगरानी हुनुपर्छ। संसद्ले सुपरिवेक्षण गर्ने हो। संविधान, नीति ऐनविपरित आयो भने मिलाउनुस् भनेर परीक्षण गर्न सक्छ,' उनले भने।

पूर्वकानुन सचिव धनराज ज्ञवालीले ऐनबाहिर जाने बेथिति नियन्त्रण गर्न संवैधानिक निकायले बनाउने नियमावली कानुन मन्त्रालयले हेरेर अन्तिम रूप दिने व्यवस्था गर्नुपर्ने बताए। 'संवैधानिक निकायले बनाएका कतिपय नियमावली राजपत्रमा प्रकाशित गर्ने वेला सच्याउनुपरेको छ,' उनले भने, 'जस्तो सर्वोच्चको नियमावली अरू नियमावलीसँग बाझिएको छ-छैन कानुन मन्त्रालयले हेर्न सक्छ।'

एमाले राष्ट्रिय सभा दलका नेता देवेन्द्र दाहालले ऐन आएको ९० दिनभित्रमा नियमावली आउनुपर्ने व्यवस्था राख्ने र पालना नभएमा कारबाहीको भागीदार बनाउनुपर्ने मत राखे। प्रत्यायोजन विधायन तथ्यपरक र अनुसन्धानमूलक हुनुपर्नेमा जोड दिँदै उनले रेकर्ड सिस्टम राख्न सरकारको ध्यानाकर्षण गराए।

प्रत्यायोजित विधायन भन्नाले विधायिकाले बनाएको संविधान वा ऐनको उद्देश्यअनुरूप तथा ऐनद्वारा प्रदत्त अधिकारको सीमाभित्र रहेर कार्यकारी निकायले नियमावली, निर्देशिका, कार्यविधि, विनियम र आदेश आदि बनाउनु हो। नेपालमा ऐनविपरीत प्रत्यायोजित विधायनमार्फत आफूअनुकूल नियम बनाउने र ऐनअनुसार लामो समयसम्म प्रत्यायोजित विधायन नगर्ने प्रवृत्ति छ। यसलाई नियन्त्रण गर्न ऐनमै सम्बन्धित पदाधिकारीलाई जिम्मेवार बनाउनुपर्ने प्रस्ताव संसदीय समितिमा आएको हो।

■ 'मस्यौदामा सांसदको सहभागिताले स्वार्थ बाझिन्छ'

समितिमा विज्ञहरूले कानुनको मस्यौदा लेखनमा सांसदको सहभागिताले स्वार्थ बाझिने धारणा राखेका थिए। विधायनसम्बन्धी विधेयकको सैद्धान्तिक छलफलमा मंगलबार सांसदहरूले विधेयकको मस्यौदा हुँदा सांसदको पनि भूमिका हुनुपर्ने माग गरेका थिए। तर, विज्ञहरूले मस्यौदामा सांसदको सहभागिता स्वार्थको द्वन्द्व हुने जिकिर गर्दै सरकारले विधेयक ल्याउने र संसद्ले आफ्नो काम गर्नुपर्नेमा जोड दिएका थिए।

कानुन आयोगका पूर्वअध्यक्ष माधव पौडेलले भने, 'कन्टिनेन्टल ल सिस्टममा सरकारले ल्याउने विधेयकको मस्यौदा गर्दा संसदीय समिति सहभागी भएको देखिन्छ। तर, हाम्रोजस्ता मुलुकले अपनाएको कमल ल सिस्टममा कन्फ्लक्ट अफ इन्ट्रेस्टसँग जोडेर हेरिन्छ। मस्यौदामा पनि सहभागी हुने र समितिबाट पनि आफैं पारित गर्ने कुरा स्वतः स्वार्थसँग जोडिन्छ,' उनले भने। पौडेलले मस्यौदा तयार भइसकेपछि विधेयकको सैद्धान्तिक पक्षमा सम्बन्धित समितिलाई बोलाएर छलफल गर्न सकिने भए पनि संसद्मा आइसकेपछि संशोधन हाल्न र छलफलमा सहभागी हुन नैतिक प्रश्न हुने भएकाले यसमा ख्याल गर्नुपर्नेमा जोड दिए।

पूर्वकानुन सचिव धनराज ज्ञवालीले कतिपय सन्दर्भमा कैयौं मन्त्रालयले मस्यौदामा समितिसँग र पूर्वसभावतिहरूसँग छलफल गर्ने गरेको भन्दै कुन तहसम्म गराउने सोच्नुपर्ने जिकिर गरे। 'माननीयसँग विज्ञताको हिसाबले परामर्श गर्ने कुरा ठीक छ, तर औपचारिक रूपमा गर्ने कुरा मिल्दैन,' उनले भने।

संविधानविद् राधेश्याम अधिकारीले पनि संसद्ले बनाएको सरकारले जनताप्रति जवाफदेही भएरै कानुन मस्यौदा गर्ने गरेको भन्दै संसद्को चरणमै सांसदले संशोधन हालेर भूमिका देखाउनु उपयुक्त हुने जिकिर गरे। पूर्वसांसद परशुराम मेघीले पूर्वविधायिकी चरणमा बेलायतमा ह्वाइट पेपरमा संसद्सँग छलफल हुने र ग्रिन पेपरमा सरकारले फाइनल गरेर ल्याउने प्रचलन रहेको उल्लेख गर्दै भने, 'तर यहाँ भएकै अधिकार प्रयोग गर्न सकिएको छैन। समितिमा छलफल गर्दा सरकारसँग पहिले बोलिसकेका हुन्छौं, पछि समितिको छलफलमा अप्ठ्यारो हुन्छ।'

कानुन मन्त्रालयका सचिव उदयराज सापकोटाले तत्कालीन सभामुख तारानाथ रानाभाटले ०५६ मा विधेयकको मस्यौदामा सम्बन्धित समितिमा छलफल गराएको, तर



अरू देशको अभ्यासमा जाने हो भने नियमावली सँगै ल्याउनुपर्‍यो। होइन भने यति दिनभित्र आउने भन्ने व्यवस्था गरौं, नियमावली नआई त ऐन कार्यान्वयन नै हुँदैन।

■ **राधेश्याम अधिकारी**, पूर्वसांसद एवं वरिष्ठ अधिवक्ता



कतिपय देशमा ऐनसँगै नियमावली पनि पेस गर्ने अभ्यास छ। तर, हाम्रोमा सरकारले मान्दैन। ३० दिन लेख्ने कि ९० दिन लेख्ने हो, एउटा टाइमलाइन राखौं। त्यो समयभित्र प्रत्यायोजन नगर्ने पदाधिकारीलाई पनि कारबाही हुने व्यवस्था गरौं।

■ **रामनारायण बिडारी**, पूर्वसांसद एवं वरिष्ठ अधिवक्ता



सम्बन्धित ऐनले नियम बनाउने हो कि, विनियम बनाउने हो कि भन्ने तय गर्छ। यदि ऐनअनुसार गरेन वा उल्लंघन गर्‍यो भने के हुन्छ भन्ने केही न केही ऐनमा राख्नुपर्छ। पालना गर्ने दायित्व हुन्छ भनेर राखौं।

■ **परशुराम मेघी गुरुङ**, पूर्वसभापति विधायन व्यवस्थापन समिति

पछि अप्ठेरो भएपछि बन्द गरिएको उदाहरण प्रस्तुत गर्दै औपचारिकभन्दा पनि विज्ञताका आधारमा समावेश गर्न सकिने बताए। सांसद सुरेश आलेमगरले विधेयक बन्दाको स्पिरिट थाहा नहुने भएकाले सुरुमा सम्बन्धित समितिलाई सहभागी गराउनुपर्ने जिकिर गरेका थिए।

विज्ञहरूले विधायनसम्बन्धी ऐनलाई संघ, प्रदेश र स्थानीय तहको समेत मार्गदर्शन हुने गरी सामान्यीकरण गर्न सुझाव दिएका थिए। विधेयकको मस्यौदा गर्ने विधि र तरिका बदल्नुपर्ने, यसमा कानुन मन्त्रालयलाई प्रभावशाली बनाउनुपर्ने, विधायिकी प्रतिष्ठा कायम राख्न ऐनमै प्रदेश र पालिकालाई कानुन लेखनको तालिम दिने संस्था सिर्जना गर्नुपर्ने उनीहरूको सुझाव थियो।

यसैगरी, गैरसरकारी विधेयक ल्याउँदा सरकारबाट प्राविधिक सहयोग लिने संयन्त्र खडा गर्नुपर्ने, कानुन मन्त्रालयमार्फत सरकारको धारणा लिनुपर्ने, विधेयकको समय तालिका तोक्नुपर्ने, ऐनबाट उत्पन्न हुने आवश्यकता संसद्ले जाँच गरेर मात्र दर्ता गर्नुपर्ने, विधेयकमा सरोकारवालाको सुझाव आमसञ्चारमाध्यममार्फत व्यापक रूपमा लिने व्यवस्था गर्न पनि विज्ञहरूले सुझाएका थिए।

छोरी बलात्कार र छोरा हत्या आरोपमा बाबु पक्राउ

सुर्खेत/ पञ्चपुरी नगरपालिका- ६ कुवापानीका १८ वर्षीय छोरा भरत बुढाको हत्या आरोपमा उनकै बाबु ४५ वर्षीय नयाँराम बुढा पक्राउ परेका छन्। बुढालाई कैलाली टीकापुर नगरपालिका- १ लम्कीपुरबाट प्रहरीले पक्राउ गरेको हो। बुढा बिहीबार बिहान १० बजे लम्कीपुरबाट पक्राउ परेको जिल्ला प्रहरी कार्यालय सुर्खेतका निमित्त प्रवक्ता प्रहरी निरीक्षक कृष्णबहादुर खड् काले बताए।

कर्णाली प्रदेश प्रहरी कार्यालयबाट प्रहरी वरिष्ठ नायब निरीक्षक नारायण शर्मा, प्रहरी निरीक्षक बुद्धिप्रसाद सुवेदी, इलाका प्रहरी कार्यालय बाबियाचौरका प्रहरी प्रमुखको टोली टीकापुर गएको थियो। मोबाइल लोकेसनका आधारमा टीकापुर पुगेको प्रहरी टोलीले उनलाई पक्राउ गरेको हो। नयाँराममाथि छोरी बलात्कार र छोराको हत्या गरेको आरोप लागेको छ। बुढाले २ माघमा छोरा भरतको बन्चरो प्रहार गरी हत्या गरेको आरोप छ। बहिनीलाई बलात्कार गरेको आरोपमा दाजु भरतले बुबा नयाँरामविरुद्ध प्रहरीमा उजुरी दिएका थिए। सोही कारण उनको हत्या भएको हुन सक्ने अनुमान प्रहरीले गरेको छ।

त्रिविको शैक्षिक प्रमाणपत्र अनलाइनबाटै प्राप्त गर्न सकिने

काठमाडौं/ त्रिभुवन विश्वविद्यालयमा शैक्षिक प्रमाणपत्र लिन घन्टौंसम्म कुर्नुपर्ने बाध्यताको अन्त्य गरिने भएको छ। त्रिवि परीक्षा नियन्त्रण कार्यालयले शैक्षिक प्रमाणपत्र अब अनलाइनबाटै पाउन सकिने व्यवस्था गर्न लागेको हो। यो नियम १५ माघदेखि लागू गर्ने तयारी छ।

अब शैक्षिक प्रमाणपत्र क्षेत्रीय कार्यालयमा पनि पठाइने भएको छ। हाल त्रिविको शैक्षिक प्रमाणपत्र लिन देभशरबाट केन्द्रमै आउनुपर्ने बाध्यता छ। अब विद्यार्थीको सहजताका लागि नयाँ नियम लागू गर्न लागिएको परीक्षा नियन्त्रक पुष्पराज जोशीले बताए। उनका अनुसार ट्रान्सक्रिप्ट, प्रोभिजन सर्टिफिकेट, पुनर्योग, कुनै पनि प्रमाणपत्रको प्रतिलिपि तथा सच्याउनुपर्नेजस्ता काम अनलाइनबाट गरिनेछ। विद्यार्थीले अनलाइनमार्फत



फारम भरेर तीन दिनभित्र शैक्षिक प्रमाणपत्र पाउन सक्नेछन्। त्यस्तै, शैक्षिक प्रमाणपत्र निकाल्दा लाग्ने शुल्क पनि अनलाइनबाट तिर्न सकिनेछ। त्रिविमा शैक्षिक प्रमाणपत्र लिन आउने विद्यार्थीको दिनहुँ भिड हुने गर्छ।

प्रधानमन्त्री युगान्डामा

काठमाडौं/ प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्ड बिहीबार पूर्वी अफ्रिकी मुलुक युगान्डा गएका छन्। असंलग्न आन्दोलनका सदस्य राष्ट्रहरूको १९औं शिखर सम्मेलनमा सहभागी हुन प्रधानमन्त्री युगान्डा गएका हुन्। असंलग्न राष्ट्रहरूको शिखर सम्मेलन ५ र ६ माघमा युगान्डाको राजधानी कम्पालामा आयोजना हुनेछ। शुक्रबार प्रधानमन्त्रीले सम्मेलनलाई सम्बोधन गर्नेछन्। सम्मेलनका क्रममा प्रधानमन्त्रीले विभिन्न देशका नेताहरूसँग साइडलाइन वार्ता गर्नेछन्। प्रधानमन्त्री नेतृत्वको प्रतिनिधिमण्डल ७ माघमा स्वदेश फर्किनेछ।

नेपाल असंलग्न आन्दोलनको संस्थापकमध्ये एक हो। नेपालले सबै सम्मेलनमा सहभागिता जनाउँदै आएको छ। हाल युगान्डा असंलग्न आन्दोलनका सदस्य मुलुकहरूको अध्यक्ष हो। सन् २०२२ देखि २०२५ सम्म युगान्डा अध्यक्ष रहनेछ।



राष्ट्रपतिबाट अध्यादेश जारी

काठमाडौं/ राष्ट्रपति रामचन्द्र पौडेलले आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व (पहिलो संशोधन) अध्यादेश, २०८० जारी गरेका छन्। राष्ट्रपति कार्यालयकी प्रवक्ता शैलजा रेग्मी भट्टराईका अनुसार संविधानको धारा ११४ को उपधारा (१) बमोजिम नेपाल सरकार, मन्त्रिपरिषद्को सिफारिसमा अध्यादेश जारी गरेका हुन्। बुधबार बसेको मन्त्रिपरिषद् बैठकले आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ लाई संशोधन गर्न बनेको अध्यादेश, २०८० जारी गर्न राष्ट्रपतिसमक्ष सिफारिस गर्ने निर्णय गरेको थियो। अध्यादेश जारी भएसँगै अब सरकारले चालू आर्थिक वर्षदेखि बजेटको सिद्धान्त तथा प्राथमिकता फागुनभित्रै संसद्मा पेस गर्नुपर्ने भएको छ।

रविको एकल कार्टुन प्रदर्शनी



तस्बिर : दिपेन्द्र ढुंगाना/नयाँ पत्रिका

काठमाडौं/ कार्टुनिस्ट रवि मिश्रको एकल कार्टुन प्रदर्शनी सुरु भएको छ। नयाँ बानेश्वरको एनबी सेन्टरस्थित उमोजा कफीमा मिश्रका कार्टुन प्रदर्शनीमा राखिएका छन्। कार्टुनिस्ट क्लबका अध्यक्ष तथा कार्टुनिस्ट वासु क्षितिज, पूर्वअध्यक्ष अविन, नयाँ पत्रिका दैनिकका प्रधानसम्पादक कृष्णज्वाला देवकोटा, कान्तिपुर दैनिकका प्रधानसम्पादक उमेश चौहान र अनलाइनखबर डटकमका सम्पादक वसन्त बस्नेतले क्यानभासमा चित्र कोरेर प्रदर्शनीको उद्घाटन गरेका हुन्।

सो अवसरमा मिश्रले समाजमा देखेका दृश्य कार्टुनमा उतार्ने गरेको बताए। उनले भने, 'यो प्रदर्शनी मैले देखेको समाजको चित्र हो।' 'डिपिक्सन' नाम दिएको प्रदर्शनीमा ३५ कार्टुन राखिएका छन्। १७ वर्षदेखि कार्टुन बनाइरहेका मिश्रले तीन हजारभन्दा धेरै कार्टुन बनाइसकेका छन्। प्रदर्शनीमा मिश्रले पछिल्लो पाँच वर्षमा बनाएका कार्टुन राखेका छन्। कार्टुनलाई एकतर्फी सञ्चार मात्र नभई संवादका रूपमा स्थापित गर्न प्रदर्शनी गरिएको मिश्रले बताए। उनले भने, 'कार्टुनलाई सञ्चार मात्रै नभई संवादको माध्यम पनि बनाउन प्रदर्शनी आवश्यक हुँदो रहेछ। पत्रिकामार्फत एकोहोरो संवाद गरिरहेको म यो प्रदर्शनीमार्फत दोहोरो संवाद गर्न आइपुगेको छु।' 'कर्नर किक' शीर्षकमा मिश्रका कार्टुन नयाँ पत्रिकामा प्रकाशित हुन्छन्। 'यो प्रदर्शनी कार्टुनका लागि नयाँ जमिनको खोजी पनि हो। अखबारका कोलम र ग्यालरीको भित्ताभन्दा पर पनि कार्टुनलाई पुऱ्याउने रहर हो। कार्टुनलाई थप पहुँचयोग्य र सान्दर्भिक बनाउने प्रयत्न हो,' मिश्रले भने। प्रदर्शनी १४ माघसम्म चल्नेछ।

Bhotekoshi Rural Municipality
Office of Rural Municipal Executive
Phulpingkatti, Sindhupalchok
Bagmati Province, Nepal

Invitation for Electronic Bids

1st Date of publication: 2080/10/05 (19th Jan 2024)

1. Bhotekoshi Rural Municipality, Phulpingkatti Sindhupalchok invites electronic bids from duly eligible & qualified registered bidders for the procurement of following works NCB along with Name & identification of contracts as mentioned below through the details are in the bidding document.

S. N	Contract Identification NO.	Description of Works	Bid Document Fee Amount NRs.	Bid security Amount NRs.	Pre-Bid Meeting	Bid Submission Deadline	Bid Opening Date
1	NCB/BRM/ WORKS/11 /080/081	Construction and Upgrading of Tatopani Dhara	5000.00	1300000.00	2080/10/26 (9th Feb 2024) 12:00 Hrs.	2080/11/06 (18th Feb 2024) 12:00 Hrs	2080/11/06 (18th Feb 2024) 13:00 Hrs

Name of Bank	Name of office	Revenue Account Name & No. for bid doc. fee	Deposit Account Name & No. for bank guarantee
Nabil Bank ltd. Tatopani Branch	Bhotekoshi Rural Municipality, Phulpingkatti, Sindhupalchok	BHOTEKOSHI GA.PA 1.1 AANTARIK RAJASWA KHATA	BHOTEKOSHI GA.PA 3 DHARAUTI KHATA
		24101017500028	24101017500018

2. Tender procedures shall follow public procurement Act 2063 & public procurement regulation 2064 along with recent amendments.
3. Bid submitted in hard copy shall not be accepted.
4. If the last date of purchasing & submission falls on government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.
5. For futher information please refer to the PPMOs website http/bolpatra.gov.np.egp, and official Website www.bhotekoshimun.gov.np. Any amendment in the notice or bid document will be posted in the website of office.

Chief Administrative Officer

NIC ASIA
एन आई सी एशिया बैंक लि.


एन आई सी एशिया बैंक लिमिटेड
रजिष्टर्ड कार्यालय: ट्रेड टावर थापाथली, काठमाडौं वडा नं. ११
फोन नं.: +९७७-१-५१११११७७/७८/८८, फ्याक्स: +९७७-१-५१११११८०
टोल फ्री नं.: १६६०-०१-७७७७१
सुझावको लागि: FB टाईप गरी ३४४८८ मा SMS पठाउनुहोस्
कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाण्डौं ।
सम्पर्क फोन.: +९७७-१-०-४२६६५२०/२२ (एक्सटेन्सन: २०८/२२२/२२५)
फ्याक्स: +९७७-०१-४२६७६७५

गैर बैंकिङ्ग सम्पत्ति बिक्री बारे ७ (सात) दिने शिलबन्दी बोलपत्र आह्वान

यस बैंकको नाममा दर्ता रहेको तपसिलमा उल्लेखित गैर बैंकिङ्ग सम्पत्ति जहाँ जे जस्तो अवस्था र परिमाणमा छ, सोही अवस्था र परिमाणमा गोप्य शिलबन्दी बोलपत्रबाट बिक्री गरिने भएकोले यो सूचना प्रकाशित गरिएको छ । तसर्थ उक्त सम्पत्ति खरिद गर्न ईच्छुक व्यक्ति/फर्म/कम्पनी/संघ संस्थाहरुले निम्न लिखित शर्त बन्देजहरुको अधीनमा रही यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिन (उक्त दिन सार्वजनिक विदा परेमा कार्यालय खुलेको दिन) भित्र गोप्य शिलबन्दी बोलपत्र पेश गर्नुहुन आव्हान गरिन्छ ।

तपसिल

क्र.सं.	गैर बैंकिङ्ग सम्पतिको विवरण
१.	यस बैंकको नाममा रहेको मालपोत कार्यालय गरुडा, रौतहटको लगतमा दर्ता कायम रहेको रौतहट जिल्ला, बगही गा.वि.स. वडा नं. ७/क (हाल कटहरीया न.पा. वडा नं. ६) स्थित कित्ता नं. ३२३ र ७३१ को क्षेत्रफल क्रमश: ०-६-१०-० र ०-३-१-० (विगाह) को जग्गा ।
२.	यस बैंकको नाममा रहेको मालपोत कार्यालय गरुडा, रौतहटको लगतमा दर्ता कायम रहेको रौतहट जिल्ला, बगही गा.वि.स. वडा नं. ३ (हाल कटहरीया न.पा. वडा नं. ६) स्थित कित्ता नं. ८६३ को क्षेत्रफल ०-२-१०-० (विगाह) को जग्गा ।
३.	यस बैंकको नाममा रहेको मालपोत कार्यालय कलंकी, काठमाण्डौको लगतमा दर्ता कायम रहेको काठमाण्डौ जिल्ला, थानकोट गा.वि.स. वडा नं. ४ (हाल चन्द्रागिरी न.पा. वडा नं. ३) स्थित कित्ता नं. ३२५ को क्षेत्रफल ०-३-३-० (रोपनी) को घरजग्गा ।
४.	यस बैंकको नाममा रहेको मालपोत कार्यालय कलंकी, काठमाण्डौको लगतमा दर्ता कायम रहेको काठमाण्डौ जिल्ला, मातातिर्थ गा.वि.स. वडा नं. ४ ख (हाल चन्द्रागिरी न.पा. वडा नं. ८) स्थित कित्ता नं. २६६ को क्षेत्रफल १५८.९५ (व.मि) को घरजग्गा ।
५.	यस बैंकको नाममा रहेको मालपोत कार्यालय नेपालगञ्ज, बाँकेको लगतमा दर्ता कायम रहेको बाँके जिल्ला, नेपालगञ्ज न.पा. वडा नं. १३ (हाल नेपालगञ्ज उ.म.न.पा. वडा नं. १०) स्थित कित्ता नं. ४९ को क्षेत्रफल ४२३.२५ (व.मि) को घरजग्गा ।
६.	यस बैंकको नाममा रहेको मालपोत कार्यालय बाँकेको लगतमा दर्ता कायम रहेको बाँके जिल्ला, ईद्रपुर गा.वि.स. वडा नं. ९ क स्थित कित्ता नं. १३६७ र १३८९ को क्षेत्रफल क्रमश: ०-०-१-० र ०-०-१९-० (विगाह) को घरजग्गा ।
७.	यस बैंकको नाममा रहेको मालपोत कार्यालय बाँकेको लगतमा दर्ता कायम रहेको बाँके जिल्ला, बाग्रेश्वरी गा.वि.स. वडा नं. २ (हाल खजुरा गा.पा. वडा नं. ३) स्थित कित्ता नं. ४७६ को क्षेत्रफल ३३८.६३ (व.मि) को जग्गा ।
८.	यस बैंकको नाममा रहेको मालपोत कार्यालय मकवानपुरको लगतमा दर्ता कायम रहेको मकवानपुर जिल्ला, हेटौंडा न.पा. वडा नं. ११ स्थित कित्ता नं. २४९८ को क्षेत्रफल ०-१-१०-० (विगाह) को जग्गा ।
९.	यस बैंकको नाममा रहेको मालपोत कार्यालय चन्द्रनिगाहपुर, रौतहटको लगतमा दर्ता कायम रहेको रौतहट जिल्ला, विश्रामपुर गा.वि.स वडा नं.१ (हाल वृन्दावन न.पा. वडा नं. ३) स्थित कित्ता नं. ७१७, ७२५, ७३७ र ५६९ को क्षेत्रफल क्रमश: ०-२-१०-०, ०-५-३-०, ०-२-१०-० र ०-१-५-० (विगाह) को जग्गा ।
१०.	यस बैंकको नाममा रहेको मालपोत कार्यालय चन्द्रनिगाहपुर, रौतहटको लगतमा दर्ता कायम रहेको रौतहट जिल्ला, विश्रामपुर गा.वि.स वडा नं.७ (हाल वृन्दावन न.पा. वडा नं. २) स्थित कित्ता नं. १०६४ को क्षेत्रफल ०-११-१०-० (विगाह) को जग्गा ।
११.	यस बैंकको नाममा रहेको मालपोत कार्यालय चन्द्रनिगाहपुर, रौतहटको लगतमा दर्ता कायम रहेको रौतहट जिल्ला, विश्रामपुर गा.वि.स वडा नं.२ (हाल वृन्दावन न.पा. वडा नं. ३) स्थित कित्ता नं. ५८७ को क्षेत्रफल ०-८-०-० (विगाह) को जग्गा ।
१२.	यस बैंकको नाममा रहेको मालपोत कार्यालय भक्तपुरको लगतमा दर्ता कायम रहेको भक्तपुर जिल्ला, म्होसेल गा.वि.स वडा नं.४ख (हाल चाँगुनारायण न.पा. वडा नं. ३) स्थित कित्ता नं. ४६९, ४७२ र ४६५ को क्षेत्रफल क्रमश: ०-८-३-३, ०-२-०-३ र ०-०-३-३ (रोपनी) को जग्गा ।
१३.	यस बैंकको नाममा रहेको भूमिसुधार तथा मालपोत कार्यालय इनरुवा, सुनसरीको लगतमा दर्ता कायम रहेको सुनसरी जिल्ला, मधेशा गा.वि.स वडा नं.९ क (हाल इनरुवा न.पा. वडा नं. ५) स्थित कित्ता नं. २७७६ को क्षेत्रफल ०-२-११-० (विगाह) को जग्गा ।
१४.	यस बैंकको नाममा रहेको मालपोत कार्यालय साँखु काठमाडौंको लगतमा दर्ता कायम रहेको काठमाडौं जिल्ला, नयाँपाटी गा.वि.स वडा नं.७ (हाल गोकर्णेश्वर न.पा. वडा नं. २) स्थित कित्ता नं. ४७६ र १३२६ को क्षेत्रफल क्रमश: ०-६-२-० र ०-३-०-२ (रोपनी) को घरजग्गा ।
१५.	यस बैंकको नाममा रहेको मालपोत कार्यालय जलेश्वर, महोतरीको लगतमा दर्ता कायम रहेको महोतरी जिल्ला, औरही गा.वि.स वडा नं.३/क (हाल औरही न.पा. वडा नं. १) स्थित कित्ता नं. १०४३, ९२८, ६११ र ९२९ को क्षेत्रफल क्रमश: ०-०-६.७५-०, ०-०-५-०, ०-०-७-० र ०-०-३-० (विगाह) को घर/जग्गा ।
१६.	यस बैंकको नाममा रहेको मालपोत कार्यालय कलैया, बाराको लगतमा दर्ता कायम रहेको बारा जिल्ला, वरेवा गा.वि.स वडा नं.२ (हाल कलैया उ.म.न.पा. वडा नं. ८) स्थित कित्ता नं. १४६९, १५१८ र १५२० को क्षेत्रफल क्रमश: ०-०-१४-७.५, ०-०-३-४.२५ र ०-०-२-१०.७५ (विगाह) को जग्गा ।
१७.	यस बैंकको नाममा रहेको मालपोत कार्यालय कलैया, बाराको लगतमा दर्ता कायम रहेको बारा जिल्ला, वरेवा गा.वि.स वडा नं.२/ग (हाल कलैया उ.म.न.पा. वडा नं. ८) स्थित कित्ता नं. ३९ र ४० को क्षेत्रफल क्रमश: ०-०-४-० र ०-०-६-० (विगाह) को घरजग्गा ।
१८.	यस बैंकको नाममा रहेको मालपोत कार्यालय भैरहवा, रुपन्देहीको लगतमा दर्ता कायम रहेको रुपन्देही जिल्ला, आ.अमुवा गा.वि.स वडा नं.६ क (हाल शिवारी गा.पा. वडा नं. ७) स्थित कित्ता नं. ८६४ को क्षेत्रफल १०१.५९ (व.मि) को घरजग्गा ।
१९.	यस बैंकको नाममा रहेको मालपोत कार्यालय भक्तपुरको लगतमा दर्ता कायम रहेको भक्तपुर जिल्ला, ताथली गा.वि.स वडा नं.४ क (हाल चाँगुनारायण न.पा. वडा नं. ९) स्थित कित्ता नं. २२७ को क्षेत्रफल १-२-३-० (रोपनी) को जग्गा ।
२०.	यस बैंकको नाममा रहेको मालपोत कार्यालय कास्कीको लगतमा दर्ता कायम रहेको कास्की जिल्ला, पोखरा उ.म.न.पा. वडा नं. १३ स्थित कित्ता नं. २०१ को क्षेत्रफल ३४९.२० (व.मी) को घरजग्गा ।
२१.	यस बैंकको नाममा रहेको मालपोत कार्यालय लहान, सिरहाको लगतमा दर्ता कायम रहेको सिरहा जिल्ला, असनपुर गा.वि.स वडा नं. ९ (हाल गोलबजार न.पा. वडा नं. ४) स्थित कित्ता नं. ३३८४, ३३८१, ३३७९ र ३३९६ को क्षेत्रफल क्रमश: ०-५-१.५-०, ०-२-३.५-०, ०-०-१९.२५-० र ०-१-०-० (विगाह) को जग्गा ।
२२.	यस बैंकको नाममा रहेको मालपोत कार्यालय चाबहिल, काठमाडौंको लगतमा दर्ता कायम रहेको काठमाडौं जिल्ला, जोरपाटी गा.वि.स वडा नं. १ (हाल गोकर्णेश्वर न.पा. वडा नं. ५) स्थित कित्ता नं. ३१४, ३१६ र ३१८ को क्षेत्रफल क्रमश: ११०.५०, १७.५० र ११.५० (व.मि) को घर/जग्गा ।
२३.	यस बैंकको नाममा रहेको मालपोत कार्यालय मकवानपुरको लगतमा दर्ता कायम रहेको मकवानपुर जिल्ला, बसामाडी गा.वि.स. वडा नं. ३ (हाल हेटौंडा उ.म.न.पा. वडा नं. ३) स्थित कित्ता नं. १९९८ को क्षेत्रफल ०-०-११-० (विगाह) को जग्गा ।
२४.	यस बैंकको नाममा रहेको मालपोत कार्यालय मकवानपुरको लगतमा दर्ता कायम रहेको, मकवानपुर जिल्ला, हेटौंडा न.पा. वडा नं. ९(हाल हेटौंडा उ.म.न.पा. वडा नं. ९) स्थित कित्ता नं. ६७२७ र ६७२६ को क्षेत्रफल क्रमश: ०-०-५-० र ०-०-५-० (विगाह) को घरजग्गा ।
२५.	यस बैंकको नाममा मालपोत कार्यालय मौलापुर, रौतहटको लगतमा दर्ता कायम रहेको रौतहट जिल्ला, सरमुजवा गा.वि.स. वडा नं. ९ (हाल बौधीमाई न.पा. वडा नं. ७) स्थित कित्ता नं. २३४ को क्षेत्रफल ०-४-०-० (विगाह) को जग्गा ।
२६.	यस बैंकको नाममा मालपोत कार्यालय मौलापुर, रौतहटको लगतमा दर्ता कायम रहेको रौतहट जिल्ला, सरमुजवा गा.वि.स. वडा नं. ९ (हाल बौधीमाई न.पा. वडा नं. ७) स्थित कित्ता नं. १७१७ को क्षेत्रफल ०-०-११-० (विगाह) को जग्गा ।
२७.	यस बैंकको नाममा मालपोत कार्यालय गरुडा, रौतहटको लगतमा दर्ता कायम रहेको रौतहट जिल्ला, बरीयारपुर गा.वि.स. वडा नं. ६ ख (हाल गढीमाई न.पा. वडा नं. २) स्थित कित्ता नं. ५८८ को क्षेत्रफल ०-०-१८-४ (विगाह) को घरजग्गा ।
२८.	यस बैंकको नाममा मालपोत कार्यालय तनहुँको लगतमा दर्ता कायम रहेको तनहुँ जिल्ला, बन्दीपुर गा.वि.स. वडा नं.८ क स्थित कित्ता नं. ९६७ को क्षेत्रफल १-०-०-० (रोपनी) को जग्गा ।
२९.	यस बैंकको नाममा मालपोत कार्यालय लगनखेल, ललितपुरको लगतमा दर्ता कायम रहेको ललितपुर जिल्ला, इमाडोल गा.वि.स. वडा नं. ८ (हाल महालक्ष्मी न.पा. वडा नं. ४) स्थित कित्ता नं. १२२ को क्षेत्रफल ७९.५० (व.मि) को घरजग्गा ।
३०.	यस बैंकको नाममा मालपोत कार्यालय भैरहवा, रुपन्देहीको लगतमा दर्ता कायम रहेको रुपन्देही जिल्ला, सिद्धार्थनगर न.पा वडा नं. ७ स्थित कित्ता नं. १९ को क्षेत्रफल ३३४.३० (व.मि) को घरजग्गा ।
३१.	यस बैंकको नाममा मालपोत कार्यालय भैरहवा, रुपन्देहीको लगतमा दर्ता कायम रहेको रुपन्देही जिल्ला, मानपकडी गा.वि.स. वडा नं. ३ (हाल सद्धोधन गा.पा. वडा नं. ५) स्थित कित्ता नं. ७ को क्षेत्रफल १३७५ (व.मि) को जग्गा ।
३२.	यस बैंकको नाममा मालपोत कार्यालय सिन्धुपाल्चोकको लगतमा दर्ता कायम रहेको सिन्धुपाल्चोक जिल्ला, मेलम्ची गा.वि.स. वडा नं. ६ (हाल मेलम्ची न.पा. वडा नं. ११) स्थित कित्ता नं. १११६ र १११७ को क्षेत्रफल क्रमश ०-२-३-० र ०-२-३-० (रोपनी) को घरजग्गा ।
३३.	यस बैंकको नाममा मालपोत कार्यालय सिन्धुपाल्चोकको लगतमा दर्ता कायम रहेको सिन्धुपाल्चोक जिल्ला, ज्यामिरे गा.वि.स. वडा नं. २ (हाल मेलम्ची न.पा. वडा नं. १०) स्थित कित्ता नं. ५५४ को क्षेत्रफल ६-१४-१-० (रोपनी) को जग्गा ।
३४.	यस बैंकको नाममा मालपोत कार्यालय खैरहनी, चितवनको लगतमा दर्ता कायम रहेको चितवन जिल्ला, कठार गा.वि.स. वडा नं. ५ क (हाल खैरहनी न.पा. वडा नं. ११) स्थित कित्ता नं. ८६९ को क्षेत्रफल ७५२.७७ (व.मि) को जग्गा ।
३५.	यस बैंकको नाममा मालपोत कार्यालय लहान, सिराहको लगतमा दर्ता कायम रहेको सिरहा जिल्ला, सिंहग्राही मठिर्यावा गा.वि.स. वडा नं. ४/क (हाल लहान न.पा. वडा नं. १) स्थित कित्ता नं. ३१० को क्षेत्रफल ०-०-१२ -० (विगाह) को जग्गा ।
३६.	यस बैंकको नाममा मालपोत कार्यालय लहान, सिराहको लगतमा दर्ता कायम रहेको सिरहा जिल्ला, हनुमान नगर गा.वि.स. वडा नं. २ (हाल घनगढीमाई न.पा. वडा नं. १) स्थित कित्ता नं. ५१७ र ५४५ को क्षेत्रफल क्रमश : ०-२-०-० र ०-५-११-० (विगाह) को जग्गा ।
३७.	यस बैंकको नाममा मालपोत कार्यालय लहान, सिराहको लगतमा दर्ता कायम रहेको सिरहा जिल्ला, बस्तीपुर गा.वि.स. वडा नं. ४/क (हाल लहान न.पा. वडा नं. १३) स्थित कित्ता नं. ४८, ३२८, ३५४, ३६२, ३२९ र ११८ को क्षेत्रफल क्रमश : ०-२-७, ०-८-२, ०-६-५, ०-२-९, ०-८-२ र ०-७-९ (विगाह) को जग्गा ।
३८.	यस बैंकको नाममा मालपोत कार्यालय भक्तपुरको लगतमा दर्ता कायम रहेको भक्तपुर जिल्ला, सुडाल गा.वि.स. वडा नं. ५ख (हाल चाँगुनारायण न.पा. वडा नं. ८) स्थित कित्ता नं. ११८ को क्षेत्रफल क्रमश : १९०.७४ (व.मि) को घरजग्गा ।
३९.	यस बैंकको नाममा मालपोत कार्यालय उदयपुरको लगतमा दर्ता कायम रहेको उदयपुर जिल्ला, गाईघाट गा.वि.स. वडा नं. ३क स्थित कित्ता नं. २१०१ को क्षेत्रफल ३३८.५८ (व.मी) को घरजग्गा ।
४०.	यस बैंकको नाममा मालपोत कार्यालय उदयपुरको लगतमा दर्ता कायम रहेको उदयपुर जिल्ला, जोगीदह गा.वि.स./न.पा. वडा नं. १ स्थित कित्ता नं. ४३७ को क्षेत्रफल ३३२७.०१ (व.मी) को जग्गा ।
४१.	यस बैंकको नाममा मालपोत कार्यालय गौर, रौतहटको लगतमा दर्ता कायम रहेको रौतहट जिल्ला, बसन्तपट्टी गा.वि.स. वडा नं. ६ स्थित कित्ता नं. ६८७ र ५१६ को क्षेत्रफल क्रमश: १०१५.८९ र ३३८.६४ (व.मि.)को जग्गा ।
४२.	यस बैंकको नाममा मालपोत कार्यालय गौर, रौतहटको लगतमा दर्ता कायम रहेको रौतहट जिल्ला, बसन्तपट्टी गा.वि.स. वडा नं. ७ क स्थित कित्ता नं. ८७० को क्षेत्रफल १०१५.९२ (व.मि.)को जग्गा ।
४३.	यस बैंकको नाममा मालपोत कार्यालय बेलवारी, मोरङको लगतमा दर्ता कायम रहेको मोरङ जिल्ला, हरैचा गा.वि.स. वडा नं. ९/घ स्थित कित्ता नं. ३४०३ को क्षेत्रफल ०-०-१७-० (विगाहा) को जग्गा ।



» पृष्ठ ५ मा क्रमश:

आन्दोलनको 'वार्मअप'मा एमाले

एउटै गोत्रको गठबन्धन भत्किँदैन, देश जोगाउन आन्दोलन चाहिन्छ : ओली

नयाँ पत्रिका



प्रमुख विपक्षी दल एमालेले सरकारविरुद्ध आन्दोलनको 'वार्मअप' सुरु गरेको सन्देश दिएको छ । बिहीबार पार्टी कार्यालयमा आयोजित कार्यक्रममा अध्यक्ष एमाले केपी ओलीले जनताको बलमा निर्णायक आन्दोलन गरेर मिसन ८४ अगावै देशलाई निकास दिने गरी मध्यावधि निर्वाचनमा लैजानुपर्ने अवस्था आउन सक्ने भन्दै तयार रहन कार्यकर्तालाई निर्देशन दिएका छन् ।

'देश अप्ठ्यारो स्थितिमा छ, सबैतिरबाट देश जोगाउनुपर्ने छ, यस्तै अवस्था रहिरहे हामीले मिसन ०८४ भनेर पर्खिन नसक्ने स्थिति आउन सक्छ । देश बर्बाद हुन लाग्यो भने कहाँ ८४ को चुनाव भनेर पर्खेर बसेर हुन्छ । उस्तै परे हामीले गठबन्धन भत्काउनुपर्छ, तर लोभीपापीहरू नभत्किन सक्छन्,' उनले भने, 'यिनीहरू सबैको घाँटी, शरीर एकैठाउँ जोडिएको छ । यी एकै भ्रष्टाचारी वंशका, कमिसनतन्त्रीय वंशका हुन्, निकम्मा गोत्रका, देशद्रोही जातका हुन् । त्यसैले हामीले जनताको बलमा आन्दोलनमा उत्रिनुपर्ने आवश्यकता छ ।'

ओलीले केही दिनकै तयारीमा निर्णायक लडाइँका लागि पार्टीले आन्दोलन आह्वान गर्न सक्नेतर्फ ध्यानाकर्षण गराउँदै तयारी अवस्थामा रहन पनि निर्देशन दिए । 'आन्दोलनका निम्ति पार्टीले जतिबेला सिठी बजाउँछ, त्यतिबेलै मैदानमा दौडिएर पुग्ने गरी तयारी गर्नुपर्छ । छोटो तीन दिनको तयारीमा राष्ट्रिय आन्दोलनको तयारीमा उत्रिनुपर्ने हुन सक्छ । यो मानसिकताका साथ हामी जानुपर्छ,' उनले भने, 'उनीहरूले हामीमाथि जस्तोसुकै प्रहार गर्न सक्ने स्थिति छ । अहिले हामी निर्णायक लडाइँ लडिरहेका छौं, उनीहरू एक्लै हामीसँग कोही लड्न सक्दैन भनेर आतंकित छन् ।'

ओलीले आन्दोलनको आवश्यकता र औचित्यमाथि पनि प्रकाश पारे ।

'यो गठबन्धन देशका लागि अत्यन्तै हानिकारक छ, यसले देशलाई बर्बाद बनाइसक्यो, राष्ट्रियता कमजोर बनाइसक्यो, देशका स्रोतहरू बेचिसक्यो । हाम्रो स्वाधीनता, स्वाभिमानलाई धुजाधुजा बनाइरहेको छ । त्यसकारण समय घर्किनुअगावै हामीले निर्णायक कदम चाल्नुपर्ने हुन सक्छ र यसका लागि तयार रहनुपर्ने आवश्यकता छ,' उनले भने ।

अहिलेको सरकार बुख्याचाजस्तो निकम्मा भएको कडा टिप्पणीसमेत ओलीले गरे । 'हामीले मिसन ८४ मा हरेक ठाउँमा ५१ प्रतिशत शक्ति बनाउने भनेका छौं । हाम्रा विरोधीहरू एक्लै लड्छौं भन्ने आँट नै गर्दैनन्, हामी लड्यौं, तर उनीहरूले स-साना अंक जोडेर सरकार बनाएका छन्,' उनले भने, 'यो सरकार तरकारी बारीको बुख्याचाजस्तो छ । केही गर्ने होइन त्यसले । अहिले त त्यसका टाउकामा सुगा पनि बस्छ, काग पनि । सबैले चिनिसके यो बुख्याचाले हो केही गर्न सक्दैन भन्ने ।'

२ माघमा पार्टी कार्यालयमा मनोनीत केन्द्रीय सदस्यहरूको शपथ कार्यक्रममा पनि ओलीले मुलुकलाई बर्बाद हुनबाट जोगाउन आन्दोलनमा उत्रिनुपर्ने अवस्था आएको भन्दै तयारीमा रहन निर्देशन दिएका थिए । त्यसअघि २४ पुसमा जनवर्गीय संगठनका प्रमुखहरूलाई पार्टी कार्यालयमा बोलाएर महासचिव शंकर पोखरेलले सरकारले मुलुक र जनतामाथि चरम ज्यादती गर्न थालेको र राष्ट्रियता र स्वाधीनतामाथि समेत गम्भीर आँच पुग्ने काम गरेको भन्दै आन्दोलनको वार्मअप सुरु गर्न निर्देशन दिएका थिए ।

'समुदायमा कांग्रेस' अभियान राष्ट्रिय सभा निर्वाचनपछि

काठमाडौं/ कांग्रेसले सांगठनिक सुदृढीकरणको लक्ष्यसहित गर्न लागेको 'समुदायमा कांग्रेस' अभियान राष्ट्रिय सभा निर्वाचनपछि मात्रै हुने भएको छ । यसअघि पटकपटक तय भएर सर्दै आएको अभियान राष्ट्रिय सभा निर्वाचनलाई देखाएर पुनः सार्न लागिएको हो ।

यसबारे बिहीबार महामन्त्रीद्वय विश्वप्रकाश शर्मा र गगन थापाबीच छलफल भएको थियो । मुख्यसचिव कृष्णप्रसाद पौडेलका अनुसार नेताहरू राष्ट्रिय सभा निर्वाचनमा केन्द्रित हुनुपर्ने भएकाले सार्न लागिएको हो । उनका अनुसार १६ देखि २६ माघसम्म सञ्चालन गर्ने गरी अभियान सार्न लागिएको हो । 'राष्ट्रिय सभा निर्वाचनमा केन्द्रित हुनुपर्ने भएकाले केही दिन पछाडि सार्न लागिएको हो । १२ माघमा प्रदेशस्तरीय कार्यक्रम गर्छौं । १३ गतेभित्र केन्द्रीय प्रतिनिधि जिल्ला पुग्नुहुनेछ । १६ देखि २६ माघसम्म अभियान सञ्चालन गरिनेछ,' उनले नयाँ पत्रिकासँग भने ।

४ साउनमा बसेको केन्द्रीय समिति बैठकले पारित गरेको वार्षिक कार्ययोजना पारित गर्दै १० दखि २४ भदौसम्म अभियान सञ्चालन गर्ने निर्णय गरेको थियो । तर, वर्षा, रुकुम पश्चिम र जाजरकोटमा आएको भूकम्पलगायत कारण देखाउँदै अभियान अनिश्चित बनेको थियो । १४ पुसमा सम्पन्न केन्द्रीय समिति बैठकले ७ देखि २२ माघसम्म अभियान सञ्चालन गर्ने निर्णय गरेको थियो । जसअनुसार कांग्रेसले बुधबार केन्द्रीय प्रतिनिधिलाई अभिमुखीकरणसमेत गरेको थियो । ११ माघमा राष्ट्रिय सभा निर्वाचन हुँदै छ । कांग्रेसबाट १० उम्मेदवार मैदानमा छन् ।

माओवादीले तल्ला कमिटीमा पठायो विधानको मस्यौदा

काठमाडौं/ माओवादीले तीन साता समय दिएर विधानको मस्यौदा तल्ला कमिटीमा पठाएको छ । सुझावसमेत समेटेर मस्यौदालाई अन्तिम रूप दिने र विधान अधिवेशनमा प्रस्तुत गर्ने माओवादीको तयारी छ ।

'विधानको मस्यौदा तल्ला कमिटीमा पठाएका छौं । आएका सुझाव समेटेर मस्यौदालाई अन्तिम रूप दिनेछौं । त्यसपछि विधान अधिवेशनमा प्रस्तुत हुन्छ,' माओवादी उपाध्यक्षसमेत रहेकी विधान मस्यौदा समितिकी संयोजक पम्फा भुसालले नयाँ पत्रिकासँग भनिन्, 'विधान अधिवेशनमा व्यापक छलफल गरेर विधान पारित गर्छौं ।'

विधान मस्यौदाका विषयमा तल्ला कमिटीलाई लिखित सुझाव पठाउन भनिएको संयोजक भुसालले बताइन् । माओवादीको विधान अधिवेशन १ देखि ३ फागुनमा हुँदै छ । त्यसअघि स्थायी कमिटी र केन्द्रीय कमिटीमा विधान मस्यौदाबारे छलफल हुनेछ । विधान अधिवेशनमा केन्द्रीय सदस्य, वैकल्पिक केन्द्रीय सदस्य, केन्द्रीय सल्लाहकार, केन्द्रीय ज्येष्ठ कम्युनिस्ट मञ्चका सदस्य, केन्द्रीय आयोगका सदस्य, प्रदेश समितिका पदाधिकारी, जिल्ला संयोजक, महानगरका अध्यक्ष, केन्द्रीय विभागका सचिव, केन्द्रीय जनवर्गीय संगठन-मोर्चाका प्रमुखहरू सहभागी हुने माओवादीले जनाएको छ ।

भुसालका अनुसार केन्द्रीय कमिटी एक सय ५१ सदस्यीय प्रस्ताव गरिएको छ । अहिले करिब सात सय केन्द्रीय सदस्य छन् । आवश्यकताको संगठन बनाउन खोजिएको भुसालले बताइन् । 'के कामका निम्ति कस्तो संरचना, के विधिले बनाउने भन्नेसँग सम्बन्धित भएर विधान सम्मेलन गर्न लागेका हौं,' भुसालले भनिन्, 'अहिले केन्द्रीय कमिटी ठूलो छ । महत्त्वपूर्ण निर्णय गर्नुपरे स्थायी कमिटी बैठक बस्छ । त्योभन्दा छिटो-छिटो पदाधिकारी बैठक बस्छ । बैठक आह्वान गर्न पनि समय लाग्ने भयो । व्यवस्थित ढंगले चुस्तदुरुस्त रूपमा छलफलको वातावरण बनाउने ढंगले साना कमिटी बनाउने सोच हो ।' नेता-कार्यकर्तातिर र कार्यकर्ता जनतातिर फर्किएर जाने अवस्था निर्माण गर्न लागिएको भुसालले बताइन् ।

कार्यदल सदस्य एवं उपमहासचिव जनार्दन शर्माले राखेको पूरक प्रस्तावका विषय पनि समेटेर सुझावका लागि तल्ला कमिटीमा पठाइएको छ । नाम परिवर्तन गर्ने विषय भने नसमेटिएको माओवादीले जनाएको छ । शर्माले माओवादीको नाम परिवर्तन गरी नेकपा समाजवादी राख्नुपर्ने पूरक प्रस्ताव स्थायी कमिटी बैठकमा राखेका थिए । बैठकले पूरक प्रस्तावलाई स्वीकार गरेको थियो ।

यम बरालको साथी

चर्चित गायकद्वय यम बराल र विश्व नेपालीको स्वर रहेको गीत 'साथी'को भिडियो सार्वजनिक भएको छ । गीतमा किरण के उप्रेतीको शब्द, पुष्कर सुनुवारको ऐरेन्ज र संगीत, विप्लव अधिकारीको रेकर्ड र मिक्सिङ छ । गीतको भिडियोमा सञ्जित भण्डारी र मेग सुवेदीको अभिनय छ ।





फागुन १८ मा अगस्त्य

सौरभ चौधरीको लेखन तथा निर्देशनमा तयार भएको फिल्म अगस्त्य फागुन १८ मा रिलिज हुने भएको छ । यस फिल्ममा सौगात मल्ल, नाजिर हुसेन, मलिका महत, प्रमोद अग्रहरि, विजय बराल, रवीन्द्र झालगायतको अभिनय छ । फिल्मको पछिल्लो पोस्टरमा अभिनेता नाजिर हुसेनलाई फरक ५ गेटअपमा प्रस्तुत गरिएको छ ।

किशोरावस्थामा चाहिन्छ यस्तो वातावरण



टिनएजमा पुगेपछि बालबालिकाको स्वभाव परिवर्तन हुन थाल्छ । यतिवेला सिकेका र सिकाइएका पाठले जीवनमा ठूलो अर्थ राख्ने भएकाले अभिभावक र परिवारका सदस्यले बच्चाहरूलाई सही रूपमा मार्गदर्शन र वातावरण दिन सक्नुपर्छ ।

टिनएजमा शारीरिकसँगै बालबालिकाको मानसिक विकास पनि तीव्र रूपमा हुन्छ । पत्रपत्रिका, रेडियो, टेलिभिजन, सामाजिक सञ्जालमा आउने कन्टेन्ट तथा घरपरिवार तथा समाजमा हुने गफगाफले बच्चालाई प्रभावित गरिरहेको हुन्छ । त्यही कारण, बच्चाहरूको चाहनालाई बुझेर अभिभावकले त्यहीअनुसार उनीहरूलाई मागदर्शन गर्नुपर्छ । उनीहरू कस्ता कुरामा रमाउँछन्, कस्तो खेल्छन्, कतिखेर सुत्छन् ? यी कुराहरूलाई अभिभावकले ख्याल गर्नुपर्छ ।



डा. विजय ज्ञवाली
मनोविद्
अमोहा क्लिनिक, काठमाडौं

किशोरावस्थामा धेरैमा जिद्दीपन देखिन्छ । चाहेको कुरा नपाउँदा निराश हुने पनि हुन सक्छ । डिजिटल युगमा विश्वका धेरै घटनाक्रम र व्यक्तिलाई बच्चाहरूले पछ्याइरहेका हुन्छन् । आफ्नो आदर्श व्यक्तिजस्तै बन्न चाहनु स्वाभाविक पनि हो । तर, यथार्थ फरक हुन सक्छ । यस विषयमा अभिभावक सचेत रहनुपर्छ र बच्चालाई सकारात्मक रूपमा मार्गदर्शन दिन सक्नुपर्छ । उनीहरूलाई सफलता प्राप्त गर्नका लागि संघर्ष गर्न सिकाउनुपर्छ ।

बच्चाहरूलाई सफल हुन अभिप्रेरित गर्नुपर्छ । तर, यसको अर्थ जित्ने दबाब दिनुपर्छ भन्ने होइन । हाम्रो शिक्षाले असफलतालाई स्विकार्न सिकाएको छैन । जब कि उनीहरूलाई हामीले जीवनमा असफलता पनि एउटा पक्ष हो र यसले भविष्यमा सफलताको जग बसाल्छ भनेर बुझाउन जरुरी छ । कतिपयले सानो असफलताबाटै कुलतमा लाग्ने, हात काट्ने, डिप्रेसन हुने, आत्महत्या गर्नेजस्ता व्यवहार पनि देखाइरहेका हुन्छन् । त्यसैले पनि हामीले असफलतामा खुसी हुने र विचलित नहुने उपाय किशोर-किशोरीलाई सिकाउन जरुरी छ ।

कसरी रिस प्रकट गर्ने ? खुसी व्यक्त गर्ने ? आफ्ना मनोभावहरूलाई नियन्त्रण गर्ने ? सिर्जनशील बन्नेलगायत विषय पनि अभिभावकले सिकाउनुपर्छ । यसका लागि अभिभावकहरूले बालबच्चासँग साथीभाइजसरी नै प्रस्तुत हुने र उनीहरूका भनाइ र भावना सुन्ने गर्नुपर्छ । अभिभावकले बच्चालाई पढ्न, खेल्न, सिनेमा हेर्ने, पुस्तक पढ्नेलगायत काममा उत्प्रेरित गर्नुपर्छ । उनीहरूले पढेका विषयमा छलफल गर्ने, सिनेमा हेर्न सँगै जाने र त्यस विषयमा उनीहरूका राय सुनेर आफ्नो टिप्पणी राख्नेलगायत कार्य गर्नाले उनीहरूले पनि सम्मानित महसुस गर्छन् ।

स्वस्थ रहन बिहान कति वेला हिँड्ने ?



डाक्टरको सल्लाह

डा. सरोज गौडेल
कन्सल्ट्यान्ट फिजिसियन
एभरेस्ट अस्पताल

हिँड्दा स्वास्थ्य अवस्थामा सुधार आउँछ । शारीरिक तथा मानसिक स्वास्थ्यका लागि हिँड्नु लाभदायी छ । 'शारीरिक अभ्यासका लागि हिँड्नु सबैभन्दा राम्रो काइदा हो । यसले अन्य कुनै अतिरिक्त दक्षता माग गर्दैन । यो सुरक्षित पनि छ,' अमेरिकन काउन्सिल अन एक्सरसाइजकी अध्यक्ष तथा चिफ साइन्स अफिसर डा. सेडरिक ब्रायन्ट भन्छिन्, 'यसका धेरै मानसिक फाइदा छन् ।'

तर, जाडोमा एकाबिहानै हिँड्दा प्रदूषणका कारण विभिन्न समस्या निम्तिने चिकित्सक बताउँछन् । एभरेस्ट अस्पतालका कन्सल्ट्यान्ट फिजिसियन डा. सरोज गौडेल आकाश खुलेपछि मात्रै हिँड्न थाल्नुपर्ने बताउँछन् । 'जाडोमा बिहान सबैरै हिँड्न निस्कनु राम्रो हुँदैन । चिसो हावा वायुमण्डलको तल बस्छ र प्रदूषित हुन्छ । तुवाँलो लागिरहेको हुन्छ । प्रदूषण र चिसोको असर मुटुरोगी, छातीमा समस्या भएकाहरू, दमका रोगी, बाथका रोगीलगायत दीर्घरोगीलाई विशेष रूपमा पर्छ, त्यहीकारण घाम लागेर आकाश खुला भइसकेपछि अर्थात् जमिनमा घामको प्रकाश परेपछि हिँड्न थाल्नु राम्रो हुन्छ,' उनले भने, 'धुम्म परेको दिनमा बाहिर हिँड्न निस्कनुहुँदैन । यस्तो दिनमा घरभित्रै योगा, व्यायामलगायतका शारीरिक अभ्यास गर्न सकिन्छ ।' धेरै अनुसन्धानले दैनिक केही समय हिँड्दा अल्पायुमै निधन हुने जोखिम कम भएर जाने औँल्याएका छन् । मायो क्लिनिकका अनुसार क्यान्सर, हृदयरोग, स्ट्रोक, मधुमेह, रक्तचापलगायत नियन्त्रणका लागि यसले सहयोग गर्छ । यसले मानिसको मुडमा सुधार ल्याउँछ । सुन्दर दिनमा बाहिर हिँड्न निस्कँदा सिर्जना क्षमता बढ्छ, मानिससँग भेटघाट हुन्छ र सामाजिक सम्बन्ध पनि राम्रो बन्दै जान्छ । मस्तिष्कमा रक्तसञ्चार राम्रो हुँदा तनाव कम हुने, स्मरण शक्ति बलियो हुने र समग्रमा मस्तिष्क सक्रिय रहने हुन्छ ।

हिँड्दा शरीरमा फ्याट कम हुन्छ र कोलेस्ट्रोल र ट्राइग्लिसेराइडसम्बन्धी समस्या कम भएर जान्छ । क्यालोरी कट हुन्छ ।

ध्यान दिनुस्

- बिहान उठेपछि पहिला एक वा दुई गिलास मनतातो पानी पिउने गर्नुस् । कतिपयको बिहान उठ्नासाथ स्मार्ट फोन चलाउने बानी हुन्छ । यो लत त्याग्नुस् । किनकि, सामाजिक सञ्जालमा आउने कतिपय नकारात्मक खबरले तपाईंको मुड अफ गरिदिन्छ र दिन बिगार्छ । नेगेटिभ इनर्जीबाट बच्न जरुरी छ ।
- दौडिँदा प्रयोग गर्ने जुत्ता कम्फर्टेबल हुन जरुरी छ ।
- दौडनुअघि शरीरलाई दायाँबायाँ चलाउने, वार्मअप गर्नेजस्ता गतिविधि गर्न पनि बिर्सनुहुँदैन । दौडन सुरु गर्नेबित्तिकै स्पिड बढाउनुहुँदैन । दौडन सुरु गरेको पाँच-सात मिनेटपछि मात्र गति बढाउनुपर्छ ।
- दौडने क्रममा लामो सास लिने, केही समय रोक्ने र छाड्ने प्रक्रिया गरिरहनुपर्छ । दौडने वेला श्वासप्रश्वासलाई पनि नियन्त्रणमा राख्ने अभ्यास गर्दा राम्रो हुन्छ ।

प्रदूषण र चिसोको असरबाट बच्न...

जाडोमा बिहान सबैरै निस्कनु राम्रो हुँदैन । चिसो हावा वायुमण्डलको तल बस्छ र प्रदूषित हुन्छ । तुवाँलो लागिरहेको हुन्छ । प्रदूषण र चिसोको असर मुटुरोगी, छातीमा समस्या भएकाहरू, दमका रोगी, बाथका रोगीलगायत दीर्घरोगीलाई विशेष रूपमा पर्छ । स्वस्थ मानिसमा पनि यसले विभिन्न समस्या निम्त्याउँछ । त्यहीकारण, घाम लागेर आकाश खुला भइसकेपछि अर्थात् जमिनमा घामको प्रकाश परेपछि हिँड्न थाल्नु राम्रो हुन्छ । बिहानीको घाम भिटामिन 'डी'को राम्रो स्रोत पनि हो । दिउँसो वा सूर्यास्तअघिको समयमा पनि हिँड्न सकिन्छ । तर, सूर्यास्तपछि फेरि चिसो र प्रदूषणको असर पर्ने भएकाले रातको समय हिँड्न निस्कनु राम्रो हुँदैन । त्यस्तै, धुम्म परेको दिनमा बाहिर हिँड्नुहुँदैन । यस्तो दिनमा घरभित्रै योगा, व्यायामलगायतका शारीरिक अभ्यास गर्न सकिन्छ ।

सुरुवातमा दैनिक कम्तीमा ३० मिनेट हिँड्नु राम्रो हुन्छ । मुख्य कुरा नियमित रूपमा हिँड्नु हो । त्यसपछि समयसीमालाई बढाएर एक घन्टासम्म पुऱ्याउन सकिन्छ । व्यस्त मानिसले पनि कम्तीमा हप्तामा एक सय ५० मिनेट हिँड्नु जरुरी छ ।

जाडोमा हावाको आर्द्रता कम हुन्छ र विभिन्न रोगका कीटाणु सुक्खा हावामा तैरिरहेका हुन सक्छन् । त्यहीकारण मास्क लगाएर हिँडनु राम्रो हुन्छ । न्यानो र कन्फर्टेबल कपडा लगाउनुपर्छ ।

ल्यापटपको छनोट



लामो समयसम्म ब्याट्री ब्याकअप दिने, राम्रो पर्फर्मेन्स भएको, पोर्टेबल र हल्का खाले ल्यापटप लिनु राम्रो हुन्छ । स्क्रिन साइज पनि ख्याल गर्नुपर्छ । कम्तीमा १४ इन्चका ल्यापटप किन्नु राम्रो हुन्छ । यसले राम्रो भिजुअल एक्सपेरिएन्स गराउँछ र आँखालाई पनि कम सास्ती हुन्छ ।

ल्यापटपमा अध्ययनको काम मात्रै गर्नुहुन्छ भने ४ जिबी च्याम भएको ल्यापटप प्रयोग गर्दा पनि हुन्छ । आवश्यकताअनुसार च्याम बढाउन पनि सकिन्छ । मल्टिटास्किङ (भिजुअल इडिटिङ, संगीत सुन्ने, ब्याकग्राउन्डमा विभिन्न सफ्टवेयर तथा एप्लिकेसनहरू चलाउनेलगायत) काम गर्नका लागि कम्तीमा आइफाइभ प्रोसेसर भएको, ८ जिबी च्याम र २ सय ५६ जिबी एसएसडीयुक्त ल्यापटप राम्रो हुन्छ ।

युएसभी पोर्ट, एचडिएमआई पोर्ट, हेडफोन ज्याक, ब्लुटुथ, वाइफाईलगायत सुविधा भए-नभएको सुनिश्चित गर्नुपर्छ । ल्यापटप छान्दा यसको वारेन्टीबारे पनि ख्याल गर्नुपर्छ । किनकि, ब्रान्डेड ल्यापटप पनि चाँडै बिग्रन सक्छ ।

'संग्स अफ लभ एन्ड हेट' बर्लिनमा

नेपाली सर्ट फिल्म 'संग्स अफ लभ एन्ड हेट' बर्लिन फिल्म फेस्टिभलमा छनोट भएको छ । फेब्रुअरी २० देखि १ मार्चसम्म जर्मनीको बर्लिनमा आयोजना हुने फेस्टिभलअन्तर्गत 'जेनेरेसन प्लस सेक्सन'मा छानिएको १७ मिनेट लामो यो फिल्मलाई सौरभ घिमिरेले निर्देशन गरेका हुन् ।

रेडियो कार्यक्रममार्फत प्रेमबारे परामर्श दिने प्रस्तोता आफैँ विछोडमा परेपछिको वियोगको यात्रालाई फिल्मले मुख्य कथावस्तु बनाएको छ ।

'फिल्ममा रेडियोमा प्रेमसम्बन्धी कार्यक्रम प्रस्तोता प्रेममा हुन्छन् । स्रोताहरूले उनीसँग प्रेमबारे परामर्श लिइरहन्छन् । अन्ततः उनी आफैँ प्रेमको वियोगमा पर्छन्,' निर्देशक घिमिरेले भने, 'तर, प्रेमको वियोग परिसकेपछि उनी आफैँलाई त्यो परामर्शको जरुरी हुन्छ । तर, फिल्ममा पात्र भने देखिँदैनन् । उसको आवाजले फिल्मको दृश्य भाषामा अगाडि बढ्छ ।' फिल्मलाई निर्देशक मीन भाम र मिड्सो लिम्बूले निर्माण गरेका हुन् ।

मेकअप गर्दा...

- मेकअप गर्नुअघि सफा पानीले अनुहार धुनुपर्छ । त्यसमा हल्का मोस्चराइजर लगाउने र केही मिनेटपछि फाउन्डेसन प्रयोग गर्नुपर्छ ।
- मेकअप सामग्रीमा क्वालिटीको लिक्विड फाउन्डेसनको प्रयोग गर्नुपर्छ । यसलाई नरम मेकअप ब्रसले लगाउनुपर्छ । यसले अनुहारलाई चम्किलो बनाउँछ । फरक लुक्स दिन पनि सहयोग पुग्छ ।



- जाडोमा मेकअप गर्दा पाउडर प्रयोग नगर्दा नै राम्रो हुन्छ । यसले छाला सुक्खा बनाउँछ । साथै, चमक हराउँछ ।
- सकभर लाइट मेकअप गर्नु राम्रो हुन्छ । मेकअपमा फिनिसिङ टच दिँदा ब्लस अनिवार्य प्रयोग गर्दा राम्रो हुन्छ । अनुहारको चमक बढाउन ब्लसको प्रयोग गरिन्छ । यसले अनुहारको सेपलाई सुधार्न सहयोग गर्छ र असन्तुलित मेकअपलाई ठीक बनाउँछ ।
- जथाभावी मेकअप प्रडक्ट प्रयोग गर्दा छालामा असर पुग्न सक्ने भएकाले राम्रो क्वालिटीको प्रडक्ट प्रयोग गर्नुपर्छ ।

बिरुवा राम्ररी हुर्काउन यसरी गर्नुपर्छ माटोको व्यवस्थापन

जाडोमा अधिकांश बिरुवा निष्क्रिय हुन्छन् । त्यसैले यसको सुरक्षाका लागि ख्याल गर्नुपर्छ । ६ महिनामा रुख-बिरुवाहरूको काँटछाँट गर्नुपर्ने हुन्छ । त्यस्तै, बिरुवामा जाडो महिनामा बोडोपेस्ट (कीटनाशक औषधि) हाल्नुपर्छ । यस सिजनमा पानी कम हाल्दा हुन्छ । आवश्यकताअनुसार हप्तामा एकचोटि हाल्दा पनि हुन्छ । तर, तापक्रमको कमीका कारण माटोमा पोषक तत्त्व कम हुने भएकाले १५-१५ दिनमा मल-खाद हाल्नुपर्छ । गमलामा रोपिएका बिरुवाहरूमध्ये जाडो सहन नसक्ने बिरुवाहरूलाई प्रकाश पर्ने ठाउँमा सार्न सकिन्छ ।



प्रदीप सिंखडा
निर्देशक, एसएस एग्रिकल्चर फार्म


जब माटोको तापक्रम सात डिग्री सेन्टिग्रेडभन्दा तल झर्छ तब माटोभित्र पाइने विभिन्न सूक्ष्मजीवमा नकारात्मक असर पर्छ । अत्यधिक चिसोका कारण माटोभित्र माइक्रोबियल एक्टिभिटी कम हुन्छ र यसले माटोको उब्जाउ क्षमतामा पनि कमी ल्याउँछ ।

त्यसैले जाडोको सिजनमा बिरुवा लगाउन पहिले माटोको अवस्था सुधार्न जरुरी छ । बर्गेचामा झारपात उम्रिएका छन् भने त्यसलाई निकाल्नुपर्छ । किनकि, यस्ता झारपातले माटोको पोषक तत्त्व खिचिरहेका हुन्छन् । जसकारण, मुख्य बिरुवालाई पोषणको कमी हुन्छ । माटोको उत्पादकत्व पनि घट्छ ।

गोडमेल गर्दा मुनिको माटो माथि आउँछ । माटोमा हावाको सञ्चार राम्रो हुन्छ र बिरुवाको जरा राम्रोसँग हुर्कन पाउँछन् । बिरुवामा रोग लाग्ने खतरा पनि कम हुन्छ ।

माटोलाई सुधार गर्न मुख्य बिरुवासँग केही कभर कर्प लगाउन सकिन्छ । मुला, केराउ, रायो आदिलाई कभर कर्पका रूपमा लिइन्छ । यस्ता बिरुवाहरूले माटोलाई नरम बनाउँछन् । झारपातलाई उम्रन दिँदैनन् र उब्जाउ बढाउन सहयोग गर्छन् ।

जाडोमा माटोको उत्पादकत्व बढाउन त्यसमा (गोबर खाद, कम्पोस्ट खाद आदि) विभिन्न मल मिसाउनुपर्छ । यसको प्रयोगले माटो नरम हुन्छ र पोषण सोस्ने क्षमता पनि बढ्छ । बिरुवालाई राम्ररी हुर्कनका लागि मुख्य रूपमा नाइट्रोजन, पोटासियम र फोस्फोरस आवश्यक पर्छ ।



लिलाम विक्री सम्बन्धी अन्य शर्त बन्देजहरु:

१. बोलपत्र सम्बन्धी शर्तबन्देज सहितको बोलपत्र फारम बैंकको केन्द्रीय कार्यालय कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाडौँबाट रु. १,०००।- (रुपैँया एक हजार मात्र) तिरि प्राप्त गर्न सकिनेछ ।
२. प्राप्त बोलपत्रहरु बैंकले कुनै कारण नखुलाई अस्वीकार गर्न सक्ने छ ।
३. लिलाम हुने सम्पति निरीक्षण गर्नुपरेमा वा लिलाम बिक्री सम्बन्धी विस्तृत जानकारीको लागि बैंकको केन्द्रीय कार्यालय (कर्जा असुली विभाग), राधाभवन, त्रिपुरेश्वर, काठमाडौँमा सम्पर्क राख्नुहोला ।
४. माथि उल्लेखित लोकेशन म्याप केवल बिक्री गरिने सम्पतिको स्थान पहिचानका लागि मात्र उल्लेख गरिएको हो । बिक्री गरिने सम्पतिको नक्सा, फिल्ड नक्सा, क्षेत्रफल, नेपाल सरकार तथा सो मातहतका निकायले तोकेको मापदण्ड आदिको बारेमा बोलपत्रदाता स्वयम्ले नै यकिन गरी बोलपत्र पेश गर्नुपर्नेछ ।
५. बोलपत्र पेश गर्ने अन्तिम दिनको भोलिपल्ट दिनको ३ बजे (उक्त दिन सार्वजनिक बिदा परेमा कार्यालय खुलेको दिन सोही समय) यस बैंकको केन्द्रीय कार्या(लय कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाडौँमा बोलपत्र खोलिने जानकारी गराईनछ ।
६. बोलपत्र फारममा उल्लेखित अन्य शर्तहरु लागु हुनेछन् ।

उच्च शिक्षा सुधारका उपाय

प्राज्ञिक क्षेत्रमा भइरहेको 'अति राजनीतीकरण'ले क्याम्पसदेखि विश्वविद्यालयसम्मको शैक्षिक सुधारलाई अवरुद्ध गराइरहेको छ



● भीम रेग्मी

अग्रलेख

त्रिविको गुणस्तर, क्षमता अभिवृद्धि र नेपाली समाजको निराशालाई हटाउने बाटोमा २१औँ शताब्दीको नेपालको उच्च शिक्षाले भूमिका खेल्न सकेको छैन । तसर्थ, नेपालको उच्च शिक्षा सुधारको मुख्य पाटो त्रिभुवन विश्वविद्यालय (त्रिवि)सितै जोडिन्छ । उच्च शिक्षाको सुधारका लागि पटक-पटक सञ्चालनमा आएका सुधार परियोजनामध्ये पहिलो दुई चरणमा (सन् १९९४-२००१ र २००७-२०१४) र दोस्रो २०१५-२०२२ बारे वस्तुगत र प्राज्ञिक लेखाजोखा भएकै छैन । ०४६ पछि देशका विभिन्न स्थानमा नयाँ विश्वविद्यालय खोलिए पनि करिब ७९ प्रतिशत विद्यार्थी त्रिविमै रहनु र त्रिविलाई सम्बन्धन दिने 'कर्पोरेट संस्था' बनाइएका कारण एक हजार ४५५ क्याम्पसमध्ये एक हजार १४४ त्रिविसँग आबद्ध छन् ।

सुधारको पृष्ठभूमि : नेपालको वर्तमान शिक्षा प्रणाली ०२८-३२ को राष्ट्रिय शिक्षा पद्धतिमा अडेको छ । ०३९ मा गठित शाही उच्च शिक्षा आयोगले उच्च शिक्षालाई १९७५-२००७, २००७-१६, २०१६-२८ गरी शिक्षा विकासको चरण र २०२८-३२, २०३२-३६, र २०३६-३९ लाई पञ्चायती पृष्ठभूमिमा विकास भएका फरक मोड मानेको थियो । आयोगले त्रिविबाट प्रमाणपत्र तह हटाउने र संस्कृत विश्वविद्यालय स्थापना गर्ने सुझाव दिएको थियो । आयोगका दुई सदस्यले पश्चिमाञ्चल र पूर्वाञ्चलमा नयाँ विश्वविद्यालय स्थापना गर्नुपर्ने फरक मत राखेका थिए । आयोगलाई आधार मानेर सरकारले ०५६ को बजेटमा महेन्द्र मोरङ क्याम्पसलाई पूर्वाञ्चल र पृथ्वीनारायण क्याम्पसलाई पोखरा विश्वविद्यालयमा राख्ने नीति लिएको थियो । तर, पूर्वाञ्चल विश्वविद्यालय (२०५३) र पोखरा विश्वविद्यालय (२०५४) मा स्थापना भइसकेका कारण बजेटको लक्ष्य पूरा भएन । आयोगले त्रिविका आंगिक क्याम्पसलाई स्वायत्तता दिने फरक मत पनि समेटेको थियो । ०४० देखि नै आर्थिक रूपमा देश खुला बजारका बाटोमा हिँड्ने नीतिअनुसार नै प्रतिवेदनले त्रिविका क्याम्पसलाई विकेन्द्रीकरण र केही क्याम्पसलाई क्लस्टरमा समेटेर नयाँ विश्वविद्यालय स्थापना गर्न सुझायो ।

०४६ को राजनीतिक परिवर्तनपछि विश्व बैंक, युएनडिपी र नेपाल सरकार मिलेर उच्च शिक्षाबारे अध्ययन गर्न कमलप्रकाश मल्लको संयोजकत्वमा बनेको समितिले त्रिविको केन्द्रीकृत नीति, बोझिलो प्रशासनिक संरचना र क्याम्पस सञ्चालनको नीतिलाई प्रमुख समस्या मानेको थियो । प्रतिवेदनले उच्च शिक्षामा स्वायत्तता र विकेन्द्रीकरणबारे शाही प्रतिवेदनको फरक मतलाई मुख्य बुँदा मानेर क्याम्पसलाई विकेन्द्रीकरण र आवश्यक मात्रामा अधिकार प्रत्यायोजन गर्नुपर्ने ठहर गऱ्यो । आयोगको प्रतिवेदनको निष्कर्ष ०२८ को राष्ट्रिय शिक्षा पद्धतिको योजनाभन्दा उल्टो थियो । ०२८ पछि देशका विभिन्न क्षेत्रमा स्थानीय जनताको सक्रियतामा चलेका सबै क्याम्पसलाई त्रिविको नीतिगत नियन्त्रणमा ल्याइयो । मल्ल आयोगले त्रिविको केन्द्रीकृत नियन्त्रणबाट हटाएर क्याम्पसलाई स्वायत्तता र विकेन्द्रीकरणमा लैजाने नीति लिएको थियो ।

पहिलो उच्च शिक्षा सुधार परियोजना : २०३९ को शाही उच्च शिक्षा आयोगको प्रतिवेदनअनुसार ०४३ मा नेपाल संस्कृत विश्वविद्यालय स्थापना भयो । नेपाल सरकार र विश्व बैंकबीच ०५० मा उच्च शिक्षा परियोजना १९९४-२००१ लागू भयो । सरकारले विश्व बैंकमा बुझाएको परियोजनाको 'पोलिसी स्टेट्मेन्ट'मा त्रिविका क्याम्पस र विभागलाई विकेन्द्रीकरणको नीतिअनुसार 'कस्ट सेयरिङ र कस्ट रिकभरी'मा सञ्चालन गर्ने नीति थियो ।

परियोजनाअनुसार 'एजुकेसनल म्यानेजमेन्ट इन्फर्मेसन सिस्टम' र क्षेत्रीय क्लस्टर विकासका लागि ७७ लाख अमेरिकी डलर नेपाललले पायो । त्रिवि विकेन्द्रीकरण नियम, ०५५ लाई संस्थागत गरी २४ क्याम्पस विकेन्द्रीकरणमा गए । क्याम्पस र विभागलाई आन्तरिक स्रोत परिचालन गरी छुट्टै स्रोत जुटाउन र शैक्षिक कार्यक्रम चलाउन आवश्यक शिक्षक-कर्मचारी राख्ने अधिकार दिइयो । यसलाई विश्व बैंकले पहिलो सुधारको प्रथम चरणको उपलब्धि मानेको छ । तैपनि प्राज्ञिक र आर्थिक रूपमा विकेन्द्रीकरणमा गएका क्याम्पस अरूभन्दा भिन्न देखिन सकेनन् । विकेन्द्रीकृत क्याम्पसले वित्तीय अधिकार बढी पाए पनि अध्यापक वा कर्मचारी नियुक्तिमा मनोमानी, परिवारिक र आफन्तमोहलगायत समस्याले क्याम्पसहरू आर्थिक रूपले 'कोल्याप्स' हुने अवस्थामा पुगे ।

त्रिविका तत्कालीन उपकुलपति केदारभक्त माथेमाले विश्व बैंकको आडमा सुरु गरेको यही कार्यक्रमका लागि ३६ लाख अमेरिकी डलरको लागतमा पूर्वाञ्चल र पश्चिमाञ्चलमा दुई क्लस्टर बनाएर पूर्वाञ्चल र पोखरा विश्वविद्यालय बनाउने लक्ष्यअनुसार काम भएन । पछाडि क्लस्टर निर्माण गर्ने योजना बदलेर पैसा खर्च गर्नकै लागि 'मिनी क्लस्टर' बनाउन पृथ्वीनारायण क्याम्पसले ०५३ को अन्त्यतिर म्यानेजमेन्ट प्लान उच्च शिक्षा परियोजनालाई बुझायो ।

परियोजनाको दोस्रो चरण : उच्च शिक्षा सुधारको पहिलो चरण (१९९४-२००१) अनुसार विकेन्द्रीकरणमा जोड दिइयो । पहिलो सुधार परियोजनाको दोस्रो चरण (२००७-०१४) ले मुख्यतः स्वायत्ततालाई ध्यान दियो । प्रभावकारी व्यवस्थापन र प्राज्ञिक संस्थाहरूको दीर्घकालीन वित्तीय दक्षता अभिवृद्धि गर्न क्याम्पस सुधार अनुदानलाई इन्सेन्टिभ, पर्फर्मेन्स र म्याचिङ ग्रान्टको व्यवस्था गरेर त्रिविले स्वायत्ततासम्बन्धी नियम २०६२ जारी गरेअनुसार १० लाख अमेरिकी डलर पायो । पहिल्यै विकेन्द्रीकरणमा गएका क्याम्पसलाई स्वायत्ततामा गएमा प्रोत्साहन अनुदानको व्यवस्था परियोजनामा थियो । कामको प्रगतिका आधारमा 'पर्फर्मेन्स ग्रान्ट' र क्याम्पसलाई निजी स्रोत या आफ्नो स्रोत सिर्जनाका लागि प्रोत्साहित गर्न 'म्याचिङ ग्रान्ट' राखिएको थियो । सहभागी क्याम्पसले आन्तरिक रूपमा जुटाएको रकम बराबर हुने गरी परियोजनाबाट थप्ने र एउटा स्वायत्त क्याम्पसले बढीमा २५ लाख डलर र विकेन्द्रीकरणमा गएका क्याम्पसले चार लाख डलर पाउने व्यवस्था परियोजनामा थियो ।



०१५-०२२ को परियोजनामा विश्व बैंककै सहयोगमा उच्च शिक्षा सुधार कार्यक्रम समाप्त भइसकेको छ । यसले त्रिविका आंगिक क्याम्पस र सामुदायिक क्याम्पससमेतलाई स्वायत्तता दिने कार्यक्रमअनुसार जम्मा १४ आंगिक क्याम्पस र आठ सामुदायिक क्याम्पसलाई स्वायत्ततामा लैजाने लक्ष्य लिएको थियो । तैपनि, त्रिविका विकेन्द्रित आंगिक क्याम्पसलाई स्वायत्ततामा लैजाने नीति फेरि पनि असफल भयो । स्वायत्ततासम्बन्धी नियमको कार्यान्वयनकर्ता त्रिवि हो कि विश्वविद्यालय अनुदान आयोग भन्ने विवाद त्रिविका पदाधिकारीमा थियो । सुधारको परियोजनाबाट सन्तुष्ट नबनेको विश्व बैंकले २०११ मा परियोजनाको पुनः संरचना गरी त्रिविलाई सुधारको सब-कम्पोनेन्ट मान्यो । स्वायत्ततासम्बन्धी नीतिलाई पुनः परिभाषा गरेर पछि तीनवटालाई स्वायत्तता दिने नयाँ लक्ष्य बन्यो । त्रिविबाट स्वायत्तता पाएका महेन्द्ररत्न क्याम्पस इलाम, महेन्द्ररत्न, ताहाचलदेखि जनप्रशासनसहितका क्याम्पसले प्रशासनिक र आर्थिक कामलाई अधिकार माने पनि प्राज्ञिक स्वायत्ततामा सुधार गर्ने अवस्था देखिएन ।

> राजनीतिक भागबन्डाभन्दा पनि क्याम्पसलाई प्राज्ञिक, प्रशासनिक र आर्थिक रूपमा सबल गराउन सक्ने हुटहुटी भएका प्राज्ञलाई विश्वविद्यालयका उपकुलपति र क्याम्पसका प्रमुखमा नियुक्त गर्न नसक्दा त्रिवि सुधारले बाटो समात्न सकेन

सुधार योजनाको असफलता : ०४६ पछि राजनीतिक परिवर्तनका लागि सहयोग गरेको भनेर विश्वविद्यालयमा रहेका सबै अस्थायी शिक्षक र कर्मचारीलाई सरकारको निर्देशनमा त्रिविले स्थायी गऱ्यो । तर, ०६२-६३ पछि ठूलो संख्यामा करार भएका शिक्षक र कर्मचारी ०८० सम्म पनि अधिकारको लडाइँ लड्नुपर्ने अवस्थाले उच्च शिक्षामा रहेको समस्या बताउँछ ।

उच्च शिक्षा सुधारका लागि सन् १९९४-२००१, २००७-२०१४ र दोस्रो २०१५-२२ सम्ममा प्राज्ञिक उपलब्धि खासै देखिएन । परियोजनाको असफलतामा विद्यार्थी संगठन, शिक्षक/कर्मचारी र प्राध्यापक संघबीच विकेन्द्रीकरण र स्वायत्ततालाई बुझ्ने विषयमा देखिएको फरक मत नै मानिन्छ । योजनाको असफलता उच्च शिक्षाबाट नेपाल सरकारले हात झिकेमा विश्वविद्यालयको भविष्य के हुने भन्नेबाट उब्जिएको छ । र, हाल विशिवद्यालयलाई 'बोर्ड अफ ट्रस्टी'मा लैजाने भन्दा उठेको शंका पनि यसैमा हो । तथापि, हाल सरकारले त्रिविका कुलपति प्रधानमन्त्री र केन्द्रीय विश्वविद्यालयका कुलपति शिक्षामन्त्री रहने व्यवस्थासहित उच्च शिक्षासम्बन्धी कानुनको मस्यौदा तयार पारेको छ र नेपाल खुला विश्वविद्यालयमा यो नीति लागू भइसकेको छ । सुधारको दोस्रो परियोजनाअनुसार स्वायत्तता र विकेन्द्रीकरणलाई उच्च शिक्षा निजीकरणको सुरुवात भनेर बुझिएको र त्रिविका आंगिक क्याम्पसलाई स्वायत्ततामा जान अवरोध गरियो । क्याम्पसहरूमा देखिएको 'अति राजनीतीकरण'ले स्वायत्ततामा जान तयार क्याम्पसका प्रशासनिक संचरनासहित स्थानीय सरकारका प्रतिनिधि, समाजसेवी, दाता, अभिभावक, विश्वविद्यालयका प्रतिनिधिमा देखिएको नीतिहीनताका कारण सुधार परियोजनाले साकार रूप लिन सकेन । राजनीतिक भागबन्डाभन्दा पनि क्याम्पसलाई प्राज्ञिक, प्रशासनिक र आर्थिक रूपमा सबल गराउन सक्ने हुटहुटी भएको प्राज्ञलाई क्याम्पस प्रमुख नियुक्त गर्न नसकेका कारण त्रिविको सुधारले बाटो समात्न सकेन ।

त्रिवि स्वायत्ततासम्बन्धी नियम, २०६२ अनुसार क्याम्पसमा आवश्यकताअनुसार पहिला ज्यालादारी वा आंशिक भनेर राख्ने र पछि मासिक वा करारमा लैजाने सोच नै त्रिवि नियमको कमजोर पक्ष देखियो । त्रिविले समय-समयमा विज्ञापन गरेर शिक्षक कर्मचारीलाई आवश्यक मात्रामा छनोट गर्नुपर्नेमा ०४७ पछि ०५४, ०५८, ०६४, ०६८, ०७२ र ०७४ गरी जम्मा ६ पटक खुला र आन्तरिकका लागि विज्ञापन गरेर पनि योग्य मानिसलाई भित्र्याउन नसक्नु उच्च शिक्षामा रहेको पुरानो समस्या हो । ०७७ मा शिक्षकका लागि गरेको खुला विज्ञापनअनुसारको परीक्षा २०८० सम्म लिन नसक्नुले समस्यालाई देखाउँछ । र, लामो समयदेखि विज्ञापन गरेर सेवा आयोगले कर्मचारी राख्न नसक्दा क्याम्पसले भर्ना गरेका कर्मचारी पछि त्रिविका लागि नै बोझ हुने अवस्था छ । सुधारविनाको 'कस्ट रिकभरी र कस्ट सेयरिङ'जस्ता परियोजनाको लक्ष्य पूरा गर्न क्याम्पस प्रमुखहरूले नै प्रमुख भूमिका खेल्न सकेनन् । विद्यार्थी कम भएका र नयाँ विषयमा विद्यार्थीको चापअनुसार दरबन्दी मिलान गर्न दुवै परियोजनाले चासो दिएनन् ।

त्रिवि सुधारका लागि १९९४-२०२२ सम्मका परियोजनामा प्राध्यापक, कर्मचारी र विद्यार्थीमा अपनत्व देखिएन । त्रिविले विद्यार्थी भर्ना, परीक्षा र नतिजा प्रकाशनका लागि आवश्यक जनशक्तिको अभाव झेलेको छ । बाहिरबाट हेर्दा कतै-कतै भौतिक सम्पन्नता देखिए पनि प्राध्यापकले विश्वविद्यालयमा बसेर अनुसन्धान गर्ने कोठाको समेत अभाव छ । त्रिविले क्याम्पसदेखि केन्द्रसम्म भोक लागेका वेला खान पाउने क्यान्टिन र शौचालयको समेत सुधार गर्न सकेन । विद्यार्थी संख्या घट्दै जाने तर केन्द्रीय विभागलाई टुक्रा पार्ने नीतिको अन्त्य गरी खर्च नियन्त्रण गरेर पेन्सन कोषलाई बलियो बनाउनुपर्छ । उत्पादित जनशक्तिलाई देशमै खपत गर्न देशभित्र काम दिन सक्ने वातावरण सरकारले बनाउनुपर्छ । बदलिएको राजनीति र समयअनुसार प्रविधि प्रयोगमा लिबरल 'आर्ट्स' विषयको उत्पादन आवश्यक देखिन्छ । सरकारका तीनवटै तहमा उच्च जनशक्तिलाई तिरस्कार गर्ने, होच्याउने र दुःख दिने वातावरणबाट मुक्त गरेर विद्यार्थी र अनुसन्धानकर्ताप्रतिको सकारात्मक सोच विकास गर्नुपर्छ ।

निष्कर्ष : १९९३ देखि २०२२ सम्म सञ्चालन भएका विश्व बैंकका सबै परियोजनाले उच्च शिक्षामा स्वायत्तताको बाटोबाट वास्तविक सुधार गर्न सकेनन् । विश्व बैंक र सरकारको मुख्य ध्यान 'कस्ट रिकभरी र कस्ट सेयरिङ' मात्रै देखियो । त्रिविका पदाधिकारीले त्रिविको ठूलो आकारलाई समस्या होइन, गौरवको विषय भएको कुरा ४९औँ दीक्षान्तमा देखिँदा सुधारको कामले सफलता नपाएको मान्न सकिन्छ । तैपनि त्रिविमा नियम संस्थागत रूपमा लागू हुन नसक्दा उपकुलपतिको टाउकामा सबै जिम्मा लगाएर उच्च शिक्षाका सबै उद्देश्य पूरा हुन्नन् । डिन, डाइरेक्टर, परीक्षा नियन्त्रक, क्याम्पस प्रमुखसम्मलाई जिम्मेवार बनाउँदा र देखिने 'अति राजनीति'बाट विद्यार्थी, शिक्षक र कर्मचारीलाई पर्दै राखेर ताल्चा झुन्ड्याउने र पदाधिकारी पनि कसैको मात्र बनिदिने अपसंस्कृति हटाउन सकेमा त्रिविका वर्तमान कुलपतिले उपकुलपति नियुक्तिमार्फत दिन खोजेको सन्देशले सार्थकता पाउनेछ ।

(विश्वभाषा क्याम्पसका पूर्वप्रमुख रेग्मी त्रिविमा प्राध्यापनरत छन्)

---

३ प्रश्न

अवकाशप्राप्त प्रहरी महानिरीक्षक **उपेन्द्रकान्त अर्याल**लाई



सरकारले प्रहरी समायोजनको कामलाई तीव्रता दिन लागेको छ, यसबारे तपाईंको धारणा के छ ?

नयाँ संविधान जारी भएर देश संघीयतामा गएको ८ वर्ष भइसकेको छ । संविधानमा प्रदेशमा प्रदेश प्रहरी रहने र दैनिक शान्ति सुरक्षाको जिम्मेवारी उसैको हुने व्यवस्था भएकाले संविधानको भावनाअनुसार प्रहरीलाई समायोजनमा लैजानुपर्छ तर यससँगै आउने जोखिमलाई संवेदनशीलतापूर्वक ध्यान दिइनुपर्छ ।

समायोजनले प्रहरीलाई कमजोर बनाउन सक्छ, शान्ति सुरक्षामा असर पर्न सक्छ भन्ने चिन्ता पनि देखिन्छ नि ?

समायोजनका लागि यसबीच कति गृहकार्य भए, मलाई थाहा छैन । समायोजनले पार्ने दूरगामी असरबारे सम्बद्ध पक्षसँग विस्तृत छलफल जरुरी छ । यसबाट प्रभावित हुने प्रहरी अधिकारी नै हुन् । उनीहरूको वृत्ति विकासलगायत पक्षबारे पहिल्यै प्रस्ट हुनुपर्छ । प्रहरीको मनोबलमा असर नपर्ने र शान्ति सुरक्षाको अवस्था अझै बलियो हुनेगरी समायोजनको मोडालिटी बनाउनुपर्छ । हतार गरेर समायोजन गर्नुभन्दा समायोजनका विविध पक्षमा व्यापक बहस जरुरी छ । नत्र प्रतिकूल अवस्था आउने सम्भावना हुन्छ ।

समायोजनपछि प्रहरीमा दोहोरो चेन अफ कमान्डको जोखिम हुन्छ भनिन्छ नि ?

समायोजनको अन्तिम मोडालिटी तयार भइसकेको छैन जस्तो लाग्छ । कस्तो मोडालिटीमा समायोजन गर्ने भन्ने विषयमा प्रस्ट हुनुपर्छ । समायोजनअघि नै संघीय गृह मन्त्रालय, संघीय प्रहरी, प्रदेश मन्त्रालय, प्रदेश प्रहरीको भूमिका के-के हुने भनेर प्रस्ट पार्नुपर्छ । प्रस्ट कानुन नआई समायोजनको काम अघि बढाउनु हुन्न नत्र यसले प्रहरीको मनोबल मात्र होइन, समग्र शान्ति सुरक्षा र अपराध अनुसन्धानमै प्रतिकूलता सिर्जना गर्ने जोखिम रहन्छ ।

प्रेरक प्रसंग

कामको पूर्वअनुभव

सहरदेखि केही परको गाउँमा एक वृद्ध दम्पती बस्थे । यो स्थान निकै शान्त थियो । वरपर खेतबारी प्रशस्त थियो । त्यहाँ काम गर्ने किसान प्रायः काममा व्यस्त देखिन्थे ।

एक बिहान सबैरै उठेर बगैंचामा टहलिरहेका वृद्ध दम्पतीले हातमा कोदालो लिएर साइकलमा गइरहेको नौलो युवकलाई देखे । युवक एकैछिनमा ओझेल भए । वृद्ध दम्पतीले खासै ध्यान दिएनन् । दोस्रो दिन बिहान पनि ती युवक त्यसैगरी जाँदै गरेका देखिए । अब यो दैनिकी नै बन्यो । ती युवक हरेक दिन कोदालो बोकेर साइकलमा आउँदै गरेका देखिन्थे र एकैछिनमा बेपत्ता हुन्थे । तिनी कहाँ जान्थे र के गर्थे, वृद्ध दम्पतीमा कुतूहल उत्पन्न भयो ।



उनीहरूले ती युवकको चियो गर्ने सल्लाह गरे । अर्को बिहान उनीहरूले आफ्नो गाडी सडकको किनारमा तयारी अवस्थामा राखे । एकैछिनमा ती युवक सदाझैं साइकलमा आए र आफ्नो बाटो लागे । वृद्ध दम्पती पनि आफ्नो गाडीबाट साइकलवाला युवकलाई पछ्याउँदै बिस्तारै अघि बढे । केही अगाडि पुगेपछि ती युवकले आफ्नो साइकल रोके र एउटा खेततिर लागे । खेतमा पुगेपछि उनी आफ्नो कोदालोले खेत खन्न थाले । दम्पतीलाई उनको यो कार्य अलि अनौठो लाग्यो । नजिकै गएर उनीहरूले युवकलाई सोधे- बाबु, तिमी यो गाउँका होइनौ जस्तो लाग्यो । यहाँ आएर यसरी अर्काको खेत किन खनिरहेका छौ ? खेतमा कोदालो चलाउँदै युवकले भने- मैले अबका दुई दिनपछि एक किसानकहाँ काम गर्न जानु छ । तर, मसँग खेतमा काम गरेको अनुभव छैन । मसँग आफ्नो जमिन पनि छैन । त्यसैले, मैले यो जमिनका मालिकसँग अनुरोध गरेर यहाँ खेती गर्ने अनुभव लिइरहेको छु । आखिर, राम्रो काम गर्न अनुभव त चाहियो नि होइन ? युवकको भनाइ सुनेपछि वृद्ध दम्पती खुसी भए र उनलाई सफलताको आशीर्वाद दिएर फर्किए ।

टिप्पणी

nayapatrikaofficial
@naya_patrika

देशमा आशा जगाउने कसले ?

लोकतान्त्रिक गणतन्त्रमा सत्तापक्ष र प्रतिपक्षमा रहेका राजनीतिक दलले घोषणा गरेअनुसारका काम नगरेपछि आमनेपाली जनता निराश छन् । देशमा भ्रष्टाचार बढेको बढ्दै छ । विकास निर्माणका काम ठप्पप्रायः छन् । महँगी उकालो चढेको चढ्दै छ । बेरोजगारी समस्या दिनदिनै बढिरहेको छ । जनता भोकभोकै मरिरहेका र नेताहरू विलासी जीवन बाँचिरहेका दृश्य आमरूपमा देखिइरहन्छन् । गरिब नेपाली युवाले खाडी, मलेसियालगायत मुलुकमा पसिना बेचेर पठाएको रेमिट्यान्सका भरमा देश चलिरहेको छ । र, त्यसैमाथि पनि कुस्त भ्रष्टाचार भइरहेको छ । अनि जनता कसरी आशावादी बन्न सक्लान् ? यो देशमा जनतामा आशाको सञ्चार गराउन सक्ने कोही छैन हो ?

● **बलराम थापा**, क्षेत्रपाटी, काठमाडौं

प्रहरी अधिकृतमाथि अन्याय नगर

यतिखेर सरकारले डिएसपीसम्मका प्रहरी कर्मचारीलाई प्रदेशमा समायोजन गर्ने तयारी गरिरहेको छ । देश संघीयतामा गएको र सात प्रदेशमा विभाजित भएको सन्दर्भमा प्रहरी, निजामती कर्मचारी आदि प्रदेशमा समायोजित हुनु अनौठो होइन । तर, समायोजित प्रहरी अधिकृतको वृत्तिविकास बीचमै रोकिने अवस्था आउनु भनेकोचाहिँ उनीहरूमाथिको अन्याय हो । प्रहरी अधिकृतलाई समायोजन त गर तर वृत्तिविकासको अवसर रोकेर उनीहरूमाथि अन्याय नगर ।

● **राधिका कठायत**
बकुलर, चितवन

प्रभावकारी छानबिन गर

एक लाखभन्दा बढी फर्जी लाइसेन्स वितरण गरी अर्बौंको चलखेल गरिएको विषयमा यातायात व्यवस्था विभागमा यतिखेर खैलाबैला मच्चिएको छ । यस प्रकरणमा ठूलो गिरोह सक्रिय रहेकोमा शंका छैन । साथै, तलदेखि माथिसम्मका कर्मचारीको मिलेमतोविना यति ठूलो गडबडी हुनै सक्दैन । त्यसैले, यस प्रकरणमा विभाग या मन्त्रालयको आन्तरिक छानबिनले मात्र पुग्दैन । यसका लागि सिआइबी र अख्तियार दुरुपयोग अनुसन्धान आयोगले अनुसन्धान गरिनुपर्छ ।

● **सुजित केसी**
मीनभवन, काठमाडौं

चिकित्सक पलायन कसरी रोक्ने ?

देशबाट हरेक वर्ष अदक्ष कामदार मात्र होइन, दक्ष जनशक्तिसमेत ठूलो संख्यामा विदेश पलायन भइरहेका छन् । यही गतिमा दक्ष जनशक्ति (विशेषगरी स्वास्थ्य क्षेत्रका चिकित्सक, नर्स आदि) विदेश पलायन भइरहने हो भने अबको १० वर्षपछि मुलुकमै बसेर आफ्नो स्वास्थ्योपचार गर्न पनि नपाउने दिन आउन सक्ने देखिन्छ । के हाम्रा दलका शीर्ष नेताहरू र नीति-निर्माताले यसबारे गम्भीर ढंगले चिन्तनमनन गरेका छन् ? ठूलो खर्च र लामो समय लगाएर उत्पादन गरिएका दक्ष जनशक्तिलाई मुलुकमै रोक्ने र तिनलाई रोजगारी र आकर्षक तलब भत्ता दिने विषयमा राज्यले प्रस्ट नीति ल्याएर काम नगर्ने हो भने भविष्यमा यो देशमा भयावह स्थिति ननिम्तेला भन्न सकिन्न । आफ्नो पद, तलब, भत्ता, सुविधा, कमिसनलगायत विषयमा मात्र चिन्तन गरिरहने तर देशका लागि अत्यावश्यक दक्ष, अर्धदक्ष तथा अदक्ष जनशक्तिको पलायन रोक्नचाहिँ चासो नदिने हो भने यो देश कसरी चल्ला ? के हाम्रा नेताले यस विषयमा केही सोच्ने कष्ट उठाएका छन् ?

सन् २०२३ मा नेपालमा दुई हजार २२२ जना डाक्टरले परीक्षा पास गरे । तर, त्योभन्दा बढी अर्थात् दुई हजार ३१८ डाक्टरले विदेश जान असल चारित्रिक प्रमाणपत्र लिए । यस्तो डरलाग्दो तथ्यांक देख्दा पनि नीति-निर्माताबीच यस विषयमा कुनै बहस नचल्नु गम्भीर चिन्ताको विषय हो । स्वास्थ्य क्षेत्रमा एकातिर दरबन्दी अपुग छ भने अर्कातिर भएकै कैयौँ दरबन्दी रिक्त छन् । यस्तो अव्यवस्थाबीच हाम्रा चिकित्सकको पलायन कसरी रोकिएला खोइ ?

● **गोपाल देवकोटा**, जोरपाटी, काठमाडौं
gopaldevkota@gmail.com

दक्षिण कोरियामा कुकुर वधमा प्रतिबन्धको प्रभाव

केहीका लागि कुकुरको मासुको व्यापार सांस्कृतिक साम्राज्यवादविरुद्धको संघर्ष हो भने केहीका लागि यो आधुनिकताको अवरोधक हो



देश / विदेश

● जुलियन डुगनोइल ● जोन नाइट

कुकुरको वध गरेर मानवीय उपभोगका लागि मासु बिक्रीलाई अवैध घोषणा गर्ने विधेयक पारित भएसँगै दक्षिण कोरियामा कुकुरको मासुको व्यापार सन् ०२७ मा औपचारिक रूपमा बन्द हुनेछ । तर, नयाँ कानुनले कुकुरको मासु उपभोगमा भने बन्देज लगाएको छैन । यदि कुनै व्यक्तिले यो कानुन उल्लंघन गरेमा २२ हजार डलरभन्दा बढी जरिवाना तिर्नुपर्नेछ र तीन वर्षको जेल सजाय व्यहोर्नुपर्नेछ ।

दक्षिण कोरियामा यो विधेयक पारित हुनुलाई जनावर संरक्षण संस्थाहरूको विजयका रूपमा अर्थ्याइएको छ । तर, कानुनको विरोध पनि भएको छ । विशेषतः कुकुरको मासु खान पाउनुपर्छ भन्ने संस्थाले विरोध गरेका छन् । किनभने कानुनसँगै कुकुरपालक किसान र आपूर्तिकर्ता प्रत्यक्ष रूपमा प्रभावित हुनेछन् । दक्षिण कोरियामा सुँगुर, गाई र कुखुरापछि सबैभन्दा बढी उपभोग गरिने मासु कुकुरकै हो । यद्यपि कुकुरको मासुको सेवन पछिल्ला केही दशकयता घट्दो क्रममा छ । र, मुलुक कुकुरको मासु खाने वा नखाने भन्नेमा आधा शताब्दीयतादेखि विभाजित छ । केहीका लागि कुकुरको मासुको व्यापार सांस्कृतिक साम्राज्यवादविरुद्धको संघर्ष हो भने केहीका लागि यस्तो व्यापार आधुनिकताको अवरोधक हो । यो सबै हुँदा अन्य जनावर, जसको मृत्यु र मासुको व्यापार ठूलो मात्रामा हुने गर्छ, तीप्रतिचाहिँ कमै मान्छेको ध्यान पुगेको छ । कोरियामा कुकुरको मासु उपभोगको इतिहास निकै पुरानो छ । केही कोरियाली विद्वान्का अनुसार नवपाषाण युग (इसापूर्व ६००० देखि २००० वर्षको समय) मा भेटिएका अवशेषमा कुकुरको मासु उपभोग गरिएको प्रमाण पत्ता लागेको छ ।

कोरियामा कुकुरको मासुलाई लिएर राष्ट्रिय एवं अन्तर्राष्ट्रिय तनाव सन् १९८८ को सियोल ओलम्पिक्समा देखिएको थियो । त्यसवेला दक्षिण कोरियाली सरकारले परम्परागत बजारमा कुकुरको मासु व्यापारमा अस्थायी प्रतिबन्ध लगाएको थियो । त्यसैगरी, कुकुरको मासु बेच्ने पसलेलाई विदेशी आगन्तुक दुःखी नहोऊन् भनेर कुकुरको अस्थिपञ्जर लुकाउन निर्देशन दिइएको थियो । कोरियाली सरकारको यो निर्देशनलाई कोरियाका नागरिक समाजले उपनिवेशकालीन सांस्कृतिक साम्राज्यवाद भन्दै आलोचना गरेका थिए । यो घटनाक्रमले राष्ट्रिय गौरवको भावनालाई बढायो र कुकुरको मासु खाने प्रचलनलाई जोगाउन कोरियालीलाई उद्यत् बनायो ।

यस्तै प्रतिबन्ध सन् २००२ को फिफा विश्वकप दौरान पनि देखियो (त्यसवेला दक्षिण कोरियाले फुटबल विश्वकपको सहआयोजना गरेको थियो) । नतिजा, त्यसवेला जनस्तरबाट कडा प्रतिक्रिया आएको थियो । प्रभावशाली कोरियाली सार्वजनिक एवं राजनीतिक व्यक्तिले कुकुरको मासुलाई राष्ट्रिय संस्कृतिको प्रतीक मानेका थिए । यस्तै तनाव सन् २०१८ को पियोङच्याङमा शीतकालीन ओलम्पिक्समा पनि देखियो । त्यसवेला पनि सरकारले कुकुरको मासु बेच्ने रेस्टुराँ बन्द गर्ने र कुकुरको हड्डी लुकाउने योजना अघि सारेको थियो ।

तर, विशेषतः सन् २००० देखि कोरियामा कुकुरको मासुको उपभोग नाटकीय रूपमा घटेको छ । सन् २००२ मा दक्षिण कोरियामा कुकुरको मासु सेवनका लागि ३० लाख कुकुरको वध गरिएको थियो । तर, सन् २०२० को दशकको सुरुवातमा जनावर संरक्षण समूह काराका अनुसार यो आँकडा १० लाखभन्दा मुनि झरेको थियो, अर्थात् वधसंख्या दुईतिहाइले घटेको थियो ।

हालैको दशकमा जनावर संरक्षण कोषहरूले कुकुरको मासुको व्यापारमा रोक लगाउन नागरिक अभियान नै



तस्बिर : इपिए

चलाइरहेका छन् । यस आन्दोलनलाई नवायुवाले समर्थन गरिरहेका छन् । सम्भवतः नवयुवा जनावरलाई सौखका रूपमा पाल्ने संस्कृति 'पेट कल्चर'बाट प्रभावित भएर अघिल्लो पुस्तालाई चुनौती दिइरहेका छन् ।

कोभिड महामारीले पनि पछिल्ला केही वर्षयता कुकुरको मासुको उपभोगमा भारी गिरावट ल्याएको हुन सक्छ । कोभिड महामारी फैलिनुअघिसम्म पनि परम्परागत बजारमा कुकुरको वध हुने गर्थ्यो । महामारी फैलिएपछि नगरपालिकाका अधिकारीले खुद्रा व्यापारीलाई कुकुरको वधशाला बन्द गराउन सहमत गराएका थिए ।

हामीमध्येको एक (जुलियन डुगनोइल) ले अन्य अनुसन्धातासँग मिलेर गरिरहेको अनुसन्धानमा महामारीले कुकुरको मासुको उपभोग घटाएको हुन सक्ने देखाएको छ । यो परिवर्तनले सहरलाई जनावर र मानिसमा फैलिन सक्ने रोगको जोखिमबाट मुक्त राख्ने बहस सिर्जना गरेको छ ।

सन् २०१४ यता नगरपालिकाहरूले कुकुरको खुद्रा मासु विक्रेतालाई परम्परागत बजारमा मासु पसल बन्द गरेबापत क्षतिपूर्ति दिँदै आएका छन् । तर, अब पूर्ण प्रतिबन्ध हुने कानुन बनेपछि कुकुरपालक किसानले क्षतिपूर्तिको माग गरिरहेका छन् ।

कोरियन डग मिट एसोसिएसनले पारित भएको विधेयकमा शक्तिको दुरुपयोग गरिएको आरोप लगाएको छ । यसबाहेक एसोसिएसनले पारित विधेयकले कुकुरको मासु खानेको अधिकार हनन गरेको जनाएको छ । गत डिसेम्बरमा एसोसिएसनले प्रत्येक कुकुरपालक किसानलाई प्रतिकुकुर एक हजार पाँच सय डलरबराबर

इरानमाथि पाकिस्तानको प्रत्याक्रमण, कम्तीमा नौजनाको मृत्यु

आतंकवादी गतिविधि हुन लागेको विश्वसनीय गुप्तचर सूचनाका आधारमा हवाई आक्रमण गरिएको पाकिस्तानको भनाइ

एएफपी / इरानले पाकिस्तानी भूमिमा आक्रमण गरेको एक दिनपछि पाकिस्तानले इरानमा रहेका आतंकवादी आश्रयस्थलमा लक्षित हवाई आक्रमण गरेको छ। इरानको दक्षिणपूर्वी क्षेत्रमा भएको विस्फोटमा परी तीन महिला र चार बालबालिकासहित नौजनाको मृत्यु भएको इरानी सरकारी सञ्चारमाध्यमले जनाएका छन्।

बिहीबार बिहान पाकिस्तानले इरानको सिस्टान-ओ-बलुचिस्तान प्रान्तमा अतिवादी लुकेका स्थानलाई लक्षित गरी शृंखलाबद्ध सैन्य आक्रमण गरेको पाकिस्तानी विदेश मन्त्रालयद्वारा जारी विज्ञप्तिमा भनिएको छ। इरानले पाकिस्तानमा 'आतंकवादी समूह'विरुद्ध आक्रमण गरेपछि उक्त प्रत्याक्रमण भएको हो।

पाकिस्तानको विदेश मन्त्रालयले भनेको छ, 'ठूलो परिमाणमा आतंकवादी गतिविधि हुन लागेको विश्वसनीय गुप्तचर सूचनाका आधारमा बिहीबार हवाई आक्रमण गरिएको छ।' सरवन सहरवरपरका विभिन्न क्षेत्रमा विस्फोटको आवाज सुनिएको इरानको सरकारी समाचार संस्था इरनाले एक प्रान्तीय अधिकारीलाई उद्धृत गरी जनाएको छ।

तेहरानले इराक र सिरियामा पनि 'इरानीविरोधी अतिवादी समूह'विरुद्ध आक्रमण गरेपछि इरान सरकारले पाकिस्तानमा जैस अल-अदल समूहलाई लक्षित गरी क्षेप्यास्त्र र ड्रोन आक्रमण गरेको जनाएको थियो। तेहरान र इस्लामाबादले एक-अर्कालाई उनीहरूको भूमिबाट आक्रमण गर्न अनुमति दिएको आरोप लगाउँदै आएका छन्, तर दुवैतर्फका आधिकारिक सेनाले आक्रमण गरेको बिरलै पाइन्छ।

इजरायलले गाजामा हमासविरुद्ध युद्ध लडिरहेको र यमनमा प्यालेस्टाइन समर्थक हुथी विद्रोहीले 'रेड सी'मा कार्गो जहाजमाथि आक्रमण गरेको समय इरानको आक्रमणले मध्यपूर्वमा थुप्रै संकट थपेको छ। बुधबार इरानका रक्षामन्त्री मोहम्मद रेजा अस्टियानीले तेहरानले आफ्नो सुरक्षाको कुनै सीमा नतोक्ने बताएका थिए। यसैबीच, इरान र पाकिस्तानको निकट साझेदार चीनले संयमित हुन आग्रह गरेको छ। विदेश मन्त्रालयका प्रवक्ता माओ निङले दुवैले 'तनाव बढाउने खालका गतिविधिबाट बच्नुपर्ने' बताएका छन्।

अमेरिकाले पाकिस्तान, इराक र सिरियामा इरानले गरेको आक्रमणको निन्दा गरेको छ भने विदेश मन्त्रालयका प्रवक्ता म्याथ्यु मिलरले तेहरानले पछिल्ला केही दिनमा आफ्ना तीन छिमेकीको सार्वभौम सीमा उल्लंघन गरेको बताएका छन्।

पाकिस्तानको आधिकारिक वक्तव्यमा बिहीबारको आक्रमण कहाँ भएको थियो भन्नेबारे केही बताइएको छैन, तर पाकिस्तानी सञ्चारमाध्यमका अनुसार यो आक्रमण दक्षिणपश्चिम बलुचिस्तान प्रान्तको पन्जगुरनजिकै भएको थियो। आक्रमण हुनुभन्दा केही घन्टाअघि पाकिस्तानका कार्यवाहक प्रधानमन्त्री अनवर-उल-हक काकरले इरानी विदेशमन्त्रीसँग भेट गरेका थिए। 'पाकिस्तानको सार्वभौमिकताको यो उल्लंघन पूर्णतया अस्वीकार्य छ र यसको गम्भीर परिणाम हुन सक्छ,' पाकिस्तानको विदेश मन्त्रालयले जारी गरेको विज्ञप्तिमा भनिएको छ। आक्रमणमा दुई निर्दोष बालबालिकाको मृत्यु भएको र तीन बालिका घाइते भएको बताइएको छ।




मध्यस्थताका लागि चीन इच्छुक

पाकिस्तान र इरानको सीमा क्षेत्रमा आतंकवादी लडाकुलाई लक्षित गरी हालै भएका आक्रमणपछि बेइजिङले मध्यस्थता गर्न इच्छुक रहेको जनाएको छ। पाकिस्तानी क्षेत्रबाट बिहीबार भएको आक्रमणमा कम्तीमा नौजना इरानीको मृत्यु भएको छ। चिनियाँ विदेश मन्त्रालयका प्रवक्ता माओ निङले नियमित पत्रकार सम्मेलनमा भने, 'यदि दुवै पक्षले चाहेमा स्थितिलाई कम गर्न रचनात्मक भूमिका निर्वाह गर्न पनि हामी तयार छौं।' आणविक शक्ति सम्पन्न पाकिस्तान र छिमेकी इरान दुवैले आफ्नो कम जनसंख्या भएको सीमा क्षेत्रमा अतिवादसँग जुधिरहेका छन्। निङले अगाडि भने, 'दुवै पक्षले शान्ति र संयमता अपनाउनेछन् र तनाव बढ्नबाट जोगिनेछन् भन्ने चीनको पूर्ण विश्वास छ।'

बिहीबार पाकिस्तानले इरानमा रहेका लडाकु समूहमाथि आक्रमण गरेको बताएको थियो। तेहरानले कम्तीमा सातजनाको ज्यान जाने गरी भएको आक्रमणको जवाफमा पाकिस्तानका कार्यवाहक राजदूतलाई बोलाएको जनाएको छ। दुवै देश बेइजिङका घनिष्ठ साझेदार र सांघाई कोअपरेसन अर्गनाइजेसनका सदस्य हुन्। इरान र पाकिस्तान चीनका मित्रराष्ट्र र महत्त्वपूर्ण प्रभाव भएका देश भएको भन्दै मध्यस्थताका लागि चीनको पहल रहने प्रवक्ता माओले दोहोऱ्याए।

इतिहासमा आज

जनवरी १९



सन् २०२३ : घट्दो लोकप्रियतामाझ न्युजिल्यान्डकी तत्कालीन प्रधानमन्त्री जेसिन्डा आर्डेनले पद त्याग्ने घोषणा गरिन्।

सन् १८६१ : गृहयुद्धको क्रममा जर्जिया राज्यले अमेरिकाबाट अलग भएको घोषणा गऱ्यो।

सन् १९१८ : रुसमा अक्टोबर क्रान्तिपछि नोभेम्बर २५ बाट निर्वाचित संविधानसभा अधिल्लो दिनबाट सुरु भएको पहिलो बैठक लगातार १३ घन्टा बसेपछि भंग गरियो।

सन् १९४२ : दोस्रो विश्वयुद्धका क्रममा जापानी फौजले बर्मा कब्जा गरे।

सन् १९६६ : इन्दिरा गान्धी भारतको प्रधानमन्त्रीका रूपमा चुनिइन्।

सन् १९८१ : अमेरिका र इरानबीच भएको एक सहमतिअनुरूप ५२ अमेरिकी बन्दी रिहा भए।

सन् १९९३ : इजरायलले प्यालेस्टिनी स्वतन्त्रताका लागि लडिरहेको प्यालेस्टिनी लिबरेसन अर्गनाइजेसनलाई आपराधिक संगठनको सूचीबाट हटायो।

सन् २००१ : मेक्सिन ड्रग्स कार्टेल नेता जायोकिन अल च्यापो गुजम्यानले गार्डलाई घुस दिएर कपडा बोक्ने गाडामा चढी मेक्सिकोको पश्चिमी सहर ग्वादलहारास्थित अति सुरक्षित जेल पुएन्टे ग्रान्डबाट भाग्न सफल भए।

राजाको आलोचना गरेको आरोपमा थाई नागरिकलाई ५० वर्षको जेल



बैंकक / थाइल्यान्डका राजा र राजतन्त्रको आलोचना गरेको आरोपमा एक थाई नागरिकलाई बिहीबार ५० वर्षको कारागार सजाय दिइएको एक कानुनी अधिकार समूहले बताएको छ। मुलुकको कडा शाही अपमानविरोधी कानुनअन्तर्गत दिइएको यो सबैभन्दा लामो कारागार सजाय हो। थाइल्यान्डको रुढिवादी न्यायपालिकाले प्रजातन्त्र समर्थक प्रदर्शनकारीविरुद्ध उक्त विवादास्पद कानुनको प्रयोगलाई बढावा दिन थालेको देखिएको छ।

उत्तरी सहर चियाङ रायको पुनरावेदन अदालतले प्रजातन्त्र अभियन्ता ३० वर्षीय मोडकोल थिराकोटलाई कुनै समय गरेको फेसबुक पोस्टका लागि ५० वर्षको कारागार सजाय सुनाएको हो। उनलाई यसअघि तल्लो अदालतले २८ वर्षको कारागार सजाय सुनाएको थियो। तर, पुनरावेदनका क्रममा अन्य ११ मुद्दामा समेत दोषी बनाएर सजाय थपियो।

'पुनरावेदन अदालतले मोडकोल थिराकोटलाई उनको २७ फेसबुक पोस्टका लागि २२ वर्षको सजाय सुनाएको छ। यो तल्लो अदालतले पहिला नै सुनाएको २८ वर्षको सजायमाथि थपिएको हो। अब उनको कुल कारागार सजाय ५० वर्ष पुगेको छ,' थाई लयर्स फर ह्युमन राइट्स (टिएलएचआर) ले विज्ञप्तिमा भनेको छ। राजा महा बजिरालोङकोर्न र उनका परिवारलाई आलोचना गर्नेविरुद्ध 'लेज-म्याजेस्टे' कानुन लागू गरिएको छ। टिएलएचआरका अनुसार मोडकोललाई दिएको सजाय शाही मानहानिका लागि दिइएको सबैभन्दा लामो सजाय हो। यसले सन् २०२१ मा कुनै एक महिलालाई दिइएको ४३ वर्षको कारागार सजायको पछिल्लो कीर्तिमानलाई तोडेको छ। सन् २०२० र सन् २०२१ मा युवाहरूको नेतृत्वमा भएको प्रदर्शनमा हजारौं मानिस सडकमा उत्रिएका थिए। प्रदर्शनमा कठोर 'लेज-म्याजेस्टे' कानुनमा परिवर्तनको माग गरिएको थियो। टिएलएचआरका अनुसार सन् २०२० मा विरोध आन्दोलन सुरु भएयता दुई सय ५० भन्दा धेरै कार्यकर्तामाथि लेज-म्याजेस्टे कानुनअन्तर्गत आरोप लगाइएको छ।

Gandaki Province Government
Ministry of Physical Infrastructure Development & Transport Management
Infrastructure Development Directorate
Infrastructure Development Office
Syangja

Invitation for Bids

Date of publication: 2080 -10-05 (19th January , 2024)

Infrastructure Development Office, Syangja invites **online bids only** under e-procurement system from eligible bidders for the construction of ***Projects mentioned below*** under National Competitive Bidding: Single Stage Double Envelope Bidding procedures. All other information and Bid Document can be downloaded from PPMO's Website www.bolpatra.gov.np/egp or may obtain at office. All eligible bidders are requested to submit E-Bid as per instructions within the mentioned period.

S. N.	Name of Project	Contract ID	Bid Security Amount (NRs)	Bid Security Date	Bid Validity Date
1	Construction of Pauyekhola Motorable Bridge	IDOSYANGJA/ NCB/ W/B/04/2080-81	550,000.00	90 Days after the deadline of bid Submission date	120 Days after the deadline of bid Submission date

Information to deposit the cost of bidding document in Bank:
Name of the Bank:- Nepal Bank Limited,
Name of Office: - Infrastructure Development Office, Syangja
Office Code no. :- 3370143014
Office Account no(Rajaswa).: - 27302000001001000001
Rajaswa (revenue) Shirshak no. :- 14229
Cost of Bidding Document :- NRs.5000.00
Office Account no (In case of Cash Bid Security) :- KA 2.3 – 07202000002003000001

Office Chief

PRiME COMMERCIAL BANK LTD.
प्राइम कमर्सियल बैंक लिमिटेड

केन्द्रीय कार्यालय: कमलपोखरी, काठमाण्डौ फोन: ०१-४५२३४३२/३४
शाखा कार्यालय: असन, काठमाण्डौ फोनः ०१-५३२२६७८
शाखा कार्यालय गंजभवानीपुर, बारा फोनः ०५३-४०१०२६/९७
शाखा कार्यालय भरतपुर, चितवन फोनः ०५६-५३३२४०/४१
शाखा कार्यालय: बट्टार, नुवाकोट फोनः ०१०-५६१८०१/२

को

शाखा कार्यालय असन, काठमाण्डौको तपसिलमा उल्लेखित ऋणीको धितोमा रहेको सम्पतिको लिलाम बिक्री हुने सम्बन्धी पुनः १५ (पन्ध्र) दिने अत्यन्त जरुरी सूचना

(प्रकाशित मिति २०८०/१०/०५ गते)

तपसिलमा उल्लेखित ऋणीले यस बैंकको शाखा कार्यालय असन, काठमाण्डौबाट लिनु भएको ऋण कर्जाको बैंकलाई समय समयमा तिर्नु बुझाउनु पर्ने साँवा, साँवाको किस्ता, ब्याज र हर्जाना ब्याज रकम नतिरी नबुझाई बैंकसँग गरेको कर्जा सम्बन्धी शर्त कबुलियत उल्लंघन गर्नु भएको, बैंकले तपसिलका ऋणी र व्यक्तिगत जमानतकर्ताहरु समेतलाई पटक-पटक मौखिक एवम् लिखित सूचनाहरु पठाई तरताकेता गर्दा समेत कर्जाको साँवा तथा सोमा लाग्ने ब्याज, किस्ता र हर्जाना ब्याज रकम बुझाउने तर्फ कुनै पहल नगरी बेवास्ता गरी बसेको र यस अघि सम्पूर्ण कर्जा चुक्ता गर्न यस बैंकबाट ३५ (पैंतीस) दिने सार्वजनिक सूचना तथा धितोमा रहेको सम्पतिको लिलाम बिक्री हुने सम्बन्धि १५ (पन्ध्र) दिने अत्यन्त जरुरी सूचनाहरु विभिन्न मितिमा राष्ट्रिय दैनिक पत्रिकाहरुमा प्रकाशित गरि तरताकेता गर्दा समेत कर्जा नतिरी नबुझाई बेवास्ता गरी बसेको हुनाले कर्जा असुलीका लागि तपसिलमा उल्लेखित धितो जहाँ जे, जस्तो अवस्थामा छ सोही अवस्थामा गोप्य शिलबन्दी बोलपत्रद्वारा लिलाम बिक्री गरी बैंकको सम्पूर्ण लेना रकम असूल उपर गरि लिने भएकाले धितो लिलाम बिक्री गर्ने सम्बन्धी यो १५ (पन्ध्र) दिने सार्वजनिक सूचना पुनः प्रकाशित गरिएको छ । साथै, धितो सुरक्षणमा रहेको सम्पतिहरुको लिलाम बिक्री हुन नसकी बैंकले धितो सकार गर्नु परेमा वा लिलाम बिक्रीबाट बैंकको सम्पूर्ण बक्यौता असुल उपर नभएमा असुल उपर हुन नसकेको रकमको हदसम्म कानून बमोजिम ऋणी र व्यक्तिगत जमानतकर्ताहरुको घरघरानाबाट असुल उपर गर्न असुली प्रकृया अगाडि बढाईने तथा सम्बन्धीत सबैलाई कर्जा सूचना केन्द्रको कालो सूचीमा नाम समावेश गर्न पठाईने व्यहोरा समेत यसै सूचनाद्वारा सूचित गरिन्छ ।

तपसिल

ऋणीको विवरण

नेपाल सरकार, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, वाणिज्य, आपूर्ति तथा उपभोक्त संरक्षण विभागमा प्राइभेट फर्म रजिष्ट्रेशन ऐन, २०१४ बमोजिम मिति २०७७/०३/१५ मा प्रा.फ.र.नं. १५४६९४/०७६/७७ कायम भई दर्ता भएको काठमाण्डौ जिल्ला, का.म.न.पा. वडा नं. १४, स्थित **एस. के. सी. सी. इन्टरनेशनल,** **प्रोप्राइटर : सुधा कुमारी**

व्यक्तिगत जमानतकर्ताहरुको विवरण

१. पवन कुमार जाटीयाको बुहारी, अमित जाटीयाको पत्नी, रौतहट जिल्ला, गौर न.पा. वडा नं. १ स्थित स्थाई ठेगाना भएको **सुधा कुमारी (ना.प्र.नं. ३६०५, रौतहट)**
२. सत्यनारायण जाटीयाको नाति, पवन कुमार जाटीयाको छोरा, पर्सा जिल्ला, साबिक वीरगन्ज गा.वि.स./न.पा. वडा नं.७ स्थित स्थायी ठेगाना भएको **अमित जाटीया (ना.प्र.नं. १६०३२१६६०, पर्सा)**

धितोमा रहेको सम्पतिको विवरण

१. **सुधा कुमारीको** नाममा मालपोत कार्यालय ललनखेल, ललितपुरको लगतमा दर्ता श्रेस्ता कायम रहेको ललितपुर जिल्ला, ललितपुर उ.म.न.पा. वडा नं ५ (सिट नं.५/जा१) स्थित कि.नं. ९८९ को क्षेत्रफल ०-३-२-३.५ (रोपनी) को घर/जग्गा तथा सो घर/जग्गाले चर्चेको सम्पूर्ण लिगालगापात समेत ।
२. **अमित जाटियाको** नाममा मालपोत कार्यालय कलैया, बाराको लगतमा दर्ता श्रेस्ता कायम रहेको बारा जिल्ला, मटिअर्वा गा.वि.स./न.पा. वडा नं ५ स्थित कि.नं. ९८१ को क्षेत्रफल ०-११-१३-० (विघा) को जग्गा तथा सो जग्गाले चर्चेको सम्पूर्ण लिगालगापात समेत ।
३. **अमित जाटियाको** नाममा मालपोत कार्यालय चितवनको लगतमा दर्ता श्रेस्ता कायम रहेको चितवन जिल्ला, देवौली गा.वि.स./न.पा. वडा नं ७ (सिट नं.७/क) स्थित कि.नं. २५६, २५८ र ५१७ को क्रमशः क्षेत्रफल ०-३-१२-०, ०-२-३-० र ०-०-५-० (विघा) को जग्गा तथा सो जग्गाले चर्चेको सम्पूर्ण लिगालगापात समेत ।
४. **अमित जाटियाको** नाममा मालपोत कार्यालय नुवाकोटको लगतमा दर्ता श्रेस्ता कायम रहेको नुवाकोट जिल्ला, मदानपुर गा.वि.स./न.पा. वडा नं ८ स्थित कि.नं. २०७९ को क्षेत्रफल १-८-०-० (रोपनी) को जग्गा तथा सो जग्गाले चर्चेको सम्पूर्ण लिगालगापात समेत ।
५. **प्राइम कमर्सियल बैंक लिमिटेडको नाममा यातायात व्यवस्था कार्यालय बागमतीमा दर्ता रहेको तपसिल बमोजिमको सवारी साधनहरु:**

क्र.सं.	सवारीको मोडल	इन्जिन नं.	च्यासिस नं.	दर्ता नं.
१	Hyundai Creta 1.5 SX AT Petrol-2020	G4FLLV084435	MALPC812TLM082635*K	प्रदेश ३-०१ ०२४ च २६५१
२	Hyundai Creta 1.5 S Petrol -2021	G4FLMV143570	MALPB812LMM150549*C	बागमती प्रदेश -०१ ०२५ च २४६८

धितो लिलामी बिक्रीका शर्तहरु :

१. बोलपत्र आवेदन फारम मिति २०८०/१०/०५ गते शुक्रवारदेखि यस बैंकको केन्द्रीय कार्यालय कमलपोखरी, काठमाण्डौ स्थित कर्जा असुली विभाग तथा शाखा कार्यालयहरु असन, काठमाण्डौ, गंजभवानीपुर, बारा, भरतपुर, चितवन र बट्टार, नुवाकोटबाट प्राप्त गर्न सकिनेछ ।
२. छुट्टाछुट्टै धितोको लागि छुट्टाछुट्टै आवेदन पनि दिन सकिनेछ ।
३. बोलपत्रदाताले बोलपत्र आवेदनपत्रसाथ धरौटी स्वरुप आफूले खरिद गर्न चाहेको सम्पूर्ण रकमको कम्तीमा १० (दश) प्रतिशतले हुने रकम यस बैंकको Inter Department A/C LRD (००१-९९३१०२०००००) खातामा नगद दाखिला गरेको सक्कल भौचर वा यस बैंकको नाममा खिचिएको बैंक, वित्तीय संस्थाको A/C Payee Cheque संलग्न गर्नुपर्नेछ ।
४. बोलपत्रदाता नेपाली नागरिक वा नेपालमा दर्ता भएको संगठित संस्था, फर्म कम्पनी हुनुपर्नेछ । साथै बोलपत्रदाता प्राकृतिक व्यक्ति भएमा पासपोर्ट साईजको फोटो, नागरिकताको प्रमाणपत्रको प्रतिलिपि, संगठित संस्था/कम्पनी/फर्म भएमा अस्तियारनामा, सञ्चालक समितिको निर्णय, दर्ता प्रमाणपत्रको प्रतिलिपि, स्थायी लेखा नम्बर (PAN) प्रमाणपत्रको प्रतिलिपि आवेदनसाथ पेश गर्नु पर्नेछ ।
५. शिलबन्दी बोलपत्र मिति २०८०/१०/१९ गते शुक्रवार कार्यालय समय भित्र धितो नं. १ तथा धितोमा रहेको सवारी साधनहरुको लागी यस बैंकको केन्द्रीय कार्यालय कमलपोखरी, काठमाण्डौ स्थित कर्जा असुली विभागमा, धितो नं. २ को लागी शाखा कार्यालय गंजभवानीपुर, बारामा, धितो नं. ३ को लागी शाखा कार्यालय भरतपुर, चितवनमा र धितो नं. ४ को लागी शाखा कार्यालय बट्टार, नुवाकोटमा दर्ता भईसक्नु पर्नेछ । म्याद नाघि आएका वा रीत नपुगेका वा शर्त राखि दिएका आवेदनहरु उपर कारवाही गरिने छैन ।
६. शिलबन्दी बोलपत्र मिति २०८०/१०/२० गते शनिवार सार्वजनिक विदा परेकोले मिति २०८०/१०/२१ गते आइतवार दिउँसो ४:०० बजे शर्त नं. ५ मा उल्लेख भए अनुसार शिलबन्दी बोलपत्र दर्ता गरिएका यस बैंकको सम्बन्धित कार्यालयहरुमा बोलपत्रदाता वा निजले लिखितरुपमा नियुक्त गरेको प्रतिनिधिहरु तथा अन्य पदाधिकारीहरुको रोहवरमा खोलिनेछ । बोलपत्रदाता वा निजको प्रतिनिधिहरुको अनुपस्थितिले बोलपत्र खोल्न बाधा पर्ने छैन । साथै बोलपत्र खोलिने दिन आकस्मिक सार्वजनिक बिदा परेमा बिदापछि लगतै कार्यालय खुलेको दिनमा बोलपत्र खोलिनेछ ।
७. बोलपत्र प्रस्ताव स्वीकृत भएमा बाँकी रकम प्रस्ताव स्वीकृत भएको जानकारी दिएको मितिले ७ (सात) दिन भित्र यस बैंकमा नगद दाखिला गरी धितोमा रहेको सम्पति आफ्नो नाममा नामसारी दाखिल खारेज गराई लिनु पर्नेछ । सम्पति नामसारी गर्न लाग्ने सम्पूर्ण शुल्क एवं नामसारी दाखिल खारेज गर्न लाग्ने सम्पूर्ण राजश्व तथा अन्य खर्च सकार गरिलिने स्वयंले ब्यहोर्नु पर्नेछ ।
८. तोकिएको समय भित्र बाँकी रकम दाखिला नभए वा गर्न नसकेमा धरौटी रकम स्वत: जफत हुनेछ । बोलपत्र स्वीकृत नभएमा प्रस्तावकहरुलाई बोलपत्र सम्बन्धी निर्णय भए पश्चात मात्र यस बैंकको सम्बन्धित कार्यालयहरुबाट भुक्तानी गरिनेछ । साथै सो रकममा कुनै ब्याज प्रदान गरिने छैन ।
९. सम्पति बिक्री गर्ने वा नगर्ने वा बोलपत्रको अंकमा सम्पति बिक्री गर्ने वा नगर्ने वा छुट्टाछुट्टै बिक्री गर्ने वा नगर्ने सम्बन्धी सम्पूर्ण अधिकार यस बैंकमा निहित रहनेछ । बोलपत्र फारममा उल्लेखित अन्य शर्तहरु लागू हुनेछन् ।
१०. यस सम्बन्धमा अन्य केही कुरा बुझ्नु पर्ने भएमा यस बैंकको केन्द्रीय कार्यालय कमलपोखरी, काठमाण्डौ स्थित कर्जा असुली विभाग तथा शाखा कार्यालय असन, काठमाण्डौमा सम्पर्क राखी बुझ्न सकिनेछ ।

नेपाल सरकार
भौतिक पुर्वाधार तथा यातायत मन्त्रालय
सडक विभाग
संघिय सडक सुपरिवेक्षण तथा अनुगमन कार्यालय
गल्छी त्रिसुली मैलुङ्ग स्याफ्रुवेसी रसुवागढी सडक योजना
विदुर, नुवाकोट

ठेक्का सम्झौता अन्त्य गरिएको सम्बन्धी सार्वजनिक सूचना

प्रकाशित मितिः २०८०।१०।०५

यस योजना अन्तर्गत रसुवा जिल्लामा संचालित ठेक्का नं. GTMSRRP/337011094/076/077–001, "Upgrading of Mailung Syafrubensi Road to Dedicated Double Lane Standard -Chainage 46+000 to 64+814)" को लागि निर्माण व्यवसायी श्री भारत कन्स्ट्रक्सन/ सिद्धिसाई जे.भी., नयाँ बानेश्वर, काठमाण्डौ र यस योजना कार्यालय बीच 2077/04/01 मा ठेक्का सम्झौता भई मिति 2079/10/16 मा निर्माण कार्य सम्पन्न गर्नु पर्नेमा सो हुन नसकी तोकिएको म्याद भित्र सम्पुर्ण काम सम्पन्न गर्न निर्माण व्यवसायीलाई पटक पटक लिखित एवं मौखिक अनुरोध गर्दा पनि निजले ठेक्का सम्झौताका शर्तहरु बमोजिम आफ्नो करारीय दायित्व पुरा नगरेकोले सारभुत रुपमा सोही निर्माण व्यवसायीबाट उक्त ठेक्का लक्षित कार्य सम्पन्न हुने विश्वसनीय परिस्थिति सृजना हुन नसकेको हुँदा ठेक्का सम्झौताको शर्तहरु GCC 72.1, 72.2 (b, g, h, i) एवं सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५९ (७) समेतको आधारमा ठेक्का सम्झौता अन्त्य (Contract Terminate) गरिएको व्यहोरा सम्बन्धित सबैलाई जानकारी गराइन्छ । यसर्थ ठेक्का सम्झौताको शर्त GCC 72.6 बमोजिम निर्माण व्यवसायीलाई यथासिघ्र कार्यस्थल छोड्न अनुरोध गरिन्छ । साथै ठेक्का सम्झौताको शर्त GCC 75.1 बमोजिम भुक्तानी हुन बाँकी स्वीकार्य रुपमा सम्पन्न भइसकेको कुनै कार्य भएमा यो सूचना प्रकाशित भएको मितिले १५ दिन भित्रमा यस कार्यालयमा सम्पर्क राखी वित्तिय फरफारक गर्न आधिकारिक प्रतिनिधि उपस्थित हुन समेत जानकारी गराइन्छ ।

योजना प्रमुख

दक्ष जनशक्ति पलायन रोक्न उनीहरूको आकांक्षा सम्बोधन गरिनुपर्छ : वरिष्ठ उपाध्यक्ष श्रेष्ठ

कास्कीमा **रोहितराज पराजुली**

नेपाल उद्योग वाणिज्य महासंघका वरिष्ठ उपाध्यक्ष अञ्जन श्रेष्ठले दक्ष जनशक्ति पलायन रोक्न उनीहरूको इच्छा-आकांक्षालाई सम्बोधन गरिनुपर्ने बताएका छन्। पोखरा उद्योग वाणिज्य संघले बिहीबार पोखरामा आयोजना गरेको अन्तर्क्रिया कार्यक्रममा आफ्नो भनाइ राख्दै श्रेष्ठले मासिक ५० हजारदेखि तीन लाख रुपैयाँसम्म तलब खानेहरूले देश छाडिरहेको भन्दै हाल प्रत्येक मानिसमा विदेश जानुपर्छ भन्ने मनोवृत्ति बढ्दै गएको र चाहेर पनि यसलाई रोक्न नसकिएको बताए। दक्ष जनशक्ति पलायन रोक्ने हो भने उनीहरूको इच्छा-आकांक्षालाई सम्बोधन गरिनुपर्ने भनाइ राख्दै श्रेष्ठले विदेश जानेहरूलाई गाली गरेर र उपदेश दिएर यो समस्या समाधान नहुने बताए।

विशेषगरी युवा पलायन रोक्न आर्थिक वृद्धिसँगै रोजगारी सिर्जना हुनुपर्ने भन्दै श्रेष्ठले निजी क्षेत्र दक्ष जनशक्ति पलायनप्रति गम्भीर रहेको र यसलाई रोक्न सरकारसँग हातेमाले गरी अघि बढ्न चाहेको बताएका थिए। फरक प्रसंगमा श्रेष्ठले पोखरा अन्तर्राष्ट्रिय विमानस्थलको दिगो सञ्चालनका लागि भारतीय सीमानाकामा रहेका धनगढीदेखि भद्रपुरसम्मका आठवटा सहरमा तत्काल उडान थाल्नुपर्नेमा जोड दिए। सीमानाकामा दैनिक उडान गर्न सके भारतीय पर्यटक आकर्षित गर्न सकिने उनको भनाइ थियो। सँगै एयरपोर्टको शुल्क घटाउनेदेखि पोखरामा पर्यटन व्यवसायीले केही अवधिका लागि होटेलमा भारी छुट दिनुपर्ने सुझाव उनको थियो।

अर्को प्रसंगमा श्रेष्ठले अर्थतन्त्रका सूचक सकारात्मक भएको सरकारले बताइरहे पनि माग घट्दा उत्पादन बढ्न नसकेको र सिंगो निजी क्षेत्र उदासीन बनेको बताए। 'हिजो अर्थतन्त्रलाई सही दिशा दिने भन्दै गलत नीति लिइयो, अर्थतन्त्रलाई गिज्याउने काम भयो, आज संकुचनको अवस्था आयो,' उनले भने, 'संकुचित अर्थतन्त्रलाई लयमा लैजान माग बढाउन सक्नुपर्छ, निजी क्षेत्रलाई विश्वासमा लिनुपर्छ।'

महासंघका उपाध्यक्ष सुरकृष्ण वैद्यले कृषिको व्यावसायीकरण र उत्पादकत्व वृद्धिले मात्र युवा पलायन रोक्न सकिने बताए। महासंघले साना तथा मझौला व्यवसायीले भोग्नुपरेको समस्या समाधानका लागि योजनाबद्ध रूपले काम अगाडि बढाएको जानकारी उनले दिएका थिए। पोखरा उद्योग वाणिज्य संघका अध्यक्ष पवनकुमार प्रजापतिले बैंकको ब्याजदर घटे पनि लगानीको वातावरण नबनेको, सुस्ताएको बजार चलायमान हुन नसकेको र साना तथा मझौला उद्योग अहिले पनि समस्यामै रहेको बताएका थिए। राजमार्गको स्तरोन्नतिको काममा भएको ढिलाइसँगै पोखराबाट अन्तर्राष्ट्रिय उडान नहुँदा त्यसको मार व्यवसायीलाई परेकाले यसका लागि सरकारलाई आवश्यक दबाब दिन महासंघको टोलीलाई आग्रह गरेका थिए।

Government of Nepal
Ministry of Water Supply
Department of Water Supply and Sewerage Management
Panipokhari, Kathmandu

Invitation of sealed quotation for the procurement of supply and delivery of stationary items

Date of Publication: 2080/10/05

1. The Department of Water Supply and Sewerage Management invites electronic sealed quotations from registered suppliers for the procurement of supply and delivery of different types of stationery Items.
2. Eligible Bidders/suppliers may obtain further information at the website of DWSSM office, Panipokhari, Kathmandu; phone no.: 01-4006528 or may visit PPMO website www.bolpatra.gov.np.

standard chartered

स्ट्याण्डर्ड चार्टर्ड बैंक नेपाल लिमिटेडको शेयरधनीहरूलाई
नगद लाभांश सम्बन्धी सूचना

कम्पनी ऐन, २०६३ को दफा १८२ तथा दफा १८३ ले व्यवस्था गरे बमोजिम लाभांश वितरण गर्ने विषयमा बैंकको साधारण सभाले निर्णय गरेको मितिले ५ वर्ष सम्म पनि कुनै शेयरधनीले बुझी नलिएको नगद लाभांश रकम लगानीकर्ता संरक्षण कोषमा जम्मा गर्नुपर्ने कानूनी व्यवस्था भएको हुँदा सोको प्रयोजनार्थ यो सूचना प्रकाशित गरीएको छ । तसर्थ हाल सम्म नगद लाभांश भुक्तानी प्राप्त गर्न छुट हुनु भएका शेयरधनी महानुभावहरूले हितग्राही खाता नखोल्नु भएको भएमा हितग्राही खाता खोली, भौतिक शेयरहरू अभौतिकिरण गर्न बाँकी भए अभौतिकिकरण गरी तथा हितग्राही खातामा सम्बन्धित शेयरधनीको बैंक खाता नम्बर समेत अध्यावधिक गराइ आर्थिक बर्ष २०७४/०७५ को नगद लाभांश यो सुचना प्रकाशित भएको मितिले १ (एक) महिनाभित्र भुक्तानी प्राप्त गर्नु हुन अनुरोध गर्दछौं । अन्यथा उक्त अवधि पश्चात् भुक्तानी हुन बाँकी नगद लाभांश लगानीकर्ता संरक्षण कोषमा जम्मा गरिने व्यहोरा समेत यसै सूचना मार्फत जानकारी गराउँदछौं ।

यस सम्बन्धमा थप जानकारीका लागी बैंकको नयाँ वानेश्वर स्थित शेयर शाखा वा तल दिएको फोन नम्बरमा सम्पर्क गर्न हुन अनुरोध गर्दछौं ।

फोन नं. ०१-५९७०५३८

कम्पनी सचिव
स्ट्याण्डर्ड चार्टर्ड बैंक नेपाल लिमिटेड,
नयाँ बानेश्वर, काठमाण्डौं

कर्जा भुक्तानी गर्ने सम्बन्धी ३५ दिने सार्वजनिक सूचना

प्रकाशित मिति : २०८०/१०/०५ गतेको नयाँ पत्रिका राष्ट्रिय दैनिक

यस ज्योति विकास बैंक लिमिटेडको तपसिलमा उल्लेखित शाखा कार्यालयहरुबाट तपसिलमा उल्लेखित ऋणीहरुले लिनु भएको ऋण कर्जाको समय समयमा तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज, थप ब्याज, आदि तिर्न बुझाउनको लागि पटक पटक फोन मार्फत, मौखिक एवं लिखित रुपमा अनुरोध गरी तरताकेता गर्दा समेत बैंकको अनुरोधलाई बेवास्ता गरी कर्जा भुक्तानी नगर्नु भएकोले कर्जा भुक्तानी गर्ने सम्बन्धी ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ ।

यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र बैंकमा सम्पर्क राखी कर्जा सम्झौता बमोजिम बैंकलाई तिर्न बुझाउन पर्ने सम्पूर्ण बक्यौता रकम चुक्ता भुक्तान गर्नुहोला । अन्यथा प्रचलित ऐन, कानून एवं यस बैंकसँग गरेको लिखत बमोजिम धितोमा रहेको चल अचल सम्पत्ति लिलाम बिक्री वा अन्य व्यवस्था गरी बैंकको लेना रकम असुल गरिनुका साथै ऋणी तथा सम्बन्धित पक्षहरुलाई कर्जा सूचना केन्द्रको कालोसूचिमा नाम सूचिकृत गर्न समेत लेखि पठाइने व्यहोरा यसै सूचनाद्वारा जानकारी गराईन्छ । साथै धितोबाट समेत बैंकको सम्पूर्ण लेना रकम असुल उपर नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८, प्रचलित ऐन कानून अनुसार ऋण असुली न्यायाधिकरणमा मुद्दा दायर गरी ऋणी तथा सम्बन्धित पक्षको अन्य चल अचल जायजेथा श्रीसम्पत्तिबाट समेत बाँकी लेना रकम असुल उपर गरिने हुँदा यथाशिघ्र कर्जा चुक्ता गर्न गराउनु हुन ऋणी तथा सम्बन्धित पक्ष सबैलाई यसै सूचनाद्वारा अनुरोध गरिन्छ ।

तपसिल

क्र.सं.	शाखा कार्यालय : सिन्धुली
	ऋणीको नाम, ठेगाना
१.	**नाम : प्रिन्स जे.के. बिल्डर्स कम्पनी प्रा.लि.** नेपाल सरकार, उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालय दर्ता नं. २३१३२८/०७६/०७७, दर्ता मिति : २०७६/०९/१३, पान नं. ६०९६९०७९८, दर्ता मिति : २०७६/०९/१३ ठेगाना : सिन्धुली जिल्ला, हरिहरपुरगडी गा.पा. वडा नं. ५, **प्रोप्राइटर : झलक कुमार माझी**
	जमानतकर्ताको विवरण
	१. नाम : झलक कुमार माझी ना.प्र.नं. २०२०१०३१/६६/५६२०, जि.प्र.का. सिन्धुली जारी मिति : २०६५/०७/०४ बाबुको नाम : विर बहादुर माझी बाजेको नाम : मान बहादुर माझी ठेगाना : सिन्धुली जिल्ला, महेन्द्रझ्याडी गा.वि.स. वडा नं. १ हाल : सिन्धुली जिल्ला, हरिहरपुरगडी गा.पा. वडा नं. ५ **२. नाम : गाईने माझी** ना.प्र.नं. ३०१४/५२७६, जि.प्र.का. सिन्धुली जारी मिति : २०४६/०३/०७ बाबुको नाम : सिरे माझी बाजेको नाम : घैटे ठेगाना : सिन्धुली जिल्ला, कपिलाकोट गा.वि.स. वडा नं. १ हाल : सिन्धुली जिल्ला, मरिण गा.पा. वडा नं. ६ **३. नाम : सेर बहादुर अस्थानी** ना.प्र.नं. ४०२४/८०, जि.प्र.का. सिन्धुली, जारी मिति : २०४४/११/२७ बाबुको नाम : औमान, बाजेको नाम : तुलविर ठेगाना : सिन्धुली जिल्ला, रातमाटा गा.वि.स. वडा नं. ७, हाल : सिन्धुली जिल्ला, हरिहरपुरगडी गा.पा. वडा नं. ५
	धितोको विवरण
	१. गाईने माझीको नाममा मालपोत कार्यालय सिन्धुलीमा दर्ता श्रेष्ठा कायम रहेको सिन्धुली जिल्ला, कपिलाकोट गा.पा. वडा नं. १ न स्थित कित्ता नं. १३९ र १५२ को क्षेत्रफल क्रमशः ०-४-६-० र ०-४-१६-० भएको जग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत । २. सेर बहादुर अस्थानीको नाममा मालपोत कार्यालय सिन्धुलीमा दर्ता श्रेष्ठा कायम रहेको सिन्धुली जिल्ला, कपिलाकोट गा.पा. वडा नं. ३ ख स्थित कित्ता नं. ५३, ७४ र ५४ को क्षेत्रफल क्रमशः ०-१-१३-०, ०-२-१०-० र ०-१-१३-० भएको जग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत । ३. धनी ज्योति विकास बैंक लि. भई ऋणी प्रिन्स जे.के. बिल्डर्स कम्पनी प्रा.लि.को नाममा यातायात व्यवस्था कार्यालय बागमतीमा दर्ता श्रेस्ता कायम रहेको बागमती प्रदेश ०१ ०२६ च १४९६, च्यासिस नं. MDHFBACDOM7422061, ईन्जिन नं. E038859 को Datsun सवारी साधन १ थान ।
क्र.सं.	**शाखा कार्यालय : कालीमाटी, काठमाडौं**
	ऋणीको नाम, ठेगाना
१.	**नाम : श्री प्रिमाजिप ट्रेडर्स प्रा.लि.** नेपाल सरकार, उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालय दर्ता नं. २४९५५७/०७७/०७८, दर्ता मिति : २०७७/०८/२५, पान नं. ६०९८७२७२३, दर्ता मिति : २०७७/१०/१५ ठेगाना : काठमाडौं जिल्ला, टोखा वडा नं. ८, ग्रीनल्याण्ड **संचालक : मान बहादुर सारु**
	जमानतकर्ताको विवरण
	१. नाम : मान बहादुर सारु ना.प्र.नं. ७८/९४३४४, जि.प्र.का. पाल्पा जारी मिति : २०५९/०४/२६ बाबुको नाम : टोप बहादुर सारु बाजेको नाम : तिल बहादुर सारु ठेगाना : पाल्पा जिल्ला, छहरा गा.वि.स. वडा नं. ९ **२. नाम : प्रेम कुमारी सारु** ना.प्र.नं. ३९१०१९/१७८, जि.प्र.का. पाल्पा जारी मिति : २०६५/०८/०२ पतिको नाम : मान बहादुर सारु ससुराको नाम : टोप बहादुर सारु ठेगाना : पाल्पा जिल्ला, छहरा गा.वि.स. वडा नं. ९ **३. नाम : टोप बहादुर सारु** ना.प्र.नं. २६२/१०३६, जि.प्र.का. पाल्पा, जारी मिति : २०४५/१२/२७ बाबुको नाम : तिल बहादुर सारु, बाजेको नाम : पुरुषोत्तम सारु ठेगाना : पाल्पा जिल्ला, छहरा गा.वि.स. वडा नं. ९
	धितोको विवरण
	१. टोप बहादुर सारुको नाममा मालपोत कार्यालय पाल्पामा दर्ता श्रेष्ठा कायम रहेको पाल्पा जिल्ला, छहरा वडा नं. ९ स्थित कित्ता नं. ८२४, ८३० र ८२८ को क्षेत्रफल क्रमशः १६५३.४०, ६३१.९५ र १३०७.६२ वर्ग मिटर भएको जग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत । २. धनी ज्योति विकास बैंक लि. भई मान बहादुर सारुको नाममा यातायात व्यवस्था कार्यालय एकान्तकुना, ललितपुरमा दर्ता श्रेस्ता कायम रहेको बागमती प्रदेश ०१ ०२५ च १९९१, च्यासिस नं. MAT445064MZR06714, ईन्जिन नं. 275IDI06CYXS25776 को 55233020000R TATA-ACE FACE LIFT HT-BL सवारी साधन १ थान ।

ज्योति विकास बैंक लि.
JYOTI BIKASH BANK LTD.
More than a Bank
(नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको इजाजतपत्रप्राप्त वित्तीय संस्था)

केन्द्रीय कार्यालय: का.म.न.पा. वडा नं. ०१, कमलपोखरी, काठमाडौं, नेपाल
फोन नं. ०१-५९७०३०६-१२
शाखा कार्यालय : सिन्धुली, फोन नं. ०४७-५२१०९३
कालीमाटी, काठमाडौं, फोन नं. ०१-५६७२६५८
Website: www.jbbl.com.np, Email: info@jbbl.com.np

धितोमा रहेको चल/अचल सम्पत्तिको गोप्य शिलबन्दी बोलपत्र मार्फत लिलाम बिक्रीको १५ दिने सूचना

प्रकाशित मिति : २०८०/१०/०५ गते

यस माछापुच्छे बैंक लि. धनगढी शाखा कार्यालयबाट तपसिलमा उल्लेखित ऋणीले आफ्नो उद्योग/व्यापार, व्यवसाय सञ्चालन गर्न लिनु भएको ऋण कर्जाको यस बैंकसँग गरेको सम्झौता बमोजिम समय समयमा तिर्न बुझाउनुपर्ने साँवा, ब्याज, पेनाल ब्याज तथा अन्य दस्तुर आदि चुक्ता भुक्तान गर्न पटक पटक मौखिक, लिखित तरताकेता गरिएको एवं मिति २०८०/०७/१४ गतेको आर्थिक अभियान राष्ट्रिय दैनिकमा ३५ दिने सूचना प्रकाशित गर्दा समेत नतिरी नबुझाई बैंकसँग गरेको ऋण कर्जा सम्बन्धी शर्तबन्देजहरु उल्लंघन गर्नु भएकोले बैंकको नाममा धितोबन्धक लेखिदिएको तपसिल बमोजिमको सम्पत्ति जहाँ जे जस्तो अवस्थामा छ, सोहि अवस्थामा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ ले दिएको अधिकार प्रयोग गरी बैंक नियमानुसार विभिन्न मितिको राष्ट्रिय दैनिक पत्रिकामा धितो लिलाम बिक्रीको गोप्य शिलबन्दी बोलपत्र आव्हानको सूचना प्रकाशित गरी लिलाम बिक्री गर्दा समेत धितो सम्पत्ति लिलाम बिक्री नभएकोले पुनः गोप्य शिलबन्दी बोलपत्रद्वारा बिक्री गरिने भएको हुँदा लिन इच्छुक व्यक्ति तथा संस्थाहरुले बैंकबाट प्राप्त हुने बोलपत्र फारम रितपूर्वक भरी तपसिलमा उल्लेखित शर्त बन्देजहरुको अधिनमा रही यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र गोप्य शिलबन्दी बोलपत्र पेश गर्नुहुन आव्हान गरिन्छ । प्राप्त हुन आएका बोलपत्रहरु १६ (सोह्रौं) दिनका दिन सोही स्थानमा खोलिने हुँदा तपसिलमा उल्लिखित मिति, समय र स्थानमा उपस्थित हुन समेत इच्छुक खरिदकर्ता/बोलपत्रवाला वा निजको आधिकारीक प्रतिनिधि, ऋणी, प्रोप्राइटर तथा सम्बद्ध सबैलाई सूचित गरिएको छ । तर उक्त दिन निजहरु अनुपस्थित रहेमा पनि बोलपत्र खोल्न/धितो लिलाम बिक्रीको प्रकृया गर्न कुनै बाधा पुग्ने छैन । साथै कर्जा असुलीको कारवाही अन्तर्गत ऋणी, प्रोप्राइटर तथा सम्बद्ध सबैलाई कालोसूचीमा समावेश गरिने तथा सुरक्षणमा रहेको सम्पूर्ण धितो लिलाम बिक्री गर्दा पनि बैंकको सम्पूर्ण बक्यौता रकम असुल उपर नभएमा प्रचलित कानून बमोजिम कारवाही गरी असुल उपर गरी लिइने व्यहोरा ऋणी तथा सरोकारवालाहरु सबैलाई यसै सूचनाद्वारा जानकारी गराईन्छ । धितो सुरक्षणमा रहेको सम्पत्ति लिलाम बिक्री गरिने उपरोक्त व्यहोरा अनुरोध गर्दै सूचनाको म्यादभित्र धनी बैंकमा सम्पर्क राखी यथाशिघ्र कर्जा भुक्तानी गरी गराई आफ्नो सम्पत्तिको उचित संरक्षण गर्न समेत विशेष अनुरोध गरिन्छ ।

तपसिल

ऋणीको नाम, ठेगाना	
१. विष्णु मगर ना.प्र.नं. ७५२०२०/१५२१, जि.प्र.का. कञ्चनपुर जारी मिति : २०६८/०४/३० बाबु : गणेश बहादुर भण्डारी पति : बुद्धी बहादुर मगर, ससुरा : कर्ण बहादुर मगर ठेगाना : कञ्चनपुर जिल्ला, त्रिभुवनवस्ती गा.वि.स. वडा नं. २ हाल : कञ्चनपुर जिल्ला, पुनर्वास न.पा. वडा नं. २	**२. बुद्धी बहादुर मगर** ना.प्र.नं. ७५२०२०/६२०, जि.प्र.का. कञ्चनपुर जारी मिति : २०६६/०३/०१ बाबु : कर्ण बहादुर मगर, बाजे : बुद्धी बहादुर मगर ठेगाना : कञ्चनपुर जिल्ला, त्रिभुवनवस्ती गा.वि.स. वडा नं. २ हाल : कञ्चनपुर जिल्ला, पुनर्वास न.पा. वडा नं. २
३. कर्ण बहादुर मगर ना.प्र.नं. ६९७४४२७४, जि.प्र.का. कञ्चनपुर, जारी मिति : २०३३/१२/०९ बाबु : बुद्धी बहादुर मगर, बाजे : भिम बहादुर मगर ठेगाना : कञ्चनपुर जिल्ला, परासन गा.वि.स. वडा नं. ८, हाल : कञ्चनपुर जिल्ला, पुनर्वास न.पा. वडा नं. ६	
ऋणीको नाम, ठेगाना	
२. विष्णु मगर ना.प्र.नं. ७५२०२०/१५२१, जि.प्र.का. कञ्चनपुर, जारी मिति : २०६८/०४/३० बाबु : गणेश बहादुर भण्डारी, पति : बुद्धी बहादुर मगर, ससुरा : कर्ण बहादुर मगर ठेगाना : कञ्चनपुर जिल्ला, त्रिभुवनवस्ती गा.वि.स. वडा नं. २, हाल : कञ्चनपुर जिल्ला, पुनर्वास न.पा. वडा नं. २	
व्यक्तिगत जमानतकर्ताहरु	
१. विष्णु मगर ना.प्र.नं. ७५२०२०/१५२१, जि.प्र.का. कञ्चनपुर जारी मिति : २०६८/०४/३० बाबु : गणेश बहादुर भण्डारी पति : बुद्धी बहादुर मगर, ससुरा : कर्ण बहादुर मगर ठेगाना : कञ्चनपुर जिल्ला, त्रिभुवनवस्ती गा.वि.स. वडा नं. २ हाल : कञ्चनपुर जिल्ला, पुनर्वास न.पा. वडा नं. २	**२. कर्ण बहादुर मगर** ना.प्र.नं. ६९७४४२७४, जि.प्र.का. कञ्चनपुर जारी मिति : २०३३/१२/०९ बाबु : बुद्धी बहादुर मगर, बाजे : भिम बहादुर मगर ठेगाना : कञ्चनपुर जिल्ला, परासन गा.वि.स. वडा नं. ८ हाल : कञ्चनपुर जिल्ला, पुनर्वास न.पा. वडा नं. ६
धितोमा रहेको सम्पतिको विवरण	
१. भिम बहादुर मगरको नाति, बुद्धी बहादुर मगरको छोरा, कञ्चनपुर जिल्ला, परासन गा.वि.स. वडा नं. ८ स्थायी ठेगाना भई हाल कञ्चनपुर जिल्ला, पुनर्वास न.पा. वडा नं. ६ बस्ने कर्ण बहादुर मगरको नाममा मालपोत कार्यालय बेलौरी, कञ्चनपुरमा दर्ता कायम रहेको कञ्चनपुर जिल्ला, कालिका गा.वि.स. वडा नं. ४ स्थित कि.नं. २३५ को क्षेत्रफलः ३४०.०० ब.मी. को जग्गा र सो जग्गामा निर्मित घर तथा सम्पूर्ण लिगलगापात समेत । **(उल्लेखित सम्पत्ति ऋणी वि.एन.वि. फैन्सी पसल र ऋणी विष्णु मगरको ऋण कर्जाको निमित्त धितो बन्धक पारीत भएको)** २. वि.एन.वि. फैन्सी पसलले बैंकलाई लेखिदिएको मौज्दात तथा चल सम्पत्तिको धितो सम्बन्धी सम्झौता (Hypothecation Agreement) बमोजिमको सम्पत्ति र हक हस्तान्तरण सम्बन्धी सम्झौता पत्र (Assignment Agreement) बमोजिम भुक्तानी प्राप्त गर्ने रकमहरु ।	
लिलाम बिक्रीको शर्त तथा बन्देजहरु	
१. बोलपत्र फारम यस बैंकबाट कार्यालय समयभित्र रु. १०००/- (फिर्ता नहुने) तिरी प्राप्त गर्न सकिनेछ । २. शिलबन्दी बोलपत्र यो सूचनामा तोकिए बमोजिमको मिति, स्थान र समयमा प्राप्त भइसक्नु पर्नेछ । म्याद नाघि वा रित नपुगी आएको तथा शर्त सहितको बोलपत्र उपर कुनै कारवाही गरिने छैन । ३. बोलपत्र बुझाउने अन्तिम दिन/खोल्ने दिन बैंक बिदा परेमा बिदाको लगतै बैंक खुलेको दिनमा बोलपत्र बुझाउन/खोल्न सकिनेछ । सो तोकिए अनुसारको दिन बिदा परेमा त्यसपछिको लगतै बैंक खुलेको दिन दिउँसो ठीक १२:०० बजे सम्ममा कारोबार गरी बोलपत्र खोल्न सकिनेछ । ४. बोलपत्रमा आफुले सकार गरिलिन चाहेको सम्पत्तिको विवरण खुलाई के कति रकममा सकार गरी लिन चाहेको हो अंक तथा अक्षरमा स्पष्ट रुपमा लेखिएको हुनुपर्नेछ । ५. बोलपत्रमा आफुले कबोल गरेको रकमको १० प्रतिशतले हुन आउने धरौटी रकम यस बैंकको नाममा खिचिएको ड्राफ्ट/नगद जम्मा बैंक भौचर/गुडफर पेमेन्ट चेक समेत शिलबन्दी बोलपत्र साथ समावेश गरी पेश गर्नुपर्नेछ । ६. बढी रकम कबोल गर्नेको बोलपत्र स्वीकृत भएमा सो सूचनाको जानकारी दिएको ७ (सात) दिन भित्र बाँकी सम्पूर्ण रकम बुझाई उक्त सम्पत्ति आफ्नो नाममा नामसारी गर्ने प्रकृया अगाडि बढाउनुपर्नेछ । उक्त बाँकी रकम तोकिएको समयमा नबुझाएमा धरौटी बापत रहेको १० प्रतिशत रकम स्वतः जफत हुनेछ । ७. कुनैपनि अवस्थामा लिलाम प्रकृया रद्द गर्ने वा बोलपत्र स्वीकृत गर्ने/नगर्ने वा नेगोशियसन गर्ने सम्पूर्ण अधिकार बैंकमा सुरक्षित रहनेछ । ८. इच्छुक खरिदकर्ताले खरिद गर्न चाहेको सम्पत्ति जहाँ जे जस्तो अवस्था र परिमाणमा छ सोही अवस्था र परिमाणमा खरिद गर्नुपर्नेछ । लिलाम बिक्री हुने सम्पत्ति र अन्य कुरा बुझ्न हेर्न वा स्थलगत निरीक्षण गर्न चाहनु हुने महानुभावहरुले यस बैंकमा कार्यालय समय भित्र सम्पर्क राख्न सक्नुहुनेछ । ९. बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा ५७ को उपदफा (७/८) अनुसार लिलाम बिक्री गर्दा कसैले नसकारेमा वा बोलकबोल गरेको रकम बैंकलाई चित्त बुझ्दो नभएमा प्रचलित ऐन कानून तथा आफ्नो नियम अनुसार बैंकले उक्त सम्पत्ति सकार गरी स्वामित्व आफुमा लिन/अधिनमा राख्न सक्नेछ । १०. उक्त लिलाममा राखेको सम्पत्तिको स्वामित्व हस्तान्तरण गर्दा लाग्ने नेपाल सरकारको दस्तुर, रजिष्ट्रेशन दस्तुर, सम्पत्ति कर, स्थानिय कर र धारा/बिजुली शुल्क (बाँकी बक्यौता समेत) सम्पूर्ण दायित्व आदि सकार गर्ने व्यक्ति वा पार्टी आफैले तिर्नुपर्नेछ । ११. उल्लेखित सम्पत्ति लिइसकेपछि सोको सम्पूर्ण जवाफदेही स्वयं खरिदकर्ताको हुनेछ । धनी बैंकसँग पछि कुनै कैफियत देखाउन वा दावी गर्न पाईने छैन । १२. लिलाम बोलकबोल गरेको रकम वा धरौटी बापत बुझाएको रकममा कुनै ब्याज प्रदान गरिने छैन । साथै लिलाम सदर/बदरको निर्णय नभएसम्म धरौटी रकम फिर्ता माग गर्न पाइने छैन । १३. शिलबन्दी बोलपत्र यस बैंकले उपलब्ध गराए बमोजिमको तोकिदिएको ढाँचामा पेश गर्नुपर्नेछ । साथै बोलपत्र सम्बन्धी अन्य शर्तहरु बोलपत्र फाराममा उल्लेख गरिए बमोजिम हुनेछ । **पुनश्च :** उल्लेखित धितो लेखिदिएको सम्पत्ति लिलाम बिक्री गर्दा वा बैंक आफैले सकार गर्दा साविकमा बैंकबाट भएको मूल्याङ्कन भन्दा कम मूल्यमा लिलाम बिक्री भयो वा उक्त सम्पत्तिको उचित मूल्य प्राप्त नभै कम मूल्यमा लिलाम बिक्री भयो वा बैंक आफैले सकार गरी लियो भनी कहि कतै उजुरवाजुर गर्न पाउनुहुने छैन ।	
बोलपत्र पेश गर्ने अन्तिम मिति, समय र स्थान : २०८०/१०/१९ शुक्रबार कार्यालय समय सम्म शाखा कार्यालय, धनगढी	**बोलपत्र खोलिने मिति, समय र स्थान :** २०८०/१०/२१ आइतबार दिनको ३:३० बजे शाखा कार्यालय, धनगढी

माछापुच्छे बैंक
सबल, उत्कृष्ट एवं विस्तारित
शाखा कार्यालय, धनगढी

हरिवनमा प्रदेशस्तरीय कृषि प्रदर्शनी मेलाको तयारी

सर्लाही/ हरिवन नगरपालिका–८, सुर्ती विकास मैदानमा 'मधेश प्रदेशको सान, दुध र कृषि क्षेत्र हामी सबैको पहिचान' भन्ने मूल नाराका साथ प्रदर्शनी हुने भएको छ। तीनदिने मधेश प्रदेशस्तरीय कृषि प्रदर्शनी मेलाको तयारी तीव्र पारिएको आयोजकले जनाएको छ। प्रदर्शनीको तयारीस्वरूप कार्यक्रम स्थलमा स्टल(प्रदर्शनी स्थल) निर्माण, प्रदेशस्तरकै प्रचारप्रसारलाई जोड दिइएको आयोजक समितिका संयोजक केशवराज थापाले जानकारी दिए।

प्रदर्शनी माघ ५ देखि ७ सम्म आयोजना हुन लागेको हो। प्रदर्शनीमा डेरी कृषि उत्पादन तथा कृषि औजार राखिने तथा औजार प्रदर्शनीको मुख्य आकर्षण रहने आयोजकले जनाएको छ। प्रदर्शनीको मधेश प्रदेश सरकारका कृषि तथा पशुपक्षी विकासमन्त्री वेदुराम भुसालले उद्घाटन गर्ने हरिवन नगरपालिका–८, का वडाध्यक्ष तथा प्रचारप्रसार समिति संयोजक प्रज्वल ढुंगानाले जानकारी दिए। स्थानीय कृषि उत्पादनको प्रोत्साहन तथा प्रवर्द्धनमा प्रदर्शनी कोसेढुंगा साबित हुने उनले बताए। प्रदर्शनीमा फलफूल, दुधजन्य उत्पादन, दलहन, तरकारी उत्पादनलगायत क्षेत्रका उत्कृष्ट किसानलाई पुरस्कृतसमेत गरिने भएको छ। यस प्रदर्शनीको पहिलो संस्करण गत वर्ष वैशाख महिनामा सम्पन्न भएको थियो। आयोजकका अनुसार प्रदर्शनीको अनुमानित लागत २५ लाख रुपैयाँ रहेको छ, जसमध्ये प्रदर्शनीका सहआयोजकबाट करिब २० लाख रुपैयाँ प्राप्त हुने आयोजकले जनाएको छ।

प्रदेश दुग्ध विकास बोर्ड, कृषि अनुसन्धान निर्देशनालय, परवानीपुर पर्सा, कृषि ज्ञान केन्द्र सर्लाही, हेल्भेटास नेपाल, इन्दुशंकर चिनी उद्योग र हेफर नेपालसँगको सहकार्यमा प्रदर्शनी गर्न लागिएको हो। यस क्षेत्रमा निर्वाहमुखी खेती प्रणाली मात्र हुने गरेकाले व्यावसायिक खेती आजको आवश्यकता रहेको आयोजक हरिवन नगरपालिकाका मेयर रमेश बुढाथोकी(कमल)ले जानकारी दिए। व्यावसायिक कृषिमा यान्त्रिकीकरण मुख्य चुनौती रहकाले प्रदर्शनीले टेवा पुऱ्याउने नगरप्रमुख बुढाथोकीले बताए। 'कृषि औजारको प्रदर्शनीले किसानलाई व्यावसायिक खेतीतर्फ लाग्न उत्प्रेरणा मिल्छ,' मेयर बुढाथोकीले भने, 'कृषि औजारको प्रयोगले कम लगानीमै बढी आम्दानी लिन सक्छौं भन्ने विश्वव्यापी मान्यता स्थानीय किसानमा समेत स्थापित गराउने अपेक्षा लिएका छौं।'

सञ्चार क्षेत्रमा सुधार आएको सञ्चारमन्त्रीको दाबी

काठमाडौं/ सञ्चार तथा सूचना प्रविधिमन्त्री रेखा शर्माले एक वर्षको कार्यकालमा सञ्चार क्षेत्रको नीतिगत र कानुनी सुधारका काम गरेको दाबी गरेकी छिन्। अन्य क्षेत्रभन्दा दूरसञ्चारको क्षेत्रमा बढी बेथिति रहेको पाइएपछि दूरसञ्चार क्षेत्रमा सुशासनको जग खडा गर्न केही नीतिगत सुधार गरिएको उनले दाबी गरेकी छिन्। त्यस्तै, कतिपय गुनासोको अनुसन्धान नै गरिएको उनले बताएकी छिन्।

बिहीबार आयोजित पत्रकार सम्मेलनमा बोल्दै मन्त्री शर्माले फ्रिक्वेन्सी लाइसेन्स ओगटेर राख्ने, राज्यलाई राजस्व नतिर्ने र काम नगर्ने प्रवृत्तिलाई निरुत्साहित गर्न फ्रिक्वेन्सी नीति २०६९ (संशोधन २०७३)लाई परिमार्जन गरी फ्रिक्वेन्सी नीति २०८० जारी गरिएको बताइन्। यसबाट २०८१ साउन १ देखि प्रविधि तटस्थताको नीति लागू हुनेछ। यसले अनुमतिपत्र लिई फ्रिक्वेन्सीबापत शून्य वा अत्यन्त कम राजस्व तिर्नुपर्ने प्रवृत्तिलाई निरुत्साहित गर्ने अपेक्षा रहेको उनले बताइन्। त्यस्तै अनुमतिपत्र बहाल नरहेका दूरसञ्चार सेवा प्रदायकको सम्पत्ति व्यवस्थापन नियमावली पनि संशोधन गरिएको उनले बताइन्। यसले सम्पत्तिको व्यवस्थापन गर्नुका साथै प्रयोग नभएको रेडियो फ्रिक्वेन्सी स्वतः फिर्ता हुने व्यवस्था गरिएको छ।

त्यस्तै, सामाजिक सञ्जालको प्रयोगलाई व्यवस्थित गर्नेसम्बन्धी निर्देश

अर्थ पत्रिका
नयाँ पत्रिका
शुक्रबार ५ माघ ०८०

टेरामक्स खरिदमा मन्त्रीहरूको यस्तो भूमिका

०७३ मा खरिद प्रक्रिया सुरु भएर ०७८ मा सम्झौता हुँदासम्म शेरधन राई, मोहनबहादुर बस्नेत, गोकुल बाँस्कोटा र ज्ञानेन्द्रबहादुर कार्की सञ्चारमन्त्री थिए

मुना कुँवर/नयाँ पत्रिका

टेलिकम्युनिकेसन ट्राफिक मनिटरिङ एन्ड फ्रड कन्ट्रोल सिस्टम (टेरामक्स) खरिद प्रक्रिया चारजना सञ्चारमन्त्रीको कार्यकालमा पूरा भएको देखिएको छ। ०७३ मा खरिद प्रक्रिया सुरु भएर ०७८ मा सम्झौता हुँदासम्म शेरधन राई, मोहनबहादुर बस्नेत, गोकुल बास्कोटा र ज्ञानेन्द्रबहादुर कार्की सञ्चारमन्त्री थिए।

तत्कालीन सञ्चारमन्त्री शेरधन राईले टेरामक्स प्रविधिको विषय अध्ययनका लागि सहमति दिएका थिए। त्यतिवेलाका सञ्चार सचिव दिनेश थपलियाका अनुसार त्यतिवेला कल बाइपासको आतंक थियो। सोही आतंकलाई नियन्त्रण गर्न मन्त्रालयले नीतिगत सहमति दिएको उनले बताए। मन्त्रालयको सहमतिपछि गरिएको अध्ययनमा ठूलो बजेट चाहिने भएपछि दूरसञ्चार प्राधिकरण टेरामक्स जडान योजनाबाट पछि हटेको प्राधिकरणका तत्कालीन अध्यक्ष दिगम्बर भाले बताए। राई पछि साउन ०७४ मा सञ्चारमन्त्री नियुक्त भएका मोहनबहादुर बस्नेतले टेरामक्सको योजना अगाडि बढाएको झाको भनाइ छ। 'प्राधिकरण आफैंले यो योजना अगाडि सारेको होइन। यो त मन्त्रालयको चासोको विषय थियो। तत्कालीन मन्त्री मोहनबहादुर बस्नेतले नै यो कार्यक्रमलाई योजना राख्न आदेश दिएका थिए,' उनले भने। तर, बस्नेतले पनि यसलाई कार्यान्वयनमा लैजान पाएनन्।

निर्वाचनपछि १८ जेठ ०७५ मा मन्त्रालयको नेतृत्वमा गोकुल बाँस्कोटा आए। उनले यस कार्यक्रमलाई थप प्राथमिकतामा राखे। दूरसञ्चार ऐनबमोजिम प्राधिकरणले वार्षिक बजेट आफैंले तयार पार्छ। प्राधिकरणको वार्षिक बजेट तथा कार्यक्रमलाई मन्त्रालयले सहमति प्रदान गर्नुपर्ने व्यवस्था छ। प्राधिकरणले अन्तर्राष्ट्रिय कल मनिटरिङ एन्ड फ्रन्ड नियन्त्रणका लागि इक्विपमेन्ट सफ्टवेयरसहित परामर्श सेवा खरिद शीर्षकमा २५ करोड, परामर्शदाता छनोट गर्ने गरी सम्झौता गर्न १० करोड र परामर्श सेवा प्राप्त गर्ने तथा कार्यान्वयन गर्नका लागि १५ करोडको सहमतिको प्रस्ताव गरेको पत्रमा उल्लेख छ।

प्राधिकरणले पठाएको बजेट प्रस्तावलाई ७ कात्तिक ०७५ मा मन्त्रीस्तरको निर्णयअनुसार सहमति प्रदान गरियो। तर, मन्त्रालयले बजेट परिमार्जन गरेर अन्तर्राष्ट्रिय कल मनिटरिङ एन्ड फ्रन्ड नियन्त्रणका लागि इक्विपमेन्ट सफ्टवेयर खरिद गर्न ७० करोडको सहमति दियो। परामर्शदाता छनोट गरी सम्झौता गर्न २० करोड र कार्यान्वयनका लागि ५० करोडको सहमति प्रदान गरेको पत्रमा उल्लेख छ। प्राधिकरणले पठाएको प्रस्तावलाई परिमार्जन गरी बाँस्कोटा नेतृत्वको मन्त्रालयले तीन गुणाभन्दा बढी बजेटको सहमति दियो।

मन्त्रालयको सहमतिपछि प्राधिकरणले टेरामक्स खरिदका लागि आह्वानमा १६ कम्पनीले भाग लिए। चारवटा कम्पनीलाई मात्रै सर्ट लिस्ट गरिए पनि प्राधिकरणले अन्तिममा टेन्डर नै रद्द गरयो। तर, प्राधिकरणको निर्णयविरुद्ध लेबनानको कम्पनी भेनराइज भने अदालत गयो। भेनराइजको उजुरीमा १८ असोज ०७८ वैशाख १८ गते सर्वोच्चले फैसला गऱ्यो। सर्वोच्चले प्राधिकरणले गरेको खरिद प्रक्रिया नियमसंगत भएको, छनोट प्रक्रिया पनि नियमसंगत भएको भन्दै प्रक्रिया अगाडि बढाउन आदेश दियो।

सोही समय सरकार परिवर्तन भएपछि असोज ०७८ मा सञ्चार मन्त्रालयको नेतृत्वमा ज्ञानेन्द्रबहादुर कार्की आए। प्राधिकरणले आव ०७८/७९ को वार्षिक कार्यक्रममा टेरामक्ससहित मन्त्रालयमा पूरक बजेटको प्रस्ताव पठायो। तत्कालीन सञ्चारमन्त्री कार्की र सचिव वैकुण्ठ अर्यालले ०७८ कात्तिकमा पूरक बजेटका लागि सहमति प्रदान गरे। मन्त्रालयको सहमतिपछि ०७८ माघमा प्राधिकरणले भेनराइजसँग खरिद सम्झौता गऱ्यो।

■ टेरामक्स र एमडिएमएससम्बन्धी कागजपत्र एक साताभित्र बुझाउन संसदीय समितिको निर्देशन



प्रतिनिधिसभाको शिक्षा, स्वास्थ्य तथा सूचना प्रविधि समितिले टेरामक्स र एमडिएमएस प्रणाली खरिद प्रक्रियाका सम्पूर्ण कागजपत्र मागेको छ। समितिको बिहीबार बसेको बैठकले एक साताभित्रमा सबै कागजपत्र उपलब्ध गराउन निर्देशन दिएको हो। अनियमितता भएको भन्दै समितिले खरिद प्रक्रिया, भुक्तानी प्रक्रिया र यस विषयमा हालसम्म भएको अध्ययन प्रतिवेदन तथा समितिहरूले दिएका सुझाव र निर्देशनका कागजपत्र माग गरेको हो। प्राप्त कागजपत्रमा सम्बन्धित क्षेत्रका विज्ञहरू राखी अध्ययन गरिने भएको छ।

छलफलमा राष्ट्रिय स्वतन्त्र पार्टीकी सांसद सुमना श्रेष्ठले एमडिएमएस र टेरामक्स खरिदका लागि भएको ठेक्का सम्झौता नै खारेज गर्नुपर्ने बताइन्। यस विषयमा जोडिएका सबै मन्त्री तथा सचिवहरूलाई पनि कारबाहीको दायरामा ल्याउनुपर्ने उनले माग गरेकी छिन्। त्यस्तै, एमालेकी ईश्वरी घर्ती मगरले एमडिएमएस र टेरामक्स खरिद प्रक्रियामा भएको अनियमिततामा सञ्चार मन्त्रालय पनि उतिकै दोषी भएको बताइन्। तर, मन्त्रालयले भने सम्पूर्ण दोष प्राधिकरणलाई थोपारेर आफू उम्कन खोजेको उनले आरोप लगाइन्। त्यस्तै, सार्वजनिक लेखा समितिले पनि टेरामक्स खरिद प्रक्रिया कानुनसम्मत नभएकाले हाल यस प्रविधि खरिद गर्ने कार्यलाई यथास्थितिमा राख्न निर्देशन दिइसकेको छ। गत ११ पुसमा बसेको समितिको बैठकले टेरामक्स प्रविधि खरिदका लागि थप कुनै पनि भुक्तानी नगर्न नेपाल सरकार, सञ्चार तथा सूचना प्रविधि मन्त्रालय, नेपाल दूरसञ्चार प्राधिकरणलाई निर्देशन दिएको हो।

■ सर्वोच्चको आदेशविपरीत खरिद योजना

सञ्चार मन्त्रालयले सर्वोच्च अदालतको आदेशविपरीत टेरामक्स खरिद प्रक्रिया अगाडि बढाएको पाइएको छ। २१ माघ ०७२ मा सर्वोच्च अदालतले गोपनीयतासम्बन्धी मुद्दाको फैसला गर्दै व्यक्तिको गोप्य सूचनामा कसैको पनि कानुनी पहुँच हुन नसक्ने निर्णय सुनाएको थियो। त्यस्तै, अपराध अनुसन्धानका लागि सम्बन्धित जिल्ला अदालतको अनुमति लिई कानुनी प्रक्रिया प्राप्त गरेर मात्र कल डिटेल र एसएमएसको विवरण प्राप्त गर्न सकिने फैसला सुनायो। तर, प्राधिकरणले प्रस्ताव गरेको आव ०७४/७५ को वार्षिक कार्यक्रमलाई मन्त्रालयले १७ असोज ०७४ मा सहमति दियो।

मन्त्रालयले सहमति दिएको भोलिपल्ट नै प्राधिकरणको बोर्डले टेरामक्स खरिद गर्ने बजेट स्वीकृत गऱ्यो। २० असोजमा आशयपत्र तथा २८ माघमा प्रस्तावना पत्रको सूचना जारी गऱ्यो। ३ पुस ०७५ मा टेन्डर खोलियो। तर, २९ वैशाख ०७६ मा प्राधिकरणले टेन्डर रद्द गऱ्यो। प्राधिकरणले टेन्डर रद्द गरेकाले ठेकेदार कम्पनी नै सर्वोच्च पुग्यो। तत्कालीन प्रधानन्यायाधीश चोलेन्द्रशमशेर र न्यायाधीश कुमार चुडालको इजलासले १४ वैशाख ०७८ मा कानुनबमोजिम खरिद प्रक्रिया सम्पन्न गर्नु भन्ने आदेश दियो। अदालतले सार्वजनिक खरिद ऐन, २०६३ को दफा ३७ र ३८ को व्यवस्थाअनुसार अगाडि बढाउन र कन्सल्टेन्टसँग कानुनी प्रक्रिया पूरा गरी अग्रिम खरिद प्रक्रिया सम्पन्न गर्नु-गराउनू भन्ने आदेश दियो। तर, कानुन निर्माणको प्रक्रिया आरम्भ पनि नहुँदै २४ माघ ०७८ मा टेरामक्स खरिद सम्झौता गरियो।

■ टेरामक्स आवश्यक नै नभएको सञ्चार मन्त्रालयकै दाबी

प्राधिकरणले खरिद गरेको टेरामक्स प्रविधि अहिले आवश्यक नै नभएको सञ्चार मन्त्रालयकै दाबी छ। तत्कालीन समयमा भिओआइपीबाट हुने ठगी नियन्त्रण गर्न यो प्रविधिको परिकल्पना गरिएको थियो। तर, खरिद सम्झौता गर्दा भिओआइपीबाट हुने राजस्व चुहावट लगभग शून्य भइसकेको थियो। त्यस्तै, नेपाल टेलिकम र एनसेलले पनि ठगी नियन्त्रण र राजस्व सुनिश्चित सिस्टमजस्ता प्रणाली जडान गरिसकेकाले यसको आवश्यकता नभएको मन्त्रालयकै दाबी छ। प्राधिकरणका अनुसार लेबनानको भेनराइज कम्पनीसँग दुई करोड ३७ लाख ७० हजार डलरमा टेरामक्स खरिद सम्झौता गरेको थियो। जसमध्ये ५२ करोड भुक्तानी भइसकेको प्राधिकरणका निवर्तमान अध्यक्ष पुरुषोतम घिमिरेले बताए।



त्यतिवेला कल बाइपासको धेरै समस्या थियो। कल बाइपासका कारण राजस्व गुमेको थियो। त्यसलाई नियन्त्रण गर्ने प्रविधिको विषयमा चर्चा पनि भएको थियो। तर, त्यस विषयमा ठोस निर्णय भएको मलाई याद छैन।

● **शेरधन राई**, पूर्वसञ्चारमन्त्री



मैले कल बाइपास रोक्ने प्रविधिका लागि सहमति दिएको हो। टेरामक्सका लागि मेरो कार्यकालमा मैले कुनै सहमति वा स्वीकृति प्रदान गरेको छैन।

● **मोहनबहादुर बस्नेत**, पूर्वसञ्चारमन्त्री



मैले कल बाइपास रोक्ने प्रविधि जडानका लागि सहमति प्रदान गरेको हो। तर, त्यतिवेला त्यो प्रक्रिया पूरा पनि भएन। टेन्डर पनि रोकियो। मैले टेरामक्सका लागि भनेर सहमति दिएको होइन। त्यतिवेला टेरामक्सको कुरा नै थिएन।

● **गोकुल बाँस्कोटा**, पूर्वसञ्चारमन्त्री

१० स्थानीय तह सामाजिक सुरक्षा कोषमा सूचीकृत

काठमाडौं/ योगदानमा आधारित सामाजिक सुरक्षा कोषमा १० वटा स्थानीय तहहरू सूचीकृत भएका छन्। त्यस्तै, हालसम्म ५५ जना स्वरोजगार कोषमा सूचीकृत भएका छन्। सरकारले गत साउनदेखि अनौपचारिक क्षेत्रका श्रमिक र स्वरोजगारलाई पनि कोषमा समेट्न थालेको हो। कोषले अनौपचारिक क्षेत्र र स्वरोजगारलाई कोषमा आबद्ध गराउने कार्यविधि जारी गर्दै स्थानीय तह, प्रदेश र संघीय सरकारसँग सहकार्य गर्ने व्यवस्था गरेको छ। सोही व्यवस्थाअनुसार आफ्ना क्षेत्रका श्रमिकलाई कोषमा सूचीकृत गराउने स्थानीय तहहरूले कोषसँग सम्झौता गरेका हुन्।

कोषका अनुसार हालसम्म भीमफेदी गाउँपालिका हेटौंडा, फेदीखोला गाउँपालिका स्याङ्जा, जितपुर उपमहानगरपालिका सिमरा, चिंगार्ड गाउँपालिका सुर्खेत, बर्दिवास नगरपालिका महोत्तरी, ताराखोला गाउँपालिका बागलुङ, बेलबारी नगरपालिका मोरङ, बलरा नगरपालिका सर्लाही, ऐरावती गाउँपालिका प्युठान र गोडैता नगरपापिलका सर्लाही कोषमा आबद्ध भएका छन्।

आबद्ध भएकामध्ये फेदीखोलाले अनौपचारिक क्षेत्रका श्रमिकमध्ये ५९ जनालाई सूचीकृत गराएको छ। सूचीकृत भएका श्रमिकको तर्फबाट स्थानीय तहले ९ दशमलव ३७ प्रतिशत रकम योगदान गरेको कोषका प्रवक्ता विवेक पन्थीले बताए।

कोषमा आबद्ध हुने अनौपचारिक क्षेत्रका श्रमिकले सरकारले तोकेको न्यूनतम पारिश्रमिकको २० दशमलव ३७ प्रतिशत रकम योगदान गर्नुपर्छ। जसमध्ये ११ प्रतिशत रकम श्रमिक आफैंले व्यहोर्नुपर्नेछ भने ९ दशमलव ३७ प्रतिशत रकम सरकारले थप गर्छ। तर, स्वरोजगार व्यक्तिले भने न्यूनतम पारिश्रमिकको ३१ प्रतिशत रकम योगदान गर्नुपर्छ।

कोषले जारी गरेको अनौपचारिक क्षेत्रका श्रमिक र स्वरोजगारमा रहेका व्यक्तिको सामाजिक सुरक्षा योजना सञ्चालन कार्यविधि, २०७९ अनुसार औपचारिक प्रबन्धले नसमेटिएका सबै प्रकारका श्रमिकहरू अनौपचारिक क्षेत्रका श्रमिक मानिन्छ। त्यस्तै, प्रचलित कानुनबमोजिम दर्ता भई वा नभई स्वयंले बिक्री प्रयोजनका लागि वस्तु उत्पादन तथा सेवा प्रदान गर्ने व्यक्तिलाई स्वरोजगार क्षेत्रमा आबद्ध श्रमिक मानिन्छ। साथै, न्यूनतम आधारभूत पारिश्रमिक भनेको नेपाल सरकारले वेला-वेलामा औद्योगिक क्षेत्रका श्रमिकका लागि तोकेको आधारभूत पारिश्रमिक सम्झनुपर्ने उल्लेख छ।

कोषले सामाजिक सुरक्षा ऐनबमोजिम अनौपचारिक क्षेत्रका श्रमिक र स्वरोजगार व्यक्तिलाई पनि कोषमा आबद्ध गर्न लागेको हो। योगदानमा आधारित सामाजिक सुरक्षा, २०७४ को दफा ५ तथा योगदानमा आधारित सामाजिक सुरक्षा नियमावली, २०७५ को नियम ४ अनुसार यस्ता श्रमिकको योगदान रकममा नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहले पनि योगदान गर्न सक्ने व्यवस्था छ।

सबैका लागि बैंक
Global IME Bank
ग्लोबल आइएमई बैंक लि.
सबैका लागि बैंक
Global Remit जहाँसम्म रेमिट

योजना आयोगको सदस्य संख्या थपियो

काठमाडौं/ सरकारले दलीय भागबन्डा व्यवस्थापन गर्न राष्ट्रिय योजना आयोगमा सदस्य संख्या थपेको छ। हालसम्म ६ जनाको संख्या तोकिएकोमा बढाएर सातजना पुऱ्याइएको छ। सरकारले बिहीबार राजपत्रमार्फत राष्ट्रिय योजना आयोग (गठन तथा कार्य सञ्चालन)को आदेश संशोधन गर्दै सदस्य संख्या बढाएको हो। संशोधनअनुसार कम्तीमा एकजना महिलासहित बढीमा सातजना सदस्य रहने व्यवस्था गरिएको छ। ०७४ मा यो आदेश लागू हुँदा सदस्य संख्या चारजना राख्न पाइने व्यवस्था थियो। हाल आयोगको उपाध्यक्षमा डा. मीनबहादुर श्रेष्ठ, सदस्यमा डा. रामकुमार फुँयाल, डा. जयकान्त राउत, डा. प्रभु बुढाथोकी, प्रा.डा. आरपी बिछा, डा. रमेशचन्द्र पौडेल र डा. अनिता शाह दुंगाना छन्।

इप्पानले मनायो २४औं वार्षिकोत्सव

जलविद्युत् नै आर्थिक विकासको पहिलो आधार : उपप्रधानमन्त्री श्रेष्ठ

नयाँ पत्रिका

आर्थिक समृद्धिको यात्रामा सरकारले जलविद्युत्लाई पहिलो प्राथमिकतामा राखेको उपप्रधान तथा गृहमन्त्री नारायणकाजी श्रेष्ठले बताएका छन्। स्वतन्त्र ऊर्जा उत्पादकहरूको संस्था (इप्पान)को २४औं वार्षिकोत्सव समारोहलाई सम्बोधन गर्दै उपप्रधानमन्त्री श्रेष्ठले ऊर्जाबाटै तत्काल आर्थिक समृद्धि सम्भव हुने र सरकारले यसलाई अर्थतन्त्रको मेरुदण्डका रूपमा लिएको बताए। त्यसका लागि सरकारले आवश्यक नीति निर्माण गर्ने र निजी क्षेत्रसँग सहकार्य गर्ने उनको भनाइ छ। आगामी वैशाखमा गर्न लागेको लगानी सम्मेलनमा ऊर्जा क्षेत्रलाई कसरी अघि बढाउने भनेर सरकारले सोचिरहेको उनले बताए।

यसैगरी ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री शक्ति बस्नेतले १२ वर्षमा सरकारको लक्ष्यअनुसार साढे २८ सय मेगावाट विद्युत् उत्पादन हुने दाबी गरे। त्यो लक्ष्य प्राप्ति गर्न सरकारले निजी क्षेत्रसँग सहकार्य गर्ने उनले बताए।

मन्त्री बस्नेतले ऊर्जा विकासमा निजी क्षेत्रको योगदान ६०-७० प्रतिशत रहेको बताए। निजी क्षेत्रको माग पूरा गर्न सरकार प्रयत्नशील रहेको र त्यसपछि ऊर्जा उत्पादन बढाउन सहयोग पुग्ने पनि उनको भनाइ छ।



कार्यक्रममा इप्पानका अध्यक्ष गणेश कार्कीले प्रधानमन्त्रीको भारत भ्रमणपछि ऊर्जा उद्यमी उत्साहित भएको बताउँदै १० वर्षमा १० हजार मेगावाट विद्युत् बेच्ने सरकारको सम्झौता निकै स्वागतयोग्य रहेको पनि बताए। 'अहिले देश ऊर्जामय भएको छ,' उनले भने, 'सरकारलाई अबको दशक ऊर्जा दशक घोषणा गर्न माग गर्छु, साथै सरकारले अबको दशकलाई ऊर्जा संकटकाल लगाउनसमेत माग गर्दछु।' अहिले सरकारले ऊर्जा क्षेत्रमा भ्याट बढाएको जानकारी गराउँदै अध्यक्ष कार्कीले पहिलाकै दरमा कायम गर्न माग गरिरहेको स्मरण गराए।

■ ऊर्जा क्षेत्रका विशिष्ट व्यक्ति र संस्था सम्मानित

'इप्पान डे'को अवसरमा उपप्रधान तथा गृहमन्त्री श्रेष्ठ, ऊर्जामन्त्री बस्नेत र इप्पानका अध्यक्ष कार्कीले विभिन्न व्यक्ति तथा संस्थालाई संयुक्त रूपमा सम्मान गरेका हुन्। इप्पान विशेष सम्मानबाट सम्मानित हुनेमा ऊर्जा मन्त्रालयका सहसचिवद्वय नवीनराज सिंह र सन्दीपकुमार देव, विद्युत् विकास विभागका महानिर्देशक चिरञ्जीवी चटौत र नेपाल विद्युत् प्राधिकरणका पूर्वउपकार्यकारी निर्देशक प्रबल अधिकारी रहेका छन्।

त्यस्तै, वरिष्ठ ऊर्जा पत्रकारिता सम्मानबाट जलसरोकार डटकमका प्रधानसम्पादक विकास थापालाई सम्मान गरिएको छ। त्यस्तै, एक मेगावाटभन्दा ठूलो निजी क्षेत्रको पहिलो आयोजनाका रूपमा ०५८ साल माघ १० गते सम्पन्न भएको नेसनल हाइड्रोपावर कम्पनीलाई सम्मान गरिएको छ। कम्पनीले ७.५ मेगावाटको इन्द्रावती तेस्रो जलविद्युत् आयोजना सञ्चालन गरिरहेको छ। नेसनल हाइड्रोपावरका संस्थापक अध्यक्ष जितबहादुर श्रेष्ठ र वर्तमान अध्यक्ष कुमार पाण्डेलाई सम्मान गरिएको हो। कार्यक्रममा एक मेगावाटभन्दा सानो पहिलो जलविद्युत् आयोजनाका रूपमा एक सय ८३ किलोवाटको स्याँगे साना जलविद्युत् आयोजनालाई सम्मान गरिएको छ।

निजी क्षेत्रले निर्माण गरेको जलविद्युत् आयोजनामा पहिलोपटक लगानी गरेको नबिल बैंक (तत्कालीन नेपाल बंगलादेश बैंक), आयोजना निर्माणमा संलग्न पहिलो निर्माण कम्पनीका रूपमा एभरेष्ट निर्माण सेवा कम्पनी, आयोजनाको बिमा गर्ने पहिलो बिमा कम्पनीका रूपमा आईजिआई प्रुडेन्सियल इन्स्योरेन्स कम्पनी (साबिकको एनबी इन्स्योरेन्स)लाई पनि सम्मान गरिएको छ।

धितोपत्र बोर्डमा न अध्यक्ष, न कार्यकारी

सार्वजनिक निष्कासन (आइपिओ) हकप्रद, बजार सुपरिवेक्षण, बोर्ड बैठकलगायत दर्जनौं काम प्रभावित

भोजराज भण्डारी/नयाँ पत्रिका

पुँजी बजारको नियामक निकायजस्तो संवेदनशील क्षेत्र नेपाल धितोपत्र बोर्ड यतिवेला अध्यक्ष र कार्यकारीविना नै चलिरहेको छ। २० पुसमा रमेशकुमार हमालको कार्यकाल सकिएपछि बोर्ड अहिले नेतृत्वविहीन भएको हो।

नयाँ अध्यक्ष नियुक्त नभएसम्म बोर्डको काम-कारबाहीलाई निरन्तरता दिन अर्थ मन्त्रालयले कार्यकारी अध्यक्ष तोक्ने व्यवस्था छ। तर, मन्त्रालयले न अध्यक्ष नियुक्तिका लागि मन्त्रिपरिषद्मा प्रस्ताव लगेको छ, न कार्यकारीको जिम्मेवारी कसैलाई दिएको छ। बोर्ड नेतृत्वविहीन हुँदा दैनिक दर्जनौं काम प्रभावित भएका छन्। अर्थ मन्त्रालयले मन्त्रिपरिषद्मा अध्यक्ष छनोटका लागि प्रस्ताव लैजानुपर्छ, मन्त्रिपरिषद्ले योजना आयोगको सदस्यसहित छनोट समिति गठन गर्नुपर्ने व्यवस्था छ। समितिमा परेको आवेदनको मूल्यांकनका आधारमा मन्त्रिपरिषद्बाट अध्यक्ष तोक्ने कानुनी व्यवस्था छ।

बोर्ड अध्यक्ष नियुक्ति नभएसम्म कार्यकारीलाई जिम्मा दिने प्रचलन भए पनि यसपटक अर्थ मन्त्रालयले आवश्यक नठानेको बोर्डका एक अधिकारीले बताए। उनले भने, 'अध्यक्ष नभएको खण्डमा बोर्ड बैठक राख्नेसम्मको अधिकारी दिएको हुन्छ, अहिले दर्जनौं काम पाइपलाइनमा छन्, आइपिओ निष्कासन, हकप्रद, बजार सुपरिवेक्षणलगायत काम ठप्प छ।'

बोर्डमा अहिले चारजना कार्यकारी निर्देशकहरूमा डा. नवराज अधिकारी, विनयदेव आचार्य, मुक्तिनाथ श्रेष्ठ र कृष्ण पोखरेल कार्यरत छन्। उनीहरूमध्येबाट एकजनालाई दैनिक कार्य सञ्चालन तथा बोर्ड बैठकसमेत बोलाउन सक्ने गरी अख्तियारी दिन सकिन्छ। यसअघि तत्कालीन अध्यक्ष भीष्मराज ढुंगानालाई मन्त्रिपरिषद्ले निलम्बन गरेपछि वरिष्ठ कार्यकारी निर्देशक नीरज गिरीलाई दैनिक कार्य सञ्चालन तथा बोर्ड बैठक बोलाउने अख्तियारी दिइएको थियो।

बोर्ड स्रोतका अनुसार अध्यक्ष पद रिक्त भएसँगै बोर्डका दुई कार्यकारी निर्देशक डा. नवराज अधिकारी र कृष्णराज पोखरेलले अर्थ मन्त्रालयलाई पत्र लेख्दै आफूलाई कार्यकारी अध्यक्षको जिम्मेवारी दिन माग गरेका छन्। तर, मन्त्रालयले कुनै निर्णय गरेको छैन।

ती अधिकारीले भने, 'अहिले जलविद्युत् कम्पनीहरूको सार्वजनिक निष्कासनका लागि अनुमति माग्न आइरहेका छन्, बोर्डले समयमै अध्ययन नगर्दा ती कम्पनी नै घाटामा पर्न सक्छन्, अहिले पुँजी बजार अनुगमनका कामसमेत रोकिएका छन्।'

प्राधिकरणको पत्र पुग्यो तर, निर्णय अनिश्चित

नेपाल विद्युत् प्राधिकरकणले २६ पुसमा प्रिमियममा आइपिओ निष्कासनको तयारीमा रहेका कम्पनीको विद्युत् महसुल बक्यौता रहेको भन्दै धितोपत्र बोर्डलाई पत्राचार गरेको थियो। अंकित मूल्यभन्दा बढी (प्रिमियम)मा आइपिओ जारी गर्न लागेका कम्पनीको बक्यौता दायित्व रहेको भन्दै प्राधिकरणले बोर्डको ध्यानाकर्षण गराएको थियो। तर, पत्र पुगेको भए पनि यस विषयमा अध्यक्ष र कार्यकारी दुवै नहुँदा पत्रमा तोक लगाएर सम्बन्धित विभागमा समेत नपुगेको ब्रोड स्रोतको दाबी छ। 'पत्रमा उठाएको विषय गम्भीर छ, तत्काल बोर्ड बैठक बसेर कम्पनीको विषयमा अध्ययन र परामर्श गर्नुपर्ने हुन्छ, तर अध्यक्ष वा कार्यकारीले तोक नलाएसम्म पत्र सम्बन्धित विभागमा आइपुदैन, यो लामै समयसम्म जान सक्छ,' ती अधिकारीले नयाँ पत्रिकासँग भने।

सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडको
ऋणकर्जा चुक्ता भुक्तान गर्न जारी गरेको ३५ (पैंतीस) दिने सूचना

प्रकाशित मितिः २०८०/१०/०५

तपसिलमा उल्लेखित ऋणीले साविक सिर्जना फाइनान्स लिमिटेड हाल सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडको शाखा कार्यालय कंचनरुप, सप्तरीबाट सिटिजन्स फाष्ट ट्रयाक आवधिक कर्जा शिर्षक अन्तर्गत कर्जा लिई उपभोग गरेको ऋणकर्जाको भुक्तानी सम्बन्धी सम्झौताका शर्त अनुसार तिर्न बुझाउन पर्ने साँवा, ब्याज आदि नियमानुसार लाग्ने रकम नतिरी नबुझाई बस्नु भएकोले कर्जा बापत तिर्न बुझाउन पर्ने साँवा तथा ब्याज तिर्ने सम्बन्धमा मौखिक तथा लिखित रुपमा पटक पटक तरताकेता गर्दा समेत उक्त ऋणकर्जा रकमको सम्पूर्ण साँवा, ब्याज तथा हर्जाना रकम चुक्ता भुक्तान नगरी यस बैंकसँग भएको ऋणकर्जा सम्बन्धी शर्तबन्देजहरु उल्लङ्घन गर्नु भएकोले यथाशीघ्र बैंकमा सम्पर्क गरी आफूले उपभोग गरेको ऋणकर्जा सुविधा बापत बैंकलाई तिर्न बुझाउन पर्ने सम्पूर्ण रकम चुक्ता भुक्तान गर्नुहुन यो ३५ (पैंतीस) दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ। यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिन भित्रमा पनि ऋणकर्जा सुविधा बापत तिर्न बुझाउन पर्ने साँवा, ब्याज र सो को हर्जाना आदि सम्पूर्ण रकम चुक्ता भुक्तान नगरेमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३ अन्तर्गत यस बैंकलाई कर्जा सुरक्षण बापत लेखिदिएको तपसिलमा उल्लेख भएको **"धितोमा रहेको चल/अचल सम्पत्ति लिलाम बिक्रीको सूचना"** प्रकाशित गरी लिलाम बिक्री वा अन्य कुनै व्यवस्था गरी बैंकले आफ्नो लेना रकम असुल गरी लिने र प्रचलित नियम बमोजिम कर्जा सूचना केन्द्र लिमिटेडमा कालोसूचीमा समावेश गरिने व्यहोरा समेत यसै सूचना मार्फत् जानकारी गराइन्छ।
साथै तपसिलमा उल्लेखित जमानीकर्ताले स्वयम् बैंकमा उपस्थित भई जमानत दिने कागज गरिदिनु भएको हुँदा यहाँ जमानीकर्ताले पनि उपरोक्त व्यहोरा अवगत गरी सूचनाको म्याद भित्र बैंकलाई तिर्न बुझाउन पर्ने सम्पूर्ण रकम चुक्ता भुक्तान गर्नु हुन अनुरोध गरिन्छ। अन्यथा बैंकको लेना रकम असुल उपर गर्नुका साथै तहाँलाई समेत कर्जा सूचना केन्द्र लिमिटेडमा नियमानुसार कालोसूचीमा समावेश गरिने व्यहोरा यसै सूचनाद्वारा जानकारी गराइन्छ।

तपसिल

कर्जा शिर्षक : सिटिजन्स फाष्ट ट्रयाक आवधिक कर्जा

ऋणीको नाम र ठेगाना		जमानीकर्ताहरुको नाम र ठेगाना	
नाम	: परिक्षण दास तत्मा	१. नाम	: सुखो कुमारी दास
बाबु	: लक्ष्मण दास तत्मा	बाबु	: राम बृक्ष दास
बाजे	: खुबहारी दास	पती	: परिक्षण दास तत्मा
ठेगाना	: दौलतपुर -२, सप्तरी	ससुरा	: लक्ष्मण दास
हाल	: सुरुङ्गा न.पा. ०३, सप्तरी	ठेगाना	: दौलतपुर -२, सप्तरी
ना.प्र.नं.	: १६-०१-७३-०७३१४	हाल	: सुरुङ्गा न.पा. ०३, सप्तरी
जारी मिति	: २०७३/०६/१८	ना.प्र.नं.	: १६-०१-७३-१०७८०
जि.प्र.का.	: सप्तरी	जारी मिति	: २०७३/१०/२८
		जि.प्र.का.	: सप्तरी
२. नाम	: लक्ष्मण दास	३. नाम	: रामो देवी तत्मा
बुवा	: खुबहारी दास	बाबु	: सुनर दास तत्मा
बाजे	: नथुनी दास	पति	: लक्ष्मण दास तत्मा
ठेगाना	: दौलतपुर -१, सप्तरी	ससुरा	: खुबहारी दास
हाल	: सुरुङ्गा न.पा. ०२, सप्तरी	ठेगाना	: दौलतपुर -१, सप्तरी
ना.प्र.नं.	: १३७६	हाल	: सुरुङ्गा न.पा. ०२, सप्तरी
जारी मिति	: २०५३/०२/१५	ना.प्र.नं.	: ५२२४२८८१
जि.प्र.का.	: सप्तरी	जारी मिति	: २०६०/०१/२४
		जि.प्र.का.	: सप्तरी

१. धितो राखिएको सम्पत्ति विवरण : सवारी धनी साविक सिर्जना फाइनान्स लि. हाल सिटिजन्स बैंक इन्टरनेसनल लि.भई ऋणी परिक्षण दास तत्मा भएको।

मोडेल	दर्ता नं.	इन्जिन नं	च्यासिस नं.	बनेको साल
AKT-54	प्र-२-०१-००१ त ७३४	P5 2001/19 20013	54HTL000132	2019

२. धितो सुरक्षण धनीको नाम : रामो देवी तत्मा

जिल्ला	न.पा./गा.वि.स.	वडा नं./नक्सा सिट नं.	कि.नं.	क्षेत्रफल (रोपनी)	कैफियत
सप्तरी	दौलतपुर	२ क	२०२	०-१०-०-०	सो जग्गामा निर्माण भएको तथा पछि भविष्यमा निर्माण हुने सम्पूर्ण भवनहरु तथा सो को लिग लगापात समेत।
सप्तरी	दौलतपुर	२ क	२७४	०-०-१६-०	

Citizens Bank
मुख्य कार्यालयः
पो. ब. १९६८१, नारायणहिटी पथ, काठमाडौं, नेपाल
फोनः ९७७ १ ४५२७४२/४३/२४ फ्याक्सः ९७७ १ ४५२७०४४
इमेलः info@ctznbank.com, SWIFT: CTZNNPKA
कल सेन्टरः support@ctznbank.com, ०१-५९७००६८

आइपिओ जारी गर्दै लोवर इखुवा हाइड्रोपावर

काठमाडौं/ लोवर इखुवा हाइड्रोपावर लिमिटेडले आइपिओ जारी गर्ने भएको छ। हाइड्रोपावरले प्रतिकित्ता सय रुपैयाँका दरले २८ लाख पाँच हजार सात सय ५० कित्ता सेयर जारी गर्ने भएको हो। आइपिओ प्रत्याभूति ज्योति क्यापिटलले गर्ने भएको छ। आइपिओ प्रत्याभूतिका लागि क्यापिटल र हाइड्रोपावरबीच सम्झौता भएको बताइएको छ। सम्झौतापत्रमा क्यापिटलका तर्फबाट प्रमुख कार्यकारी अधिकृत विकास ढकाल र हाइड्रोपावरका तर्फबाट प्रबन्ध सञ्चालक विश्वेश्वर सुवेदीले हस्ताक्षर गरे। ज्योति विकास बैंकको सहायक कम्पनीका रूपमा रहेको ज्योति क्यापिटलको चुक्ता पुँजी २१ करोड रहेको छ।

काठमाडौंमा नेपाल इन्भेष्टमेन्ट मेगा बैंकका दुई नयाँ शाखा



काठमाडौं/ नेपाल इन्भेष्टमेन्ट मेगा बैंक लिमिटेडले बिहीबारदेखि काठमाडौंमा दुईवटा नयाँ शाखा विस्तार गरेको छ।

बैंकले काठमाडौं महानगरपालिका वडा नं ३१ मा शंखमूल शाखा र काठमाडौं महानगरपालिका वडा नं २९ मा अनामनगर शाखा सञ्चालनमा ल्याएको हो। यी दुई शाखा गरी बैंकका शाखा संख्या दुई सय ६४ पुगेको छ। नयाँ शाखाबाट बिहीबारदेखि नै सम्पूर्ण बैंकिङ सेवा सुरु भएको छ। बैंकका प्रमुख कार्यकारी अधिकृत ज्योतिप्रकाश पाण्डेले नयाँ शाखाको उद्घाटन गरे। उद्घाटन कार्यक्रममा सिइओ पाण्डेले नयाँ शाखाबाट ग्राहक महानुभावलाई उत्कृष्ट बैंकिङ सेवा तथा सुविधा दिने बताए।

हाल बैंकले दुई सय ६४ शाखा कार्यालय, ६३ वटा एक्सटेन्सन काउन्टर, एक सय १३ वटा शाखारहित बैंकिङ र दुई सय ५५ वटा एटिएममार्फत सेवा दिँदै आएको छ।

कन्दरा ब्यान्डको प्रस्तुतिमा आइएमई पे टिकेटिङ पार्टनर

काठमाडौं/ डिजिटल वालेट आइएमई पेले पोखरामा सम्पन्न 'कन्दरा लाइभ इन पोखरा' इभेन्टमा टिकेटिङ पार्टनरको भूमिका निभाएको छ। 'पहिले घरदेश, अनि परदेश'को नारा लिएर सुरु भएको सांगीतिक यात्राको पहिलो कार्यक्रम पोखरामा सम्पन्न भएको हो। उक्त कार्यक्रम वर्षकै ठूलो सांगीतिक कार्यक्रम भएको ब्यान्डले जनाएको छ। पोखरा प्रदर्शनी केन्द्रमा आयोजित उक्त कार्यक्रममा १० हजारभन्दा बढी दर्शकको उपस्थिति रहेको बताइएको छ।



आइएमई पेका प्रमुख कार्यकारी अधिकृत प्रवीण रेग्मीले सबै क्षेत्रका संगीतप्रेमीलाई एकसाथ ल्याउने कार्यक्रमको एक हिस्सा हुन पाएकामा खुसी लागेको बताए। 'यो परियोजनाको पहिलो कार्यक्रमको सफल समापनले मनोरञ्जन तथा इभेन्ट उद्योगमा आइएमई पेको उत्कृष्ट सेवा प्रदान गर्ने हाम्रो प्रतिबद्धतालाई सुदृढ बनाएको छ,' उनले भने, 'यो उपलब्धि हाम्रो टिमको समर्पण र विशेषज्ञताको प्रमाण हो।'

Mithila Municipality
Office of the Municipal Executive
Dhalkewar,Dhanusha

Invitation For Electronic Bid

Date of publication: 2080/10/05(19thJan 2024)

Mithila municipality invites electronic bid from eligible national bidders under NCB Single stage two envelope bidding Procedure bidder may obtain further information from the PPMO web portal www.bolpatra.gov.np/egp .

contract No./ID	Descripson of work	Bid security Amount (NRs.)	Bid Document fee (NRs.)
MM/NCB/ Works/ 02/080/81	Construction of ward No. 1 Office Building	1,25,000.00	3000.00

Employer reserves the right to accept or reject, wholly or partly any or all the Bids without assigning reason whatsoever.

बिवाइडीको नयाँ सोरुम सञ्चालनमा



काठमाडौं/ विद्युतीय सवारीसाधन निर्माता कम्पनी बिवाइडीले ललितपुरमा नयाँ सोरुम सञ्चालनमा ल्याएको छ। सोरुम उद्घाटन ललितपुर महानगरपालिकाका प्रमुख चिरिबाबु महर्जनले गरेका हुन्। ललितपुरका लागि आधिकारिक वितरक इको ड्राइभ अटोमोबाइल प्रालिले सोरुम सञ्चालनमा ल्याएको हो।

नयाँ सोरुम सञ्चालनमा आएँसगै बिवाइडीको विस्तार रणनीतिमा कोसेढुंगाको काम गरेको र विद्युतीय सवारीसाधन प्रविधिमा भएको नवीनतम प्रगति र दिगो यातायातका लागि आफ्नो बलियो प्रतिबद्धतालाई प्रमाणित गरेको कम्पनीले जनाएको छ।

सोरुमले खरिदकर्ता र ग्राहकलाई 'वान स्टप सोलुसन' प्रदान गर्ने बताइएको छ, जहाँ एक्सचेन्ज, फाइनान्सिङका साथै फास्ट चार्जिङ स्टेसनसमेत उपलब्ध हुनेछ।

अत्याधुनिक सोरुममा नेपालकै पहिलो स्पोर्टी इलेक्ट्रिक एसयुभी बिवाइडी एट्टो ३ र भर्सटाइल बिवाइडी डल्फिनलगायतका विभिन्न अत्याधुनिक इलेक्ट्रिक सवारीसाधन हुनेछन् र ग्राहकले त्यहाँ ती सवारीसाधनमार्फत अद्वितीय अनुभव प्राप्त गर्न सक्ने कम्पनीले जनाएको छ।

यो नयाँ सोरुमसहित बिवाइडीका नेपालभर १२ सोरुम, नौ सर्भिस सेन्टर र १५ चार्जिङ प्वाइन्ट पुगेका छन्।

एनआइसी एसिया लघुवित्तको अध्यक्षमा सुवर्ण पौडेल



काठमाडौं/ एनआइसी एसिया लघुवित्तको अध्यक्षमा सुवर्ण पौडेल नियुक्त भएका छन्। एनआइसी एसिया बैंकको प्रतिनिधित्व गर्दै आएका सञ्चालक तथा अध्यक्ष सन्तोषकुमार राठीले राजीनामा दिएपछि संस्थाको सञ्चालक समितिको बैठकले राजीनामा स्वीकृत गरी पौडेललाई अध्यक्षमा नियुक्त गरेको हो। बैठकले सर्वसम्मतिमा नै हाल सञ्चालक रहेका पौडेल संस्थाको सञ्चालक समिति अध्यक्षमा चयन गरेको बताइएको छ।

व्यवस्थापनमा स्नातकोत्तर गरेका पौडेलले हाल एसएमई फाइनान्सिङमा विद्यावारिधि गरिरहेका छन्। इमर्जिङ नेपालमा निमित्त प्रमुख कार्यकारी अधिकृतको जिम्मेवारी बहन गरिसकेका उनीसँग व्यवसाय परामर्श, लगानी तथा वित्तीय क्षेत्र गरी एक दशकभन्दा बढीको कार्यानुभव रहेको छ।

विद्यार्थीलाई सिटिजन्स बैंकले दियो न्यानो कपडा



काठमाडौं/ सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडले चौदण्डीगढी नगरपालिका-८, उदयपुरस्थित श्री सरस्वती माध्यमिक विद्यालयका विद्यार्थीलाई न्यानो कपडा सहयोग वितरण गरेको छ।

विद्यालयमा अध्ययनरत अधिकांश विद्यार्थी दलित, जनजाति तथा विपन्न परिवारबाट रहेका र उनीहरूको आर्थिक अवस्था सबल नभएका कारण जाडो मौसममा न्यानो कपडा खरिद गर्न कठिनाइ हुने भएकाले ती बालबालिकालाई न्यानो स्वेटर प्रदान गरिएको बैंकले जनाएको छ। नर्सरीदेखि कक्षा १० सम्मका एक सय ९१ विद्यार्थीलाई स्वेटर प्रदान गरिएको बताइएको छ।

यसका साथै सिटिजन्स बैंक कालिकानगर शाखा, बुटवलले पनि स्थानीय मायादेवी जनजागृति आधारभूत विद्यालयका ९० जना विद्यार्थीलाई न्यानो कपडा वितरण गरेको छ। चिसो मौसमका कारण न्यानो कपडाको अभावमा विद्यार्थीको पठनपाठनमा समेत असर परेको हुँदा संस्थागत सामाजिक उत्तरदायित्वअन्तर्गत विद्यार्थीलाई न्यानो कपडा वितरण गरिएको हो। वितरित न्यायो लुगाले चिसो मौसममा विद्यार्थीको शैक्षिक कार्यलाई थोरै भए पनि मद्दत पुग्ने विश्वास बैंकले लिएको छ।

समृद्धि फाइनान्सले बाँड्यो न्यानो कपडा

काठमाडौं/ समृद्धि फाइनान्सले न्यानो कपडा वितरण गरेको छ। संस्थाले कविलासी नपा-१,२,७, हरिपुर नपा-३ र चन्द्रनगर गापा-१ को पिपरिया, सर्सिया, गैर, लगुवा र फरहदवाका विपन्न वर्गलाई ब्ल्यांकेट वितरण गरेको जनाएको छ।



संस्थाले मासिक रूपमा सम्पन्न गर्ने संस्थागत सामाजिक उत्तरदायित्वअन्तर्गतका कार्यक्रमको सूचीमध्ये न्यानो कपडा वितरण कार्यक्रमअन्तर्गत २४ घरधुरीलाई ब्ल्यांकेट वितरण कार्य सम्पन्न गरेको हो। संस्थाका शाखा प्रमुख रामहरि निरौलाको अध्यक्षता तथा कविलासी नगरपालिका मेयर ब्रह्मदेव रायको प्रमुख आतिथ्यतामा आयोजित कार्यक्रममा स्थानीय व्यापारी उपेन्द्र राय, पुरन महत्तो कोइरी, मनोज ठाकुरले आफ्नो मन्तव्य राख्दै यस्ता कार्यक्रमले स्थानीय न्यून आय भएका जनतालाई यस कठ्यांग्रिएको जाडोमा ठूलो राहत पुगेकाले फाइनान्सलाई धन्यवाद दिँदै यस भेगमा फाइनान्स सबैका लागि एउटा आशा र भरोसाका रूपमा आएको विचार व्यक्त गरे।

कुमारी बैंक लिमिटेड शाखा कार्यालय अरुणखोलाको धितोमा रहेको सम्पति पुनः लिलाम बिक्रीको लागि ७ दिने गोप्य शिलबन्दी बोलपत्र आव्हानको सूचना

(प्रकाशित मिति २०८०/१०/०५ गते नयाँ पत्रिका दैनिक)

यस कुमारी बैंक लिमिटेडको शाखा कार्यालय अरुणखोलाबाट तपसिलमा उल्लेखित ऋणीहरुले प्राप्त गरेको ऋण कर्जाहरुको बैंकलाई समय समयमा तिर्नु बुझाउनु पर्ने सांवा, ब्याज, पेनाल ब्याज आदि चुक्ता भुक्तान गर्न पटक पटक लिखित एवं मौखिक रुपमा सूचना गरी तरताकेता गर्दा समेत नतिरी नबुझाई बैंक संग भएको ऋणकर्जा सम्बन्धी शर्तबन्देजहरु उल्लङ्घन गरेको हुनाले निज ऋणीहरुलाई सम्पूर्ण कर्जा, सो कर्जाको ब्याज, पेनाल ब्याज तथा अन्य दै दस्तुरहरु तिर्न बुझाउनको लागि ३५ दिने सार्वजनीक सूचना प्रकाशित गर्दा समेत बैंकलाई तिर्नु बुझाउनु पर्ने सांवा, ब्याज, पेनाल ब्याज तथा अन्य दै दस्तुरहरु चुक्ता भुक्तान नगरेको हुँदा निज ऋणीहरुले प्राप्त गरेको ऋण कर्जाहरुको सुरक्षण बापत बैंकलाई धितो बन्धक लेखिदिएको तपसिलमा उल्लेखित सम्पत्ति तथा सोको लिगलगापातहरु समेत जहां जे जस्तो अवस्थामा छ, सोही अवस्थामा बिक्री गर्न पटक पटक धितो लिलाम सूचना प्रकाशित गरी लिलाम गर्दा समेत लिलाम हुन नसकेकाले यो पुन धितो लिलाम सूचना प्रकाशित गरीएको छ। यो सूचना प्रकाशित भएको **मितिले ८ औं दिन अर्थात २०८० माघ १२ गते शुक्रबार**को दिन गोप्य शिलबन्दी बोलपत्रद्वारा शाखा कार्यालय अरुणखोलामा लिलाम बिक्री गरी बैंकको लेना रकम असुल उपर गरिने भएको हुँदा सर्वसाधारणको जानकारीको लागि यो गोप्य शिलबन्दी बोलपत्र आव्हानको सूचना प्रकाशित गरिएकोछ। धितोमा रहेको चल अचल सम्पत्तिहरु सकार गरी लिन ईच्छुक महानुभावहरुले देहायका शर्तबन्देजहरुको अधिनमा रहि गोप्य शिलबन्दी बोलपत्र दिन सक्नुहुनेछ।

तपसिल

१. ऋणीको विवरण:

देवी सिंह रासकोटीको नाती, टेक बहादुर रासकोटीको छोरा, नवलपरासी जिल्ला, धुरकोट गा.वि.स वडा नं. २ स्थायी ठेगाना भई हाल नवलपरासी जिल्ला, विनयी त्रिवेणी गांउपालिका वडा नं. ०५ बस्ने **लाल बहादुर रासकोटी** (ना.प्र.नं २०१९ जारी मिति २०५२/०९/१६ जिल्ला प्रशासन कार्यालय, नवलपरासी)।

व्यक्तिगत जमानीकर्ताहरुको विवरण:

१ कुल बहादुर गाहाको छोरी, देवी सिंह रासकोटीको बुहारी, टेक बहादुर रासकोटीको पत्नी, जिल्ला नवलपरासी, धुरकोट गा.वि.स वडा नं. २ स्थायी ठेगाना भई हाल विनयी त्रिवेणी गांउपालिका वडा नं. ०५ बस्ने **दमन्ती राकसकोटी** (ना.प्र.नं १२३०५ जारी मिति २०४५/०१/२० जिल्ला प्रशासन कार्यालय, नवलपरासी)।

२. मोहन सिंह कामु मगरको छोरी, टेक बहादुर रासकोटी/दमन्ती राकसकोटीको बुहारी, लाल बहादुर रासकोटीको पत्नी नवलपरासी जिल्ला, धुरकोट गा.वि.स वडा नं. २ स्थायी ठेगाना भई हाल नवलपरासी जिल्ला, विनयी त्रिवेणी गांउपालिका वडा नं. ०५ बस्ने **शुशिला रासकोटी** (ना.प्र.नं ८२३०५ जारी मिति २०६२/०५/१५ जिल्ला प्रशासन कार्यालय, नवलपरासी)।

३. टेक बहादुर रासकोटी/दमन्ती राकसकोटीको नाती, लाल बहादुर रासकोटी/शुशिला रासकोटीको छोरा, नवलपरासी जिल्ला, धुरकोट गा.वि.स वडा नं. २ स्थायी ठेगाना भई हाल नवलपरासी जिल्ला, विनयी त्रिवेणी गांउपालिका वडा नं. ०५ बस्ने **किरण रासकोटी** (ना.प्र.नं ३६२०३६।१८२ जारी मिति २०६७/१२/२१ जिल्ला प्रशासन कार्यालय, नवलपरासी)।

लिलाम हुने सम्पतिको विवरण:

१ **दमन्ती राकसकोटी**को नाममा मालपोत कार्यालय, नवलपरासीमा, कावासोतीमा दर्ता कायम रहेको नवलपरासी जिल्ला बेनीमणीपुर गा.वि.स वडा नं. २ स्थित कित्ता नं. ३६१६ र ३६१५ को क्षेत्रफल ०-३-१३.७५ र ०-२-४.५ (बि.क.धु) को घर/जग्गा तथा सोको सम्पूर्ण लिगलगापातहरु समेत।

२. **लाल बहादुर रासकोटी**को नाममा मालपोत कार्यालय, नवलपरासीमा, कावासोतीमा दर्ता कायम रहेको नवलपरासी जिल्ला बेनीमणीपुर गा.वि.स वडा नं. २ स्थित कित्ता नं. २६३३ को क्षेत्रफल ०-४-१२.५ (बि.क.धु) को घर/जग्गा तथा सो को सम्पूर्ण लिगलगापातहरु समेत।

२. ऋणीको विवरण:

खेम बहादुर वि.क.को नाति, सन्त बहादुर वि.क./कमला देवी विश्वकर्माको छोरा, सविना चौधरी विश्वकर्माको पति, नवलपरासी जिल्ला, प्रसौनी गा.वि.स. वडा नं. ०३ स्थायी ठेगाना भई हाल नवलपरासी जिल्ला, कावासोती न.पा. वडा नं.०३ बस्ने **बासु विश्वकर्मा** (ना.प्र.नं. ३६२०३२/३४७, जारी मिति २०६७/०२/१९, जिल्ला प्रशासन कार्यालय नवलपरासी)।

व्यक्तिगत जमानीकर्ताहरुको विवरण:

१. गजबिर वि.क.को नाति, खेम बहादुर वि.क./श्यानुमाया वि.क.को छोरा, कमला देवी विश्वकर्माको पति, नवलपरासी जिल्ला, प्रसौनी गा.वि.स. वडा नं.०३ स्थायी ठेगाना भई हाल नवलपरासी जिल्ला, कावासोती न.पा. वडा नं.०३ बस्ने **सन्त बहादुर वि.क**. (ना.प्र.नं. २५६५, जारी मिति २०४६/१२/२३, जिल्ला प्रशासन कार्यालय नवलपरासी)।

२. तनीका कामी/बुद्दमाया सुनारको छोरी, खेम बहादुर वि.क./श्यानुमाया वि.क.को बुहारी, सन्त बहादुर वि.क.को पत्नी, नवलपरासी जिल्ला, प्रसौनी गा.वि.स. वडा नं.०३ स्थायी ठेगाना भई हाल नवलपरासी जिल्ला, कावासोती न.पा. वडा नं.०३ बस्ने **कमला देवी विश्वकर्मा** (ना.प्र.नं. ८३९९, जारी मिति २०५५/०२/१२, जिल्ला प्रशासन कार्यालय नवलपरासी)।

३. ओम बहादुर थारु/सिता थारुको छोरी, सन्त बहादुर वि.क./कमला देवी विश्वकर्माको बुहारी, बासु विश्वकर्माको पत्नी, नवलपरासी जिल्ला, प्रसौनी गा.वि.स. वडा नं.०५ स्थायी ठेगाना भई हाल नवलपरासी जिल्ला, कावासोती न.पा. वडा नं.०३ बस्ने **सविना चौधरी विश्वकर्मा** (ना.प्र.नं.३६२०३२/७७३, जारी मिति २०६३/१२/२७, जिल्ला प्रशासन कार्यालय नवलपरासी)।

लिलाम हुने सम्पत्तिको विवरण:

१. धनी कुमारी बैंक लि. र ऋणी **बासु विश्वकर्मा** कायम भई नारायणी अञ्चल यातायात व्यवस्था कार्यालय, विरगञ्ज, पर्सामा दर्ता कायम रहेका च्यासीस नं. MA1DAHRCJ6C99125, ईन्जिन नं. BAHZA10043, सवारी नं. ना ८ ख ४११, सवारी मोडल Mahindra & Mahindra Torro 25, 2018 को Tripper गाडि थान १।

२. **सन्त बहादुर वि.क**.को नाममा मालपोत कार्यालय, नवलपरासी, कावासोतीमा दर्ता कायम रहेको नवलपरासी जिल्ला, शिवमन्दिर गा.वि.स वडा नं.०२/क स्थित कित्ता नं. ३३८४ को क्षेत्रफल ०-०-५.७५ (बि.क.धु) को घर/जग्गा तथा सोको सम्पूर्ण लिगलगापातहरु समेत।

शर्तबन्देजहरु:

१. शिलबन्दी बोलपत्र यो सूचना प्रकाशित भएको **मितिले ७ औं दिन अर्थात मिति २०८० माघ ११ गते** भित्र बैंकको शाखा कार्यालय अरुणखोलामा कार्यालय समय भित्र प्राप्त भई सक्नुपर्नेछ।

२. बोलपत्र फारम कुमारी बैंक लिमिटेडको शाखा कार्यालय अरुणखोलाबाट रु. ५००/- तिरी प्राप्त गर्न सकिनेछ। उक्त बोलपत्रमा बोलपत्रवालाको हस्ताक्षर सहित शिलबन्दी गरी बाहिर (घर/जग्गा/गाडीको बोलपत्र) समेत प्रस्ट रुपमा लेखिएको हुनुपर्नेछ।

३. बोलपत्रमा आफुले लिन चाहेको धितोमा रहेको सम्पत्ति, के कति रकममा सकार गरी लिन चाहेको हो, स्पष्ट गरी अंक तथा अक्षरमा लेखिएको हुनुपर्नेछ र आफुले कबोल गरेको रकमको १० (दश) प्रतिशतको दरले हुने धरौटी बापत रकम कुमारी बैंक लि.मा जम्मा गरेको भौचर, कुमारी बैंक लि.को नाममा गुड फर पेमेन्ट (Good For Payment) चेक बनाई बोलपत्रको साथमा संलग्न गरेको हुनुपर्नेछ, सो बाहेक अन्य कुनै किसिमका धरौटी स्वीकार गरिने छैन र त्यस्तो धरौटी रकममा कुनै ब्याज दिईने छैन।

४. यो सूचना प्रकाशित भएको **मितिले ८ औं दिन अर्थात २०८० माघ १२ गते** १२:०० देखि बोलपत्रदाता वा निजको प्रतिनिधिहरुको रोहवरमा बैंकको शाखा अरुणखोलामा बोलपत्र खोलिनेछ। बोलपत्रदाता वा निजको प्रतिनिधिको अनुपस्थितीले मात्र बोलपत्र खोल्न बाधा पुग्ने छैन।

५. बोलपत्र बुझाउने अन्तिम मितिमा बैंक बिदा परेमा सोको लगत्तै पछि बैंक खुलेको दिन बोलपत्र बुझाउन सकिनेछ। बोलपत्र खोलिने दिन बिदा परेमा समेत बिदाको लगत्तै पछि बैंक खुलेको दिन बोलपत्र खोलिनेछ।

६. म्याद नाघी वा रीत नपुगी आएको तथा शर्त राखीदिएको बोलपत्र उपर कुनै कारवाही गरिने छैन।

७. बोलपत्र स्वीकृत भएमा सम्बन्धित बोलपत्रदाताले सोको सूचना पाएको मितिले १५ (पन्ध्र) दिन भित्र बोल कबोल गरेको धरौटी बाहेकको बाँकी रकम बैंकमा जम्मा गर्नुपर्नेछ। अन्यथा धरौटी बापत जम्मा भएको रकम जफत हुनेछ।

८. लिलाम गरिएको सम्पत्ति दाखेल खारेज गर्दा सम्बन्धित अड्डामा लाग्ने दै दस्तुर लिलाम सकार गरी लिनेले नै व्यहोर्नु पर्नेछ।

९. लिलाम हुने सम्पत्ति सम्बन्धी अन्य थप जानकारी आवश्यक भएमा कार्यालय समय भित्र बैंकको शाखा कार्यालय अरुणखोलामा सम्पर्क राखी प्राप्त गर्न सकिनेछ।

१०. धितो सम्पत्ति लिलाम बिक्री गर्दा कसैले नसकारेमा वा लिलाममा कसैले भाग नलिएमा समेत बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन तथा प्रचलित कानुन बमोजिम बैंकले उक्त सम्पत्तिको स्वामित्व आफुमा सकार गरी लिन सक्नेछ।

११. गोप्य शिलबन्दी बोलपत्र प्राप्त भएको वा नभएको कारणले बैंक आफैले सकार गर्न कुनै बाधा पर्ने छैन।

१२. प्राप्त भएको गोप्य शिलबन्दी बोलपत्र अन्तर्गत सबै भन्दा बढि अंक बोल्नेलाई समेत बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार बैंकमै सुरक्षित राखिएको छ।

१३. धितोबन्धक लेखिदिएको उक्त सम्पत्ति लिलाम बिक्री गर्दा वा बैंक आफैले सकार गर्दाको अवस्थामा समेत बैंकको सम्पूर्ण लेना असुल उपर नभएमा प्रचलित ऐन कानुन बमोजिम असुल उपर गरिनेछ।

बोलपत्र खोलिने मिति २०८० माघ १२ गते शुक्रबार मध्यान्ह १२:०० बजे

कुमारी बैंक लिमिटेड
KUMARI BANK LIMITED
सबैका लागि, सबैका लागि

शाखा कार्यालय अरुणखोला फोन नं.०७८-५५५२९६, ०७८-५५५२९७,०७८-५५५२९८

Reliable Life INSURANCE LTD. रिलायबल नेपाल लाइफ इन्स्योरेन्स लिमिटेड
Reliable Nepal Life Insurance Limited

प्रधान कार्यालय, ज्ञानेश्वर, काठमाडौं
फोन नं. ०१-४५२३६१८, ४५२३६३०, फ्याक्स नं. ०१-४४२३६५७
Email: info@reliablelife.com.np, Website: www.reliablelife.com.np

सातौं बार्षिक साधारण सभा बस्ने बारे सूचना

(प्रथम पटक प्रकाशित मिति : २०८०/१०/०५)

आदरणीय शेयरधनी महानुभावहरु,

यस कम्पनी को मिति २०८०/१०/०४ गतेका दिन बसेको संचालक समितिको १२७ औं बैठकको निर्णयानुसार सातौं बार्षिक साधारण सभा निम्न स्थान, मिति र समयमा वसी देहायका बिषयमा छलफल गर्न वस्ने भएकाले कम्पनी ऐन, २०६३ को दफा ६७ अनुसार सम्पूर्ण शेयरधनी महानुभावहरुको जानकारी एवं रितपूर्वक प्रतिनिधि वा शेयरधनी स्वयंको उपस्थितिको लागि यो सूचना गरिएको छ।

सभा हुने मिति, समय र स्थान :

स्थान : लिसरा व्यांकेट, ज्ञानेश्वर काठमाडौं।
मिति : २०८०/१०/२९ गते, सोमबार, तद् अनुसार १२ फ्रेवुअरी २०२४।
समय : बिहान ११:०० बजे।

छलफलका विषयहरु :

(१) **सामान्य प्रस्तावहरु :**

(क) संचालक समितिको सातौं वार्षिक प्रतिवेदन उपर छलफल गरी पारीत गर्ने।

(ख) लेखापरीक्षकको प्रतिवेदन सहितको २०८० आषाढ मसान्तको Statement of Financial Position, Statement of Cash Flow, Statement of Change in Equity २०७९ श्रावण १ गतेवाट २०८० आषाढ मसान्त सम्मको Nepal Financial Reporting Standard (NFRS) अनुसारको Statement of Profit or Loss, Consolidated Statement of Other Comprehensive Income, Statement of Distributable Profit or Loss तथा संलग्न अनुसुचिहरु उपर छलफल गरी पारीत गर्ने।

(ग) यस कम्पनीको सहायक कम्पनी रिलायवल इन्भेष्टमेन्ट एण्ड मर्चेण्ट क्यापिटल लिमिटेडको आ.व. २०७९/०८० को वित्तीय विवरणहरु सहितको एकिकृत वित्तीय विवरण छलफल गरी पारित गर्ने।

(घ) कम्पनी ऐन, २०६३ को दफा १११ अनुसार आ.व. २०८०/८१ को लागि लेखापरीक्षण समितिबाट सिफारीस गरीएका लेखापरीक्षक नियुक्त गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने (हालका लेखापरीक्षक श्री के.ए.एस. एशोसिएट्स पुनः नियूक्तिको लागि योग्य हुनुहुन्)।

(ङ) कम्पनीको आ.व. २०७९/८० सम्मको वितरण योग्य मुनाफाबाट हाल कायम रहेको चुक्ता पूँजी रु. ४ अर्बको ०.८४ प्रतिशतले हुने रकम विशेष प्रस्तावमा प्रस्ताव गरीए बमोजिमको बोनस शेयर जारी गर्दा लाग्ने लाभांश कर प्रयोजनको लागि स्वीकृत गर्ने।

(च) बीमकको संस्थागत सुशासन सम्बन्धि निर्देशिका, २०७५ को दफा १४(५) बमोजिम उप समितिमा प्रतिनिधित्व गर्ने सञ्चालकहरुको भत्ता अनुमोदन गर्ने सम्बन्धमा।

(छ) सर्वसाधारण शेयरधनीहरुको तर्फबाट सञ्चालक समितिमा प्रतिनिधित्व गर्ने २ जना सञ्चालकको निर्वाचन गर्ने।

(२) **विशेष प्रस्ताव :**

(क) संचालक समितिले प्रस्ताव गरे बमोजिम हाल कायम रहेको चुक्ता पूँजी रु. ४ अर्बको १६ प्रतिशतले हुने बोनस शेयर जारी गर्ने प्रस्ताव पारीत गर्ने।

(ख) बोनस शेयर जारी पश्चात कम्पनीको चुक्ता पूँजी रु. ४ अर्ब ६४ करोड पुग्ने हुँदा सोही बमोजिम कम्पनीको प्रबन्धपत्रको दफा ६ (ख) मा भएको तत्कालिन चुक्ता पूँजी सम्बन्धी व्यवस्था संशोधन गर्ने सम्बन्धी प्रस्ताव पारीत गर्ने।

(ग) संशोधित प्रबन्धपत्र अभिलेख गर्ने क्रममाः नियमनकारी निकायहरुबाट कुनै फेरवदल गर्न निर्देशन प्राप्त भएमा सो अनुसार गर्नको लागि संचालक समितिलाई अख्तियारी प्रदान गर्ने।

(३) **विविध :**

संचालक समितिको आज्ञाले
कम्पनी सचिव

साधारणसभा सम्बन्धी थप जानकारी

१. **वार्षिक साधारण सभाको प्रयोजनको लागि शेयरधनीहरुको दर्ता किताब मिति २०८०/१०/१५ गते १ (एक) दिनका लागि बन्द रहनेछ र सो बमोजिम मिति २०८०/१०/१५ गतेको अधिल्लो दिन अर्थात मिति २०८०/१०/१४ गते सम्म नेपाल स्टक एक्सचेञ्ज लिमिटेडमा कारोवार भई प्रचलित नियमानुसारको समयावधि भित्र यस कम्पनीमा प्राप्त गरेको शेयर नामसारीको लिखतको विवरणका आधारमा शेयर दर्ता किताबमा कायम शेयरधनीहरुले मात्र वार्षिक साधारण सभामा भाग लिन, मतदान गर्न तथा लाभांश प्राप्त गर्नको लागि योग्य रहनु हुनेछ।**

२. सभामा उपस्थित हुनु हुने शेयरधनी महानुभावहरुले आफ्नो परीचय खुल्ने कागजात संगै लिएर आउनुहुन अनुरोध गरीन्छ।

३. यसमा आफै उपस्थित हुन नसक्ने शेयरधनीले सभामा भाग लिनको लागि प्रतिनिधि (प्रोक्सी) नियुक्त गर्दा सो प्रतिनिधि पत्र (प्रोक्सी) सभा शुरु हुनु भन्दा ४८ घण्टा अगाबै कम्पनीको केन्द्रीय कार्यालय, ज्ञानेश्वरमा भर्च्यूयल माध्यमवाट समेत दर्ता गर्न सकिने छ।

४. एक जना शेयरधनीले एक भन्दा बढीलाई प्रतिनिधि (प्रोक्सी) मुकरर गरेमा प्रतिनिधि पत्र (प्रोक्सी) स्वतः वदर हुनेछ तर प्रतिनिधि पत्र (प्रोक्सी) दिने शेयरधनीले आफुले अघि दिएको प्रतिनिधि पत्र (प्रोक्सी) बदर गरेको व्यहोरा स्पष्ट उल्लेख गरी तोकिएको म्याद भित्रै छुट्टै निवेदन दिई अर्को शेयरधनीलाई प्रतिनिधि (प्रोक्सी) नियुक्त गरेमा त्यसरी नियूक्त प्रतिनिधि (प्रोक्सी) ले सभामा भाग लिन र मतदान गर्न पाउने छन्। त्यस्तो अवस्थामा अधिल्लो प्रतिनिधि पत्र (प्रोक्सी) स्वतः बदर भएको मानिने छ।

५. प्रतिनिधि मुकरर गर्दा आंशिक रुपमा मुकरर गर्न पाईने छैन।

६. साधारण सभाको हाजिरी पुस्तिका दिनको १०:०० बाट १२:०० बजे सम्म खुल्ला रहनेछ।

७. शेयरधनी महानुभावहरुबाट उठेका प्रश्न, जिज्ञासा वा मन्तव्यहरुको सम्बन्धमा सञ्चालक समितिको तर्फबाट अध्यक्ष वा अध्यक्षबाट अनुमति प्राप्त व्यक्तिले व्यक्तिगत वा सामूहिक रुपमा उत्तर दिन सक्नेछ।

८. यस साधारण सभा सम्बन्धमा थप जानकारी आवश्यक परेमा कार्यालय समय भित्र कम्पनीको केन्द्रीय कार्यालय ज्ञानेश्वर, काठमाडौंमा सम्पर्क राख्नु हुन अनुरोध गरिन्छ।

९. सातौं वार्षिक प्रतिवेदन कम्पनीको वेभसाइट www.reliablelife.com.np मा उपलब्ध हुनेछ।

१०. सुरक्षाको कारणवाट सभाहलमा आउँदा शेयरधनी महानुभावहरुले छाता, झोला, व्याग जस्ता बस्तुहरु लिएर नआउनु हुन तथा सुरक्षा कर्मिहरुलाई सुरक्षा जाँचमा सहयोग गरीदिनुहुन अनुरोध छ।

११. संयूक्त रुपमा शेयर ग्रहण गर्ने शेयरधनीहरुको हकमा शेयरधनीको लगत कितावमा पहिलो नाम उल्लेख भएको व्यक्तिले वा सर्वसम्मत्तीवाट आफु मध्ये नियूक्त गरिएको एक जना शेयरधनीले मात्र सभामा भाग लिन सक्नु हुनेछ।

१२. **सञ्चालक निर्वाचन सम्बन्धि कार्यतालिका कम्पनीको सूचना पाठीमा निर्वाचन अधिकृतले सभा शुरु हुन भन्दा कम्तिमा ५ दिन अगाढी प्रकाशित गरे वमोजिम हुनेछ। सो सूचना कम्पनीको वेभसाईटमा समेत प्रकाशित गरीनेछ।**

विशेषमा...

पृष्ठ १ बाट क्रमशः

भएका ७८ मध्ये १८ मा ठहर, २६ मा आंशिक ठहर र ३४ मा सफाइको फैसला भएको छ । यस अवधिमा सम्पत्ति शुद्धीकरणसम्बन्धी पाँच मुद्दाको फैसला भएकामा सबैमा कसुर कायम भएको छ ।

न्यायाधीशको नयाँ टिमको प्रवेशसँगै एकै दिन लगाउमा रहेका २० वटासम्म मुद्दा फैसला भएका छन् । २२ पुसमा लगाउमा रहेका २० मुद्दा एकैपटक फैसला भएको हो । जसमध्ये १८ वटामा आंशिक ठहर र दुईवटामा सफाइ हुने फैसला भएको थियो । पर्साका विद्यालय निरीक्षक राजेश्वरप्रसाद चौरसियासमेत प्रतिवादी रहेको ०७६ असोजकै यो मुद्दा चार वर्षपछि फैसला भएको थियो ।

यसबाहेक सम्पत्ति शुद्धीकरणका पाँच र गैरकानुनी सम्पत्ति आर्जनका मुद्दाहरूसमेत यस अवधिमा फैसला भएका छन् । सम्पत्ति शुद्धीकरणका पाँच मुद्दा यस अवधिमा फैसला भएकामा चारवटामा ठहर र एउटामा आंशिक ठहर भएको छ । हरेराम यादवसमेत तीनजना प्रतिवादी रहेको मुद्दामा आंशिक ठहर भएको हो भने बाँकी मुद्दा ठहर भएका छन् । सुकदेव ठाकुर ०७७ मा २० लाख दुई हजार रुपैयाँसहित पक्राउ परेका थिए । बयानका क्रममा उनले उक्त रकम हरेराम यादवको रहेको बताएका थिए । त्यसपछि यादव र ठाकुरका साथै सिराहाको श्रीराम मनी ट्रान्सफरलाई समेत प्रतिवादी बनाई मुद्दा दायर भएको थियो । तर, सम्पत्ति शुद्धीकरणमा यादव र ठाकुर दोषी नदेखिएपछि बरामद रकम जफत गर्ने गरी आंशिक ठहरको फैसला विशेषले गरेको हो । २८ पुस ०७७ मा दायर मुद्दामाथि विशेषका न्यायाधीशद्वय खुसीप्रसाद थारू र रामबहादुर थापाको इजलासले २० मंसिर फैसला सुनाएको हो ।

त्यस्तै, नक्कली कम्पनी बनाई करोडौंको कारोबार गरेको एक मुद्दामा सम्पत्ति शुद्धीकरण पुष्टि भएको छ । प्रमोदकुमार जयसवाललगायतलाई प्रतिवादी बनाई दायर मुद्दामाथि विशेषले पुष्टि हुने ठहर गरेको हो । यसैगरी, लागुऔषध कारोबारी देवेन्द्रविक्रम छपालीसमेतको सम्पत्ति शुद्धीकरण मुद्दामा पनि कसुर कायमको फैसला भएको छ ।

पाकिस्तानी आतंकवादी समूहसँगको मिलेमतोमा भारतमा बम विस्फोट गराउने योजनामा संलग्न रहेका दुईजनाले पनि सम्पत्ति शुद्धीकरण गरेको ठहर भएको छ । पाँच वर्षअघि दायर बृजकिशोर गिरीसमेतको मुद्दामा २८ मंसिरमा फैसला आएको हो । त्यस्तै, अमेरिकामा ठगी गरी नेपाल फर्केको विषयमा पनि पंकज जोशीमाथि मुद्दा दायर भएको झन्डै तीन वर्षपछि विशेषले सजाय तोकेको छ ।

विशेषका उपरजिस्ट्रार धनबहादुर कार्कीका अनुसार बुधबारसम्म आर्थिक वर्ष ०७६/७७ सम्मका ५ थान मात्रै मुद्दा छन् । यसमध्ये हाइप्रोफाइल प्रतिवादीहरू रहेका ललितानिवास प्रकरणमा पनि माघ लागेसँगै सुनुवाई सुरु भएको छ । यसैगरी ०७७/०७८ का १९ मुद्दा रहेको अभिलेख छ । यसमध्ये ११ वटा मुद्दा लगाउका छन् । हाल विशेषमा कुल दुई सय ५७ मुद्दा विचाराधीन छन् ।

'दुई वर्षभन्दा पुराना मुद्दालाई यस आर्थिक वर्षको अन्त्यसम्ममा शून्यमा झार्ने लक्ष्यअनुसार काम गरिरहेका छौं । लगाउका मुद्दा धेरै हुँदा पनि संख्या बढी देखिएको हो । यी मुद्दा फर्स्योट भएमा पुराना मुद्दा संख्या घट्नेछ,' उपरजिस्ट्रार कार्कीले भने । पुराना मुद्दालाई प्राथमिकतामा राख्दै विशेषले पेसी तोक्ने र सुनुवाइ गर्ने गरिरहेको उनको भनाइ छ । पुराना मुद्दाको सुनुवाइ के-कस्ता कारणले प्रभावित भएका छन् भनेर कारण पत्ता लगाई समाधान गर्दै सकभर छिटो टुंग्याउने गरी विशेषले काम गरिरहेको कार्कीले बताए ।

फैसला भएका चर्चित मुद्दा

■ मदन पुरस्कार विजेता शाह भ्रष्टाचारमा दोषी ठहर

चार वर्षअघिको मुद्दामा पूर्वडिआइजी तथा मदन पुरस्कार विजेता महेशविक्रम शाह दोषी ठहर भएका छन् । ११ पुसमा विशेषले भ्रष्टाचार मुद्दामा उनीसहित प्रहरी नायब निरीक्षक दीपेन्द्रप्रसाद पनेरूलाई दोषी ठहर गर्दै तीन/तीन वर्ष कैद सजाय तोकेको छ । साथै दुवैले जनही १६ लाख ६९ हजार रुपैयाँभन्दा बढी जरिवानासमेत बुझाउनुपर्नेछ ।

सिन्धुलीस्थित मध्यक्षेत्रीय प्रहरी तालिम केन्द्र दुधौलीमा प्रमुखका रूपमा कार्यरत रहँदा नयाँ भर्ना भएका र सरुवा भएका प्रहरीका नाममा समेत तलबसहितको सेवा-सुविधाको रकम निकालेर खाई मासेको भन्ने अभियोगमा शाह र पनेरू दोषी ठहर भएका हुन् । ०६३ मा छापामारको छोरो कथासंग्रहका लागि शाहले मदन पुरस्कार पाएका थिए ।

न्यायाधीशत्रय टेकनारायण कुँवर, तेजनारायणसिंह राई र रितेन्द्र थापाको इजलासले २० फागुन ०७६ मा दायर मुद्दामाथि फैसला गरेको हो । कुल ३३ लाख रुपैयाँ भ्रष्टाचार गरेको अभियोगमा शाहसमेत चारजनामाथि मुद्दा दायर भएकोमा दुईजनाउपर ठहर भएको हो ।

■ सम्पत्ति शुद्धीकरणमा हालसम्मकै सबैभन्दा बढी बिगो र जरिवाना

सम्पत्ति शुद्धीकरणका मुद्दा सजिलै ठहर हुँदैनन् । ऐनअनुसार सम्पत्ति शुद्धीकरणको परिभाषामा समेटिएको भनी कसुर पुष्टि गर्न सरकारी पक्षलाई मुस्किल पर्छ । तर, सम्पत्ति शुद्धीकरणको कसुर मात्र ठहर नभई विशेषले पछिल्लोपटक गरेको फैसलामा हालसम्मकै सबैभन्दा बढी बिगो ठहर भएको छ ।

नक्कली प्यानलगायत कागजात बनाई फर्जी कम्पनीका दर्ताको अभिलेख खडा गरी आलुप्याजसमेतका विविध वस्तु भारतबाट आयात गरेको अभियोगमा दुईजना दोषी ठहर भएका हुन् । ४ पुसमा विशेषका न्यायाधीश टेकनारायण कुँवर, रामबहादुर थापा र मुरारीबाबु श्रेष्ठको इजलासले फैसला सुनाएको हो । यो मुद्दा पाँच जनाविरुद्ध दायर भएको थियो ।

विशेषका अनुसार भारतीय नागरिक प्रमोदकुमार जयसवाल र पप्पु ठाकुरलाई क्रमशः आठ र पाँच वर्ष कैद सजाय हुने भएको छ भने बिगोको दोब्बर जरिवाना हुने निर्णय सुनाइएको छ । जयसवाललाई ४१ करोड ५१ लाख बिगो भराउने तथा यसको दोब्बर जरिवाना हुने र ठाकुरलाई तीन करोड ६७ लाख रुपैयाँ बिगो र यसको दोब्बर जरिवाना हुने भएको छ । यो मुद्दा ०७७ वैशाखदेखि विशेषमा विचाराधीन थियो । तीन वर्षपछि फैसला गर्दै विशेषले सम्पत्ति शुद्धीकरणको अभियोग ठहर गरेको हो ।

■ ४८ वर्षदेखि लागुऔषध कारोबारमा संलग्न छपालीले सम्पत्ति शुद्धीकरण गरेको पुष्टि

विशेष अदालतले १६ पुसमा देवेन्द्रविक्रम छपालीसमेतलाई सम्पत्ति शुद्धीकरणको मुद्दामा दोषी ठहर गऱ्यो । यो मुद्दामा छपालीका साथै चन्द्रा रोका, गोविन्दकुमार रोका छन्त्याल, नागेन्द्र थापामगर, मनजित घर्तीमगर, इन्द्रबहादुर थिङ र जम्बा भोटे पनि प्रतिवादी थिए । तर छपाली मात्र दोषी ठहर भएका छन् । यसमा २३ पुसमा सजाय निर्धारण भएको हो ।

विशेषका अनुसार छपालीलाई दुई वर्ष कैद सजाय तोकिएको छ । ७४ लाख ५९ हजार रुपैयाँभन्दा बढी बिगो निर्धारण भएको छ भने बिगोको दोब्बर जरिवाना हुने फैसलामा उल्लेख छ । छपालीको खातामा रहेको ६४ लाख ६६ हजार रुपैयाँभन्दा बढी रकम जफत हुने भएको छ भने उनको नाममा रहेको गाडी तथा जग्गासमेत जफत हुने फैसला विशेषले गरेको छ । पटकपटक लागुऔषध मुद्दामै पक्राउ परेका र सजायसमेत काटेका छपालीविरुद्ध सम्पत्ति शुद्धीकरण अनुसन्धान विभागले एक करोड रुपैयाँभन्दा पनि बढी रकमको सम्पत्ति शुद्धीकरण गरेको भन्दै ८ असोज ०७७ मा मुद्दा चलाएको थियो ।

■ अमेरिकामा ठगी गरी पैसा नेपाल पठाएका जोशी पनि दोषी ठहर

विशेषले अमेरिकामा ठगी कसुरमा दोषी देखिएका पंकज जोशीले सम्पत्ति शुद्धीकरणसमेत गरेको फैसला सुनाएको छ । अमेरिकामा रहँदा आफू काम गर्ने स्टोरमा चिट्ठा परेको एक वृद्धको पैसा साटेर उनले २०१० मा १० लाख आठ हजार डलर नेपालको बैंकमा पठाएका थिए । यो पुरानो घटनाले सम्पत्ति शुद्धीकरणको ऐन पनि आकर्षित हुने भन्दै दुई करोड आठ लाखभन्दा बढी बिगो माग दाबीसहित ०७७ चैतमा विशेषमा मुद्दा दायर भएको थियो । यसमा विशेषका अध्यक्ष टेकनारायण कुँवर तथा सदस्यहरू तेजनारायणसिंह राई र रितेन्द्र थापाको इजलासले १७ पुसमा आरोप दाबी पुग्ने फैसला गरेको हो । यो मुद्दामा २५ पुसमा सजाय निर्धारण गर्दै जोशीलाई विशेषले दुई करोड ६ लाख रुपैयाँभन्दा बढी बिगो निर्धारण गरेको छ । उक्त रकम जरिवानाका रुपमा जोशीले बुझाउनुपर्नेछ । साथै खातमा रहेको रकम ७७ हजार आठ सय रुपैयाँभन्दा बढी जफत हुने फैसला भएको छ ।

■ बम काण्डमा जोडिएका गिरीसमेत दुईले सम्पत्ति शुद्धीकरण गरेको पुष्टि

भारतको रेलवे लिकमा बम विस्फोट गराउने योजना विफल भएपछि उक्त घटनामा संलग्नको नेपालमा हत्या गराउने बृजकिशोर गिरी र समसुल होदा पनि सम्पत्ति शुद्धीकरणमा दोषी ठहर भएका छन् । पाँच वर्षअघिको यो मुद्दामा विशेषले दुईजनामाथि यो कसुर कायम भएको हो । दुवैजनालाई जनही १२-१२ वर्ष कैद तथा २७ लाख २५ हजार रुपैयाँभन्दा बढी जरिवाना हुने फैसलामा उल्लेख छ । यो मुद्दामा १९ मंसिरमा कसुर कायम भए पनि २८ मंसिरमा विशेषले सजाय निर्धारण गरेको हो । आतंकवादी गतिविधिमा कमाएको रकम रहेको भन्दै सम्पत्ति शुद्धीकरण भएको विशेषको ठहर छ । उनीहरूले भारतविरुद्ध गतिविधि गर्ने समूहसँग मिलेर बम विस्फोटको योजना बनाएको, तर विफल भएपछि यसमा संलग्न दुईजनाको हत्या गराएको अभियोगसमेत उनीहरूमाथि थियो ।

नगरपालिकाबाटै...

पृष्ठ १ बाट क्रमशः

समन्वयमा पालिकाले यी काम गर्दै आएको छ ।

सेवाग्राहीका लागि निःशुल्क अनलाइन फारम भर्न नगरपालिकाले दुई कर्मचारी राखेको छ । नेपाल सरकार र स्विस सरकारको साझेदारी तथा हेल्वेटास नेपालको प्राविधिक सहयोगमा सञ्चालित वैदेशिक रोजगारीबाट फर्किएकाका लागि पुनः एकीकरण परियोजना (रेमी)अन्तर्गत पालिकाबाट नै राहदानीका लागि सुविधा दिन थालिएको हो । मिर्चैयाले गत ५ मंसिरदेखि राहदानीका लागि निःशुल्क अनलाइन फारम भर्न थालेकामा बिहीबारसम्म ३३ जनाले भरेका छन् । जसमध्ये तीनजनालाई राहदानी वितरण गरिएको हो । रेमी परियोजनाअन्तर्गत नै मधेश र कोशी प्रदेशका २० पालिकाबाट राहदानी वितरणको तयारी छ ।

कुमारी बैंक लिमिटेड शाखा कार्यालय पुरानो पर्सा, चितवनको तपसिलमा उल्लेखित ऋणीलाई ऋणकर्जा चुक्ता भुक्तान गर्ने ३५ दिने सूचना

(प्रकाशित मिति २०८०/१०/०५ गते नयाँ पत्रिका दैनिक)

यस कुमारी बैंक लिमिटेड शाखा कार्यालय पुरानो पर्सा, चितवनबाट तपसिलमा उल्लेखित ऋणीले प्राप्त गरेको ऋणकर्जाको बैंकलाई समय-समयमा तिर्नु बुझाउनुपर्ने साँवा, ब्याज लगायतका रकम चुक्ता-भुक्तान गर्न पटक-पटक मौखिक एवं लिखित रुपमा सूचित गरी तर-ताकेता गर्दा समेत ऋणकर्जा चुक्ता भुक्तान गर्ने तर्फ कुनै चासो नदेखाई बेवास्ता गरेकोले ऋणीलाई ऋणकर्जा चुक्ता भुक्तान गर्न यो ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ ।

यो सूचना प्रकाशित भएको मितिले **३५ (पैंतीस)** दिनभित्र यस बैंकको शाखा कार्यालयमा सम्पर्क गरी उपभोग गरिरहेको ऋणकर्जाको साँवा, ब्याज लगायतका बैंकलाई तिर्नु/बुझाउनुपर्ने सम्पूर्ण रकम चुक्ता भुक्तान गर्नुहोला । अन्यथा प्रचलित ऐन, कानून, राष्ट्र बैंकबाट जारी निर्देशनहरु एवं यस बैंक कर्जा असुली विनियमावली बमोजिम धितोमा रहेको चल/अचल सम्पत्ति लिलाम बिक्रि वा अन्य व्यवस्था गरी बैंकको लेना रकम असुल उपर गरिनुका साथै ऋणी तथा सम्बन्धित पक्षलाई **कर्जा सूचना केन्द्रको कालोसूचि**मा नाम सूचिकृत गर्न समेत लेखि पठाइने व्यहोरा यसै सूचना मार्फत अवगत गराउँदै, ऋणकर्जा चुक्ता भुक्तान गर्न/गराउनुहुन सम्बन्धित सबै पक्षलाई यसै सूचना मार्फत जानकारी समेत गराउँदछौं । **उल्लेखित ऋणकर्जाको लागि सुरक्षण बापत रहेको धितोबाट बैंकको सम्पूर्ण लेना रकम असुलउपर नभएमा बैंक तथा वित्तिय संस्था सम्बन्धि ऐन, २०७३ तथा अन्य प्रचलित नियम, कानून तथा कर्जा सम्झौता अनुसार ऋणी, संचालक तथा जमानीकर्ताहरुको अन्य चल/अचल जायजेथा तथा श्रीसम्पत्तिहरुबाट बैंकको बाँकी लेना रकम असुलउपर गरिने व्यहोरा समेत ऋणी, जमानतकर्ता तथा सम्बन्धित सबैलाई यसै सूचनाद्वारा सुचित गरीन्छ ।**

तपसिल

ऋणीको विवरण:

विष्णु सिंह राजपुतको नाति, कमल सिंह राजपुत/गंगा देवी राजपुतको छोरा, सुशिला खड्काको पति, पर्सा जिल्ला, विर गंज उ.म.न.पा., वडा नं. १३ स्थायी ठेगाना भई हाल चितवन जिल्ला, खेरहनी न.पा., वडा नं. ०६ बस्ने **नवराज सिंह राजपुत** (ना.प्र.नं. १६०३२२०१८, जारी मिति २०५२/०९/०४, जिल्ला प्रशासन कार्यालय पर्सा) ।

व्यक्तिगत जमानीकर्ताको विवरण:

१. भिम बहादुर खड्का/पदम माया खड्काको नातिनी, टेक बहादुर खड्का/कविता खड्काको छोरी, कमल सिंह राजपुत/गंगा देवी राजपुतको बुहारी, नवराज सिंह राजपुतको पत्नी, सुनसरी जिल्ला, धरान उ.म.न.पा., वडा नं.१५ स्थायी ठेगाना भई हाल चितवन जिल्ला, खैरहनी न.पा., वडा नं.०६ बस्ने **सुशिला खड्का** (ना.प्र.नं. ०६/०६३००१/८८८, जारी मिति २०६३/१०/११, जिल्ला प्रशासन कार्यालय सुनसरी) ।

धितो सुरक्षणको विवरण:

१. **नवराज सिंह राजपुत**को नाममा मालपोत कार्यालय, चितवनमा दर्ता कायम रहेको चितवन जिल्ला, खैरहनी गा.वि.स./न.पा. वडा नं. ०८ स्थित कित्ता नं. ९२५ को क्षेत्रफल ०-१-० (वि.क.धु) को जग्गा तथा सोको सम्पूर्ण लिगलगापातहरु समेत ।

कुमारी बैंक लिमिटेड
KUMARI BANK LIMITED
सबैका लागि, सबैंका लागि

शाखा कार्यालय पुरानो पर्सा, चितवन फोन नं. ०५६-५८२६३९/४९

सांग्रिला डेभलपमेन्ट बैंक लि.
Shangri-la Development Bank Ltd.
स्थानीय विकासको आधार
(नेपाल राष्ट्र बैंकबाट 'ख' वर्गको इजाजत प्राप्त संस्था)

केन्द्रीय कार्यालय :
बालुवाटार, काठमाण्डौ
फोन: ०१-४४२१८६१/६२/६३

कर्जा चुक्ता नगर्ने ऋणीको धितोमा रहेको चल/अचल सम्पत्ति लिलाम बिक्री गर्न गोप्य शिलबन्दी बोलपत्र आह्वान गरिएको सम्बन्धी २१ दिने सूचना

सूचना प्रकाशित मिति : २०८०/१०/०५ गतेको नयाँ पत्रिका राष्ट्रिय दैनिक

बोलपत्र पेश गर्ने अन्तिम मिति २०८०/१०/२५ गते कार्यालय समय भित्र

यस डेभलपमेन्ट बैंकबाट कर्जा सुरक्षण वापत तपसिलमा उल्लेखित सम्पत्ति धितो जमानतमा राखी तपसिलको ऋणीले यस डेभलपमेन्ट बैंकको शाखा कार्यालय बुटवल, रुपन्देहीबाट तपसिलको कर्जा शीर्षक अर्न्तगत लिई उपभोग गर्ने तपाई ऋणीले यस बैंक सँग गर्नु भएको कर्जाको शर्त सम्झौता बमोजिम समय-समयमा यस बैंकलाई बुझाउनु पर्ने साँवा, ब्याज, हर्जाना र अन्य दै-दस्तुर समेत चुक्ता भुक्तान गर्न पटक-पटक लिखित तथा मौखिक तरताकेता गर्दा समेत बुझाउनु पर्ने रकम नबुझाई बैंकसँग गरेको ऋण तथा कर्जा सम्बन्धी शर्त बन्देजहरु उल्लंघन गर्नु भएकोले र पत्र-पत्रिका द्वारा सार्वजनिक सूचना प्रकाशन गर्दा समेत कर्जा चुक्ता नगरेकोले कर्जाको सम्पूर्ण साँवा, ब्याज, हर्जाना लगायतका अन्य दै-दस्तुर समेत तिरी बुझाई कर्जा चुक्ता भुक्तान गर्न गराउनको लागि सम्बन्धित ऋणी, धितो सुरक्षणधनी तथा जमानत कर्ता समेतलाई यसै सूचनाद्वारा पुनः सूचित गर्नुका साथै गोप्य शिलबन्दी बोलपत्रद्वारा चल/अचल सम्पत्ति लिलाम बिक्री गर्नको लागि २१ (**एक्काइस**) **दिने** सूचना प्रकाशित गरि आह्वान गरिएको छ । तोकिएको समय भित्र कर्जा चुक्ता नभएमा उल्लेखित चल/अचल सम्पत्ति जहाँ जस्तो अवस्थामा छ सोही अवस्थामा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन तथा अन्य प्रचलित कानुनले दिएको अधिकार प्रयोग गरी गोप्य शिलबन्दी बोलपत्रको माध्यमबाट धितो लिलाम बिक्री (दाखिल खारेज नामसारी प्रयोजनको लागि मात्र) गरि नामसारी गरिने भएकोले सो अवधिमा कार्यालय समय भित्र आइपुग्ने गरी निम्न शर्तहरुको अधिनमा रही शिलबन्दी बोलपत्र पेश गर्नुहुन आह्वान गरिन्छ । प्राप्त बोलपत्रहरु बोलपत्र पेश गर्ने अन्तिम दिनको भोलीपल्ट वा सो दिन बिदा परेमा त्यसको लगत्तै कार्यालय खुलेको दिनमा बिहानको ११:०० बजे खोलिने हुँदा बोलपत्रदाता वा आधिकारीक प्रतिनिधि उपस्थित हुन समेत जानकारी गराइन्छ । तर बोलपत्रदाताको अनुपस्थितीले बोलपत्र खोल्न बाधा पुग्ने छैन । उक्त म्याद भित्र समेत कर्जा चुक्ता नभएमा ऋणीको नाम नेपाल राष्ट्र बैंकको निर्देशिका बमोजिम कर्जा सूचना केन्द्रको कालो सूचीमा अन्य कुनै सूचना बिनाने समावेश गरिने समेत सम्बन्धित सबैलाई जानकारी गराइन्छ । कुनै कारणवश तपसिलमा उल्लेखित सम्पत्ति लिलाम बिक्री नभएमा सो सम्पत्ति अन्य व्यवस्था गरी बेचबिखन गर्न सक्ने वा प्रचलित कानून बमोजिम बैंक आफैले सकार गरी लिन सक्ने र उक्त सम्पत्तिबाट बैंकको सम्पूर्ण बक्यौता असूल उपर नभएमा प्रचलित कानून बमोजिम ऋणीको अन्य चलअचल सम्पत्तिबाट समेत असूल उपर गरी लिइने व्यहोरा समेत जानकारी गराईन्छ ।

तपसिल

ऋणी/अध्यक्ष/अ.प्रा.व्यक्ति/जमानीकर्ताको विवरण	जमानीकर्ताको विवरणः
१) **ऋणीको नाम : चितवन सिमेन्ट प्रा.लि** दर्ता गर्ने कार्यालय : कम्पनी रजिष्ट्रको कार्यालय दर्ता नं. : १३५५२/०५७/०५८ दर्ता मितिः २०५७/०४/२५, पान नं. : ३००२९९७१३ ठेगाना : सिद्धार्थनगर न.पा.-०८, रुपन्देही **संचालक/अध्यक्ष/अ.प्रा.व्यक्ति/जमानीकर्ताको नाम : अनोद कुमार देवकोटा** बाबुको नाम : तेजमणि देवकोटा बाजेको नाम : दयाराम देवकोटा ठेगाना : मानपुर-०७, दाङ, हाल : तुलसीपुर-१७ दाङ ना.प्र.नं. : १९१६९/४१००, जारी मिति : २०४४/०९/१७ जारी गर्ने कार्यालय : जि.प्र.का., दाङ **कर्जा शीर्षक : औद्योगिक अधिविकर्ष कर्जा** **कर्जा लिएको शाखा : बुटवल, रुपन्देही**	**क) नाम : बबिता देवकोटा** बबबुको नामः वलदेव अधिकारी पतिको नामः अनोद कुमार देवकोटा ससुराको नाम : तेजमणि देवकोटा ठेगाना : मानपुर-०७, दाङ, हाल : तुलसीपुर-१७ दाङ ना.प्र.नं. : ७२७/२८३० जारी मिति : २०६०/०८/०९ जारी गर्ने कार्यालय : जि.प्र.का.दाङ **ख) नाम : सतिश मजगैया (शर्मा)** बाबुको नाम : जनार्दन शर्मा बाजेको नाम : देवी प्रसाद उपाध्याय ठेगानाः त्रि.न.-०२, दाङ, हालः घोराही-१८, दाङ ना.प्र.नं. : १८६७३/६१५७ जारी मिति : २०४४/०७/१९ जारी गर्ने कार्यालय : जि.का., दाङ

सुरक्षणमा रहेको धितोको विवरण :

१. श्री भूमिसुधार तथा मालपोत कार्यालय परासी नवलपरासी (ब.सु.प.) मा श्री चितवन सिमेन्ट प्रा.लि.को नाममा दर्ता कायम रहेको नवलपरासी जिल्ला, तिलकपुर-५ स्थित कि.नं. २९, ३३, ३१, १०४०, ३०, ३२, ८४०, १०३९ र ८०० को क्षेत्रफल क्रमशः ३४५३.५५, ५१९७.२५, १३८८.१९, १३०३.७६, १४२२.०५, ३२८६.३७, ८४.६५, १६९.३२ र ३३८६.४० व.मी.को जग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत ।
२. श्री मालपोत कार्यालय तुलसीपुर, दाङमा श्री अनोद कुमार देवकोटाको नाममा दर्ता कायम रहेको दाङ जिल्ला, मानपुर-७ स्थित कि.नं. १७७९ र ४५७ को क्षेत्रफल क्रमशः २९,६८१.२० ब.मी र १४५५.९१ व.मी को जग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत ।

शर्तहरु :

१. बोलपत्र फाराम डेभलपमेन्ट बैंकको कुनै पनि शाखा कार्यालयबाट यस बैंकको खाता नं. ००४-९३०७४०१०५०१०१ को "SDBL– Other Non-Operating Income" मा रु ५००.००(अक्षेरुपी रु. पाँचसय रुपैया मात्र) जम्मा गरी खरिद गर्न सकिनेछ ।
२. बोलपत्र फाराममा आफूले बोलकबोल गरेको रकम अंक र अक्षरमा स्पष्ट उल्लेख गर्नुपर्नेछ । बोलपत्र फाराममा आफूले लिन चाहेको चल/अचल सम्पत्तिको विवरण यस डेभलपमेन्ट बैंकबाट प्रकाशित सूचनाको अधारमा भर्नु पर्नेछ ।
३. बोलपत्रदातालेआफूले लिन कबोल गरेको रकमको कम्तिमा १० प्रतिशतले हुने रकम धरौटी वापत यस डेभलपमेन्ट बैंकको कुनै पनि शाखा कार्यालयमा यस बैंकको खाता नम्बर ००४-९२०६५०१०७०५०१ को "SADBL – Auction Deposit (Lilami)" मा Manager's Cheque, Good For Payment Cheque वा नगदै जम्मा गरी सक्कल रसिद यस बोलपत्र फारम साथ संलग्न गरी यस डेभलपमेन्ट बैंकको शाखा कार्यालय वा केन्द्रीय कार्यालयमा रहेको कर्जा असुली इकाईमा पेश गर्नुपर्नेछ ।
४. लिलाम बिक्री हुने धितो निरिक्षण गर्न चाहेमा बोलपत्र पेश गर्नु अगावै कार्यालय समय भित्र शाखा कार्यालय बुटवल, रुपन्देहीमा सम्पर्क राखी जे जस्तो अवस्थामा छ सोही अवस्थामा निरीक्षण गर्न सकिनेछ । साथै सोहि अवस्था तथा परिमाणमा स्वीकार गरी लिनु पर्नेछ ।
५. बोलपत्र स्वीकृत भएको वा नभएको जानकारी बोलपत्रदातालाई गराईनेछ र बोलपत्र स्वीकृत हुने बोलपत्रदाताले उक्त जानकारी पाए पछि बैंकले तोकेको समय मिति भित्र कबोल गरेको रकममा धरौटी रकम घटाई बाँकी सम्पूर्ण रकम बुझाई उपरोक्तानुसारको चल/अचल सम्पत्तिहरु आफ्नो नाँउमा नामसारी गरि लिनुपर्नेछ । सो म्याद भित्र बाँकी रकम नबुझाएमा धरौटी रकम स्वतः जफत हुनेछ ।
६. बोलपत्र दाखिल भईसकेपछि बोलपत्रमा उल्लेखित रकम वा शर्तमा कुनै हेरफेर हुने छैन । साथै बोलपत्र स्वीकृत वा अस्वीकृत हुने टुक्रो नलागेसम्म सामान्यतया धरौटी रकम फिर्ता दिईने छैन । उक्त धरौटी रकममा कुनै ब्याज दिइने छैन ।
७. रित नपुगेको वा म्याद नाघी पेश हुन आएको बोलपत्र स्वतः रद्द हुनेछ ।
८. बोलपत्र स्वीकृत वा अस्वीकृत गर्ने सम्पूर्ण अधिकार यस डेभलपमेन्ट बैंकमा नै नीहित रहनेछ र अस्वीकृत गर्दा डेभलपमेन्ट बैंकले कुनै पनि कारण खुलाउनुपर्ने छैन ।
९. बोलपत्र सदर वा सुरक्षरणमा रहेको धितो नामसारी हुनु अगावै ऋणीले सम्पूर्ण रकम बुझाएमा प्राप्त बोलपत्रहरु रद्द गरी धरौटी रकम फिर्ता दिन सकिनेछ र उक्त धरौटी रकममा कुनै ब्याज समेत प्रदान गरिने छैन ।
१०. अदालत वा अन्य अख्तियार प्राप्त निकायबाट लिलाम रोक्का गर्न आदेश प्राप्त भएमा लिलाम रोक्का गर्न सकिनेछ ।
११. दा.खा. नामसारी गर्दा सम्बन्धित निकायमा लाग्ने सम्पूर्ण खर्चहरु स्वयम् बोलकबोल दाताले व्यहोर्नु पर्नेछ ।

'हाई प्रोफाइल'...

पृष्ठ १ बाट क्रमशः

छ । जसमा पाँच अर्ब ६७ करोड रुपैयाँभन्दा बढी बिगो कायम गरिएको छ । यो मुद्दामा विशेषका अध्यक्ष टेकनारायण कुँवर तथा सदस्यहरू तेजनारायणसिंह राई र मुरारीबाबु श्रेष्ठको इजलासले सुनुवाइ गर्दै छ ।

प्रतिवादीहरू इच्छाराज र केशवलालबारे विभागद्वारा जारी प्रेस विज्ञप्तिमा भनिएको छ, '...कसुरबाट आर्जित सम्पत्तिको गैरकानुनी स्रोत लुकाउने, छल्ने, हस्तान्तरण र रूपान्तरणसमेतका निषेधित कार्यहरू गरी सम्पत्ति शुद्धीकरणको कसुर अपराध गर्ने इच्छित मनसायले आफ्ना परिवारका मानिसहरूबीच अंशबन्डासमेत गरी गराई आफू एवं परिवारका मानिसहरू संलग्न रहेका सिभिल होम्स प्रा.लि.लगायतका विभिन्न व्यावसायिक कम्पनीहरूमार्फत घरजग्गाको कारोबारसम्बन्धी व्यवसायमा सो गैरकानुनी स्रोतको रकम लगानी गरी त्यस्ता व्यावसायिक कार्यहरूबाट थप सम्पत्ति आर्जन गरी अन्य प्रतिवादीहरू सिर्जना शाक्य (तामाङ), प्रतिष्ठा तामाङ, प्रतीक्षा तामाङ र मीनाकुमारी श्रेष्ठसमेतका नामबाट कारोबार गर्ने एवं सम्पत्तिहरू लुकाइछिपाई राखी सम्पत्ति शुद्धीकरणको कसुर गरेको तथ्य पुष्टि हुन आयो ।'

त्यस्तै, ललितानिवास प्रकरणसम्बन्धी मुद्दा सरकारी जग्गा व्यक्तिका नाममा दर्ता गरी भ्रष्टाचार गरेको भन्दै चार वर्षअघि दायर भएको थियो । सरकारी पक्षले बुधबार खाजा समयअघि बहस सकाएका थिए भने कलाधर देउजा र सुरेन्द्र कपालीको तर्फबाट कानुन व्यवसायीहरूले बहस सुरु गरेका छन् । शुक्रबार पनि प्रतिवादीहरूकै तर्फबाट बहस हुनेछ ।

उनीहरूले त्रिताल आयोगको प्रतिवेदनमाथि प्रश्न गरेका छन् । उक्त प्रतिवेदनलाई हचुवा र पक्षपातपूर्ण भन्दै त्यसका आधारमा मुद्दा चल्नु दुर्भाग्यपूर्ण रहेको उनीहरूको आरोप छ । व्यक्तिका नाममा भएको भनी अभियोग लगाइएको जग्गा कहिल्यै सरकारी नरहेको विपक्षका कानुन व्यवसायीको दलिल छ । जफत भए पनि मुआब्जा लिई आफ्ना पक्षहरूले सरकारलाई नदिएका कारण उक्त जग्गा व्यक्तिकै रहिरहेको र त्यसैअनुसार बिक्री-वितरण भएकाले भ्रष्टाचारजस्तो गम्भीर अभियोगमा मुद्दा चलाउनु उपयुक्त नहुने उनीहरूको दाबी छ ।

०१७ देखि ०२१ सम्म उक्त जग्गाका विषयमा नेपाल राजपत्रमा प्रकाशित सूचना तथा त्यस विषयमा विभिन्न समयमा मन्त्रिपरिषद्, मन्त्रालय र विभागहरूबाट भएका निर्णयहरू आधार मान्दै कानुन व्यवसायीहरूले सुवर्णशमशेर र उनका परिवारले कहिल्यै मुआब्जा नबुझेका कारण उक्त जग्गा जफत भए पनि पछि फिर्ता गरिएको र अधिग्रहण नगरेको दाबी गरे । सरकारी पक्षले अभियोगअनुसारको प्रमाण पेस गर्न नसकेको तथा देउजा र कपालीले आफ्नो पदीय दायित्व निर्वाह गरेकै कारण मुद्दा चलाउन नमिल्ने उनीहरूको तर्क छ ।

२२ माघ ०७६ मा दायर मुद्दामा एक सय ७५ प्रतिवादी छन् । साथै राजनीतिक व्यक्तिहरू र उच्च सरकारी पदाधिकारी संलग्न रहेकाले उनीहरूले एकभन्दा बढी कानून व्यवसायी राखेका छन् । जसकारण यसको सुनुवाईमा तीन सातासम्म लाग्न सक्ने विशेष प्रशासनको आँकलन छ ।

तीन तहका...

पृष्ठ १ बाट क्रमशः

पुनः मन्त्रालयमा पृष्ठपोषणका लागि प्रस्तुत गरेर परिमार्जन गरिएको थियो । यसैका आधारमा क्षेत्रगत समितिहरूले प्रतिवेदन तयार गरेका थिए ।

क्षेत्रगत समितिहरूले बुझेपछि एकीकृत प्रतिवेदन अहिले मूल समितिले काम गरिरहेको छ । प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयका सचिव अर्जुनप्रसाद पोखरेल संयोजक रहेको मूल समितिमा पूर्वमुख्यसचिव सोमलाल सुवेदी, पूर्वकानुनसचिव धनराज ज्ञवाली, पूर्वअर्थसचिव शिशिरकुमार ढुंगानासहित विज्ञहरूसमेत नौजना छन् । समिति सं

का.जि.द.नं.१२८/०६३/६४, म.से.हु.नि.द.न. १७/०६९/०७०
शुक्रबार ५ माघ ०८० www.nayapatrikadaily.com नयाँ पत्रिका

■ प्रधानमन्त्री कप एकदिवसीय

लगातार तेस्रो जितसँगै सुदूरपश्चिम शीर्ष स्थानमा

दिपेश पछाई/नयाँ पत्रिका

सुदूरपश्चिम लगातार तीन जितका साथ प्रधानमन्त्री कप एकदिवसीय राष्ट्रिय पुरुष क्रिकेट प्रतियोगिताको शीर्ष स्थानमा उक्लेको छ। सिद्धार्थ क्रिकेट रंगशालामा बिहीबार भएको खेलमा गण्डकीलाई १०८ रनले हराउँदै सुदूरपश्चिम शीर्ष स्थानमा उक्लेको हो। सुदूरपश्चिमले तीन खेलबाट ६ अंक जोडेको छ। दोस्रो स्थानमा रहेको नेपाल पुलिस क्लबले दुई खेलबाट ४ अंक बटुलेको छ। प्रतियोगितामा सुदूरपश्चिम र पुलिस मात्र अपराजित छन्। आर्मी, एपिएफ, बागमती, कर्णाली र मधेशको समान २ अंक रहेको छ।

पहिलो ब्याटिङ गरेको सुदूरपश्चिमले ५० ओभरमा सबै विकेट गुमाएर २०१ रन बनायो। प्रत्युत्तरमा गण्डकीले ३०.२ ओभरमा ९३ रन बनाउँदा सुदूरपश्चिम १०८ रनको फराकिलो अन्तरले विजयी भयो। सुदूरपश्चिमले यसअघि पहिलो खेलमा कर्णालीलाई १३४ रन र लुम्बिनीमाथि पाँच विकेटको जित निकालेको थियो। गण्डकीको यो लगातार तेस्रो हार हो। गण्डकी कर्णालीसँग सात र लुम्बिनीसँग चार विकेटले पराजित भएको थियो। लक्ष्य पछ्याएको इनिङ्समा गण्डकीका आश्विनी रानाले ६७ बलमा चार चौकासहित सर्वाधिक २५ रन बटुले। कमल परियारले २२ रन जोडे। अन्य कुनै पनि खेलाडीले दोहोरो अंकमा रन बनाउन सकेनन्।

गजेन्द्र बोहराले दुई विकेट हात पारे। भोजराज भट्ट, नरेन साउद र मिलन बोहराले समान एक विकेट लिएका छन्। सुदूरपश्चिमको जितमा शेर मल्लले उत्कृष्ट बलिङ गरेका थिए। उनले ८.२ ओभरमा एक मेडनसहित २३ रन खर्चेर पाँच विकेट लिएका थिए। इनिङ्सको दोस्रो ओभरमा शेरले लगातार विकेट लिए। उनले १.४ ओभरमा रोशन गौतम र १.५ ओभरमा करण पँगेनीलाई क्याच आउट गराए। इनिङ्सको ३.१ ओभरमा उनले ईश्वर क्षेत्रीलाई एलबिडब्लु धरापमा राखे।



गण्डकी प्रदेशविरुद्ध अर्धशतक बनाएपछि सुदूरपश्चिमका किरण ठगुन्ना (हरियो)।

किरणको अर्धशतक

सुदूरपश्चिमको जितमा किरण ठगुन्नाले अर्धशतकीय इनिङ्स खेले। उनले ७३ बलमा पाँच चौकासहित सर्वाधिक ६० रन जोडेका हुन्। नारायण जोशीले ५६ बलमा समान दुई चौका र छक्कासहित ४६ रन बनाए। सुदूरपश्चिमलाई खेलमा फर्काउन सातौँ विकेटका लागि नारायण र किरणले ७५ रनको महत्त्वपूर्ण साझेदारी गरे। आठौँ विकेटका लागि करणले नरेन साउदसँग ४६ रनको साझेदारी गरे। यही दुई साझेदारीका कारण सुदूरपश्चिमले जितको आधार तय गरेको हो। सुदूरपश्चिमका शेर मल्लले १९, राजु रिजालले १६, टेक रावतले १५ र नरेन साउदले १३ रन बनाए। बलिङमा गण्डकीका विपिन खत्री र अंकित सुवेदीले समान तीन विकेट हात पारे।

कोशीविरुद्ध आलमको ६ विकेट

काठमाडौं/ बलर सहाब आलम चम्किएको खेलमा त्रिभुवन आर्मी क्लबले कोशीमाथि नौ विकेटको जित निकालेको छ। मूलपानी क्रिकेट मैदानमा कोशीले पहिलो ब्याटिङ गर्दै २४.४ ओभरमा सबै विकेट गुमाएर ८८ रन बनायो। प्रत्युत्तरमा आर्मीले ९.५ ओभरमा एक विकेटको नोक्सानीमा ९२ रन जोड्यो। आर्मीका इमरान शेखले २५ बलमा पाँच चौका र एक छक्का प्रहार गरे। सन्तोष कार्कीले २७ बलमा ३२ रन बनाए। राष्ट्रिय टोलीका अलराउन्डर कुशल मल्लले सात बलमा चार चौका र एक छक्का प्रहार गरी २२ रन जोडे। यसअघि कोशीको ब्याटिङ कमजोर बनाउन आर्मीका आलमले १४ रन खर्चेर ६ विकेट लिएका थिए।

उनले ६.४ ओभरमा तीन मेडन फ्याँके। आर्मीका लागि कुशल मल्लले दुई विकेट लिए। आर्मीले पहिलो विकेटका लागि सन्तोष र इमरानले ६९ रनको साझेदारी गरे। कोशीको ब्याटिङ कुनै समय ७०-३ को अवस्थामा थियो। कोशीले थप १८ रन बनाउँदा बाँकी सात विकेट गुमाएको हो।

मधेशसँग एपिएफ स्तब्ध

राष्ट्रिय खेलाडीले भरिएको एपिएफ मधेशसँग पाँच विकेटले पराजित भएको छ। त्रिवि क्रिकेट मैदानमा एपिएफले २४७ रनको लक्ष्य प्रस्तुत गरेको थियो। प्रत्युत्तरमा मधेशले ४८ ओभरमा पाँच विकेट गुमाउँदै लक्ष्य पूरा गऱ्यो। मधेशका लागि रूपेश सिंहले ७२ बलमा चार चौका र तीन छक्काको मद्दतले अविजित ७२ रनको योगदान गरे। पवन सराफले ६६ बलमा पाँच छक्का र चार चौकाको सहयोगमा ६४ रन बनाए। नीरज यादवले ७० बलमा तीन चौका र दुई छक्काको मद्दतले ५२ रन जोडे। अनिल शाहले २९ र अभिषेक तिवारीले अविजित १३ रन बनाए। पाँचौँ विकेटका लागि रूपेश र नीरजले ८७ रन तथा चौथो विकेटका लागि पवन र नीरजबीच ५९ रनको साझेदारी भएको थियो। एपिएफका लागि रमेश कुर्मी र कप्तान रोहितकुमार पौडेलले समान दुई विकेट लिएका छन्।

टस हारेर ब्याटिङ गरेको एपिएफले ५० ओभरमा नौ विकेट गुमाउँदै २४६ रन बनाएको थियो। एपिएफका लागि आसिफ शेखले ६९ बलमा पाँच चौका र तीन छक्कासहित सर्वाधिक ५९ रन बनाए। कप्तान रोहितकुमार पौडेलले ७४ बलमा पाँच चौका र दुई छक्काको मद्दतले ५८ रन बटुले। अमरसिंह रौटेलाले अविजित ४९ र सन्दीप जोरालेले २० रन बनाएका थिए। दोस्रो विकेटका लागि आसिफ र रोहितले १३१ रनको साझेदारी गरेका थिए। मधेशका लागि रूपेश सिंह र प्रदीप पासवानले समान तीन विकेट लिए।

एरिकले आई-लिग खेल्ने

घरेलु फुटबलमा उत्कृष्ट प्रदर्शन गरेका एरिक पहिलोपटक भारतीय आई-लिगमा अनुबन्ध

नयाँ पत्रिका

नेपाली राष्ट्रिय फुटबल टोलीका मिडफिल्डर एरिक विष्टले पहिलोपटक भारतीय आई-लिग खेल्ने भएका छन्। आई-लिग क्लब सिलोङ लाजोङ एफसीले बिहीबार नेपाली फुटबलर एरिकलाई अनुबन्ध गरेको हो। 'नेपाली राष्ट्रिय फुटबल टोलीका मिडफिल्डर एरिक क्लबसँग अनुबन्ध भएका छन्,' क्लबले जारी गरेको विज्ञप्तिमा भनेको छ, 'बाँकी सिजनका लागि उनले खेल्नेछन्।' आई-लिगमा ११ खेल सकिएको छ।



१९ अंकसहित सिलोङ पाँचौँ स्थानमा छ। सिलोङले पाँच खेल जित्दा चारमा बराबरी नतिजा निकालेको छ भने दुई खेल हारेको छ। २७ अंकसहित मोहम्मडन शीर्ष स्थानमा छ। एरिक अहिले भारतमै छन्। सम्झौता मात्र गर्न बाँकी रहेको अवस्थामा उनी प्रशिक्षणका लागि भारत पुगेका हुन्।

पहिलो दिनको अभ्यासपछि सिलोङले एरिकलाई सार्वजनिक गरेको हो। उनी तीन दिनअघि नै भारत पुगेका थिए। राष्ट्रिय टोलीका लागि २३ खेल खेलेका एरिकले घरेलु फुटबलमा चर्च ब्वाइज क्लबलाई सहिद स्मारक ए डिभिजन लिगमा डेब्यु उपाधि जिताएका छन्। नेपाल सुपर लिग (एनएसएल)मा एरिकले बुटवल लुम्बिनी एफसीबाट खेलेका थिए।

यू-१९ महिला टोली घोषणा

अखिल नेपाल फुटबल संघ (एन्फा)ले साफ महिला यू-१९ च्याम्पियनसिपका लागि नेपाली टोली घोषणा गरेको छ। प्रशिक्षक बालगोपाल साहुखलले २३ सदस्यीय टोली घोषणा गरेका हुन् भने कप्तान चयन गरिएको छैन। उनले खेल अझै बाँकी रहेको र कप्तान केही सातापछि मात्रै घोषणा गर्ने जनाए। '१२-१४ दिनको अभ्यासपछि खेलाडी छनोट गरेका हौँ, कप्तान प्रतियोगिताको केही अघि मात्रै घोषणा गर्छौं,' प्रशिक्षक साहुखलले नयाँ पत्रिकासँग भने, 'टिमको सम्पूर्ण जानकारी पछि नै दिन्छौं।'

गोलरक्षकमा सुजता तामाङ, करुण बुढाथोकी र लीला जोशी छन्। रक्षकमा दिव्या यसमाली मगर, सीता रोकाया, रोजिता विष्ट, सरिताकुमारी नाथ, गंगा रोकाया, सिम्रन राई, माया मास्के रहँदा मिडफिल्डरमा ब्रिसना चौधरी, झुमा विश्वकर्मा, सारा बज्राचार्य, सुशीला केसी, भावना परियार र पुनम चेम्जोङ छन्।

प्रशिक्षक साहुखलले नेपालको अग्रपंक्तिमा सेनु परियार, सुक्रिया मियाँ, वर्षा ओली, लीला चन्द, पूर्णिमा राई, समीक्षा मगर र सजिना स्याङ्तानलाई छनोट गरेका छन्। टोलीमा रहेका अधिकांश खेलाडीले यू-१९ र यू-१६ को अन्तर्राष्ट्रिय प्रतियोगिता खेलिसकेका छन्। बंगलादेशको ढाकमा महिला यू-१९ साफ च्याम्पियनसिप २ देखि ८ फेब्रुअरीसम्म हुँदै छ।

हिमरश्मिलाई फुटबल उपाधि

काठमाडौं/ लालीगुराँस नेसनल एकेडेमी सातौँ ओप्स खेलकुद महोत्सवअन्तर्गत छात्रा फुटबलतर्फको उपाधि हिमरश्मिले जितेको छ। प्रतियोगिताको बिहीबार भएको फाइनलमा हिमरश्मिले कौशललाई १-० ले पराजित गर्दै उपाधि हात पारेको हो। उपाधि दिलाउन हिमश्मिकी नम्रता गौतमले एक मात्र निर्णायक गोल गरेकी थिइन्। छात्रातर्फको फुटबलमा आठ टोली सहभागी भएको आयोजक अर्गनाइजेसन अफ प्राइभेट स्कुल (ओप्स)ले जनाएको छ।

यसैगरी पुरुषतर्फको बास्केटबलमा लालीगुराँसले विभूतिलाई ३१-१४ ले पराजित गर्दै सेमिफाइनलमा स्थान बनाएको छ। पुरुष बास्केटबलको अन्तिम चारमा पुग्ने पहिलो टोली लालीगुराँस हो। लालीगुराँसका सुजन मगरले ८ स्कोर गरे। हिमरश्मि स्कुलको कोर्टमा भइरहेको प्रतियोगिताको पुरुष बास्केटबलमा पुष्पकुञ्ज, सेब, हिमरश्मि, एन्जल्स हार्ट, न्युटन र प्रगतिले क्वार्टरफाइनलमा स्थान सुरक्षित गरेका छन्।

बुटवलमा रनिङ सिल्ड सुरु

बुटवल/ पाँचौँ राष्ट्रपति रनिङ सिल्ड प्रतियोगिता बिहीबारदेखि बुटवलमा सुरु भएको छ। प्रतियोगितामा १७ विधाअन्तर्गत ५४ खेलमा एक हजार चार सय २२ खेलाडीले भाग लिने नगर खेलकुद विकास समितिका संयोजक बोनिन पियाले बताए। तीन दिनसम्म चल्ने प्रतियोगितामा १८ वर्षभन्दा मुनिका विद्यार्थीले भाग लिइरहेका छन्।

पहिलो हुनेले २५ हजार, दोस्रोले १७ हजार पाँच सय र तेस्रो हुने टोलीले १० हजार रुपैयाँ प्राप्त गर्नेछन्। प्रतियोगितामा सहभागी सबै खेलाडीको एक महिनाको दुर्घटना बिमा गरिएको छ। प्रतियोगितामा फिल्ड हाइजम्प, लङजम्प, त्रिपलजम्प, ज्याभलिन थ्रो, सटपुट, रिले दौड, भलिबल, कबड्डी, तेक्वान्दोलगायत खेल रहेका छन्।

■ चौथो टाइगर कप भलिबल

एपिएफ र न्यु डायमन्ड फाइनलमा

कास्कीमा **रोहितराज पराजुली**

साबिक विजेता नेपाल एपिएफ क्लबले चौथो टाइगर कप राष्ट्रिय तथा अन्तर्राष्ट्रिय आमन्त्रित क्लब भलिबल च्याम्पियनसिप उपाधि रक्षाका लागि फाइनलमा न्यु डायमन्ड स्पोर्टस् क्लबको सामना गर्ने भएको छ। महिलातर्फ बिहीबार भएको विभागीय डर्बी सेमिफाइनलमा एपिएफले त्रिभुवन आर्मीलाई हराउँदै अन्तिम दुईमा स्थान पक्का गरेको हो। अर्को खेलमा न्यु डायमन्डले नेपाल पुलिस क्लबलाई हरायो।

दोस्रो र तेस्रो संस्करण विजेता एपिएफले आर्मीलाई ३-२ को सेटमा हराएको हो। पहिलो र दोस्रो सेट आर्मीले १९-२५ र २०-२५ ले आफ्नो पक्षमा राखेको थियो। तर, त्यसपछिका तीन सेटमा एपिएफले उत्कृष्ट पुनरागमन गर्दै फाइनलमा स्थान पक्का पाऱ्यो। दुई सेटले पछि परेको अवस्थालाई उल्ट्याउँदै एपिएफले अन्तिम तीन सेट २५-१३, २५-१६ र १५-१३ ले आफ्नो पक्षमा राख्यो। पाँचौँ तथा अन्तिम सेटमा आर्मीले ७-२ को बलियो अग्रता लिएको थियो, तर अग्रता जोगाउन नसक्दा फाइनलमा स्थान बनाउन सकेन। एपिएफकी सरस्वती चौधरी म्यान अफ दी म्याच भइन्।



त्रिभुवन आर्मीविरुद्ध सट प्रहार गर्दै गण्डकीका खेलाडी।

■ न्यु डाइमन्डको सहज जित

दोस्रो सेमिफाइनलमा न्यु डाइमन्डले पुलिसलाई ३-० को सोझो सेटमा पराजित गरेको हो। पुलिसविरुद्धको खेलमा न्यु डायमन्ड २५-१९, २५-१८ र २५-१८ ले विजयी भयो। खेलमा डायमन्डकी सलिना बुढामगर टाइगर अफ दी म्याच घोषित भइन्।

प्रतियोगिताअन्तर्गत पुरुषतर्फ समूह चरणको अन्तिम खेलमा गण्डकीले आर्मीलाई ३-२ को सेटमा पराजित गर्दै समूह उपविजेताका रूपमा अन्तिम चारको स्थान पक्का गरेको छ। प्रतिस्पर्धात्मक पहिलो सेटमा २५-२० ले पछि परेको गण्डकीले त्यसपछिको दोस्रो सेट २५-२० र तेस्रो सेट २५-१७ आफ्नो पक्षमा पारेको थियो।

खेलमा १-२ सेटले अग्रता लिएको गण्डकीले चौथो सेट २१-२५ ले गुमायो। खेलको निर्णायक अन्तिम सेटमा ६-१५ ले आर्मीले आफ्नो पक्षमा पारे पनि अंकका आधारमा आर्मी प्रतियोगिताबाट बाहिरियो। यसअघि गण्डकीले हेल्प नेपाललाई ३-२ को सेटमा र हेल्प नेपालले आर्मीलाई सोझो सेटमा पराजित गरेका थिए।

खेल संक्षेप

धर्म मुम्बई म्याराथनमा दौडने

काठमाडौं/ भेट्रान धावक धर्म महर्जन टाटा मुम्बई म्याराथनमा दौडने भएका छन्। २१ जनवरीमा हुने म्याराथनमा सहभागी हुने धर्मलाई बिहीबार राष्ट्रिय खेलकुद परिषद्का सदस्यसचिव टंकलाल घिसिङले बिदाइ गरे। उनले ५० वर्षमाथिको उमेर समूहमा प्रतिस्पर्धा गर्नेछन्। धर्मले विश्वका प्रसिद्ध बोस्टन, बर्लिन, लन्डन र टोकियो म्याराथनमा सहभागिता जनाइसकेका छन्। त्यसबाहेक उनले विभिन्न दूरीको अन्तर्राष्ट्रिय दौडमा पनि सहभागिता जनाइसकेका छन्।

प्रवीण र सुरुचिलाई स्वर्ण

काठमाडौं/ महालक्ष्मी नगरपालिकाका प्रवीण रानामगर र ललितपुर महानगरपालिकाकी सुरुचि मोक्तानले १४औँ ललितपुर जिल्लास्तरीय राष्ट्रपति रनिङ सिल्डअन्तर्गत एथलेटिक्सको सय मिटर दौडमा स्वर्ण जितेका छन्। प्रवीण छात्र तथा सुरुचि छात्रामा पहिलो भएका हुन्। दशरथ रंगशालामा बिहीबार भएको चार सय मिटर दौड छात्रमा गोदावरी नगरपालिकाका सौरभ ढकाल र छात्रामा ललितपुरकी कल्पना निरौला पहिलो भएका छन्।

खड्का बने दोस्रो श्रेणीका रेफ्री

काठमाडौं/ तेक्वान्दोका अन्तर्राष्ट्रिय रेफ्री अशोक खड्का पुम्से विधातर्फ दोस्रो श्रेणीको रेफ्रीमा पदोन्नति भएका छन्। वर्ल्ड तेक्वान्दो (डब्लुटी)को रेफ्री कमिटीले अशोकलाई बिहीबार दोस्रो श्रेणीको प्रमाणपत्र प्रदान गरेको छ। तेस्रो श्रेणीबाट दोस्रोमा बढ्वा हुन पाँच वर्ष लागेको अशोकले जानकारी गराए। तेक्वान्दोको च्याडकिङ प्रतियोगिता र रिफ्रेसर कोर्समा सहभागिता हुँदा प्राप्त अंकका आधारमा उनी एक तह माथि उक्लन सफल भएका हुन्।

दोस्रोमा बढ्वा हुन कम्तीमा ८ अंक आवश्यक पर्छ। यो पाँच वर्षभित्र उनले दश पुम्से प्रतियोगिता र एक रिफ्रेसर कोर्समा भाग लिए। यसअघि उनले सन् २०२१ मा ग्यारोगी विधामा पनि दोस्रो श्रेणीको रेफ्रीको मान्यता पाएका थिए।

उनलाई युवा तथा खेलकुद मन्त्रालयले राष्ट्रिय खेलकुद प्रतिभा सम्मानअन्तर्गत उत्कृष्ट निर्णायकबाट सम्मान गरिसकेको छ। अशोक ग्योरोगी, पुम्से र पारा तेक्वान्दो गरी तीनै विधाका अन्तर्राष्ट्रिय निर्णायक हुन्।

जग्गा बिक्रीमा

काठमाडौं फर्पिङ डोल्लु दक्षिणकाली मेन हाइवेमा ११ रोपनी जग्गा (रु. ८,५०,००० प्रति आना) बिक्रीमा रहेको छ। टुक्रा जग्गाहरू पनि बिक्रीमा रहेका छन्।

सम्पर्क : ९८६९६६४८८५

Gauriganga Municipality
Office of Municipal Executive
Sudurpaschim Pradesh,Nepal

Invitation for Bids

Invitation for Bids for the Supply, Delivery and Installation of 16m High Mast

Date of publication: 2024/01/19(Magh 05th ,2080)

1. The Office of Municipal Executive, Gauriganga Municipality, Chaumala, Kailali invites electronic bids from Nepalese eligible bidders for the construction of Supply, Delivery and Installation of 16m High Mast works under National Competitive Bidding procedures.

S. N	Contract ID	Name of Project	Estimated cost Without Vat, PS	Bid Security	Bid Fee
1	GGM/Works/ NCB/12/2080/081	Supply, Delivery and Installation of 16 m High Mast Light Set at different site of Gauriganga Municipality , Kailali	3254083/-	1,00,000/-	3,000/-

2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office of The Office of Municipal Executive, Gauriganga Municipality, Chaumala, Kailali, Tel No. 091-418060, Email: info.gaurigangamun@gmail.comor may visit PPMO website www.bolpatra.gov.np/egp.

Dharma Raj Binadi
Chief Administrative Officer

भोटेकोशी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
फुल्पिडकट्टी, सिन्धुपाल्चोक
बागमती प्रदेश

बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

सूचना प्रकाशित मिति २०८०/१०/०५

यस गाउँपालिकाबाट मिति २०८०/०८/२० मा प्रकाशित e-bidding सूचना बमोजिम निम्न निर्माण कार्यका लागि विद्युतीय बोलपत्र प्रणाली मार्फत दाखिला भएका बोलपत्र दाताहरुको आर्थिक तथा कानुनी मूल्यांकनबाट सफल बोलपत्र दाताहरुमध्ये न्यूनतम मूल्यांकित सारभूतरुपमा प्रभावग्राही बोलपत्रदाताको रुपमा तपसिलका बोलपत्र छनोट गर्ने निर्णय भएको हुँदा सार्वजनिक खरिद ऐन २०६३ को दफा २७(२) अनुसार बोलपत्र स्वीकृत गर्ने आशयको सूचना सम्बन्धित सबै बोलपत्रदाताहरुको जानकारीको लागि प्रकाशित गरिएको छ।

तपसिल

सि. नं.	ठेक्का नं.	कामको विवरण	स्वीकृत हुने बोलपत्र दाताको नाम	कबोल अंक (मु.अ.कर र पि.एस. बाहेक)	कैफियत
१	NCB/BRM/ WORKS/ O1/080/081	Construction of administrative building boundary wall retaining wall and slab-culvert	श्री भट्टेदेवी निर्माण सेवा, राम्चे, सिन्धुपाल्चोक	४२२८३१०/५६ (अक्षरेपी : बयालीस लाख अठ्ठाइस हजार तीन सय दस र पैसा छपन्न मात्र)	
२	NCB/BRM/ WORKS/ 05/080/081	Tatopani-Bhairavkunda road upgrading & maintenance	श्री कर्णश्री कन्स्ट्रक्सन एन्ड सप्लायर्स प्रा.लि., त्रिपुरासुन्दरी, सिन्धुपाल्चोक	९८८०७७४।- (अक्षरेपी : अन्ठानब्बे लाख असी हजार सात सय चौहत्तर मात्र)	
३	NCB/BRM/ WORKS/ 06/080/081	Daklang-Dharapani - Gumba road upgrading & maintenance	श्री गोकर्णेश्वर बाबा कन्स्ट्रक्सन एन्ड सप्लायर्स प्रा.लि., काठमाडौं	४५७१४९७।- (अक्षरेपी : पैतालीस लाख एकहत्तर हजार चार सय सन्तानब्बे मात्र)	

प्रमुख प्रकाशकीय अधिकृत

नयाँ प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित। **कार्यकारी निर्देशक** : सुशील थापा। **अध्यक्ष, प्रबन्ध निर्देशक तथा प्रधानसम्पादक** : कृष्णज्वाला देवकोटा। **कार्यालय** : स्टारमल, पुतलीसडक, काठमाडौं, फोन नं. ४०१२५६६/६६६ फ्याक्स नं ४०१२५६९, E-mail: letter@nayapatrikadaily.com